# बार्षिक प्रतिवेदन

# २०७४/७५

नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

# भूमिका

आर्थिक वर्ष २०७४/०७५ को राजस्व नीतिका उद्देश्यमध्ये राजस्व परिचालनमा दीगो वृद्धिदर हासिल गरी संघीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ । राजस्व संकलनको वैकल्पिक कार्य योजना कार्यान्वयन, कर प्रशासनको चुस्त तथा करदातामैत्री सेवा प्रवाह, कार्य फछ्र्यौटमा शीघ्रता, कर संकलन गर्न सकिने नयां क्षेत्रको पहिचान गरी विभागले कार्य सम्पादन गरेकोले तोकिएको राजस्व संकलन तथा कार्यमूलक लक्ष्यहरु पूरा गर्न सक्षम भएको छ । आ.व. २०७४/०७५ मा सम्पादन गरिएका कार्यहरुको समिक्षा गरिएको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउंदा मलाई खुसी लागेको छ । विभागका चार वटा महाशाखा अन्तर्गत रहेका विभिन्न शाखाहरुले सम्पादन गरेका मुख्य मुख्य कार्यहरु तथा मातहत कार्यालयहरुले सम्पादन गरेका कार्यमूलक परिसुचकको लक्ष्य तथा प्रगति र राजस्व संकलनको लक्ष्य तथा प्रगतिलाई समेटेर प्रस्तुत प्रतिवेदन तयार भएको छ ।

आन्तरिक राजस्व विभागले अन्तर्राष्ट्रिय स्तरमा प्रतिपादन एवं अवलम्वन गरिएका कर सम्बन्धी नयाँ सिद्धान्तलाई सूक्ष्म रुपमा अध्ययन, विश्लेषण गरी कर कानूनमा समसामयिक सुधार गर्न सूचना प्रविधिको प्रयोग र करदाता शिक्षामा जोड दिंदै करदातामैत्री कर प्रशासनको माध्यमबाट आन्तरिक राजस्व परिचालन बढाउनेतर्फ विभागले कार्य गर्दै आएको छ । आर्थिक वर्ष २०७४/७५ मा आन्तरिक राजस्व विभागको राजस्व संकलनको लक्ष्य रु २ खर्व ९९ अर्व ९१ करोड रहेकोमा रु २ खर्व ९८ अर्व ६५ करोड राजस्व संकलन भएको छ । शीर्षकगत राजस्व संकलनको अवस्थालाई हेर्दा मू.अ.कर, अन्तःशुल्क र व्याजकरको संकलन वार्षिक लक्ष्यभन्दा बढी भएको छ भने अन्य शीर्षकहरुमा राजस्व लक्ष्यभन्दा केही कम संकलन भएको छ । आर्थिक वर्षको वीचमा वहालकर स्थानीय तहले संकलन गर्ने व्यवस्थाले पनि संकलनमा कमी हुन गएको हो । यद्यपि समग्र राजस्व असुली हेर्दा गत वर्षभन्दा करिव १६ प्रतिशत वढी राजस्व असुली भएको अवस्था छ । आगामी दिनमा कूल राजस्वमा आन्तरिक राजस्वको योगदान बढाई कर प्रणालीलाई सवल र प्रभावकारी बनाउन विभागले करदाता शिक्षालाई अभियानको रुपमा संचालन गर्ने, बजार अनुगमनलाई प्रभावकारी र नतिजामुखी बनाउने, सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याउने, प्रदर्शन प्रभावी अनुसन्धान र कर परीक्षणमा जोड दिने, मानव स्रोतको ज्ञान, क्षमता, सीप विकास गर्न सघन रुपमा तालिम संचालन गर्ने रणनीति तय गरेको छ । विभागले करदाताको स्वेच्छिक कर सहभागिताको माध्यमवाट राजस्व संकलनको लक्ष्य हासिल गर्ने गरी आफ्ना गतिविधि केन्द्रित गर्नेछ । यसका लागि विभागले बार्षिक व्यवसायिक कार्ययोजना स्वीकृत गरी विभाग र अन्तर्गतका कार्यालयहरुले कार्यान्वयनमा ल्याइसकेका छन् ।कर सहभागिता अभिवृद्धि गर्नका लागि करदाता सेवा, शिक्षा, सूचना सम्प्रेषणका क्रियाकलाप बढी भन्दा बढी संञ्चालन गरिनेछन् ।

विभागको कार्यगत तथा राजस्व संकलनको लक्ष्य प्राप्ति तथा कर प्रणालीको सुदृढीकरणका सन्दर्भमा अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, कर परिवारका सदस्यहरुको मिहिनेत र क्रियाशिलता एवं करदाता लगायत सरोकारवाला विभिन्न सरकारी, निजी, गैर सरकारी निकाय, संघ संस्था, व्यक्ति तथा विदेशी दातृ निकायहरुबाट भएको सहयोगका लागि कृतज्ञता प्रकट गर्न चाहन्छु । यो वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने विभागका उपमहानिर्देशक श्री यज्ञ प्रसाद ढुंगेल, विभागका तत्कालिन निर्देशक श्री नारायण प्रसाद भण्डारी र शाखा अधिकृत श्री शिवहरी न्यौपाने लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । अन्तमा, प्रतिवेदनमा देखिएका कमी कमजोरी सुधार गर्दै आगामी दिनमा यसलाई अझ बढी गुणस्तरयुक्त बनाउन सवै पक्षबाट उचित पृष्ठपोषणको अपेक्षा गरेको छु ।

२०७५ मसिर १

विष्णुप्रसाद नेपाल
महानिर्देशक

# विषय सूची


कार्यकारी सारांश १

१. सामान्य जानकारी ७

१.१ परिचय ७

१.२ विभागको सोच, गन्तव्य, लक्ष्य, रणनीति, मूल्य मान्यता र प्रतिबद्धता ९

१.३ आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन ११

१.४ विगतको कर प्रशासन सुधारको समीक्षा १२

१.५ आन्तरिक राजस्व विभागको प्रतिवद्धता पत्र, २०७५ २१

२. आर्थिक वर्ष २०७४।७५ को समष्टिगत उपलब्धी २५

२.१ कूल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात २६

२.२ कूल गार्हस्थ्य उत्पादनसँग मूल्य अभिबृद्धि कर, आयकर र अन्तःशुल्क परिचालनको अवस्था २७

२.३ राजस्वको संरचनागत योगदान २८

२.४ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २८

२.५ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २९

२.६ पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाको समीक्षा ३०

२.७ शाखागत विश्लेषण ३०

२.७.१ करदाता सेवा शाखा ३०

२.७.२ कर परीक्षण व्यवस्थापन शाखा ३४

२.७.३ अनुसन्धान तथा विकास शाखा ३७

२.७.४ सूचना प्रविधि व्यवस्थापन महाशाखा ३९

२.७.५ योजना तथा मानव संशाधन विकास शाखा ४०

२.७.६ अनुगमन तथा मूल्यांकन शाखा ४१

२.७.७ वेरुजु शाखा ४३

२.७.८ अन्तःशुल्क शाखा ४५

२.७.९ अन्तराष्ट्रिय कर शाखा ४६

२.७.१० कर फिर्ता शाखा ४७

२.७.११ प्रशासकीय पुनरावलोकन शाखा ४९

२.७.१२ बक्यौता शाखा ५०

२.७.१३ कर परीक्षण पुनरावलोकन शाखा ५१

२.७.१४ नीति विश्लेषण शाखा ५२

२.७.१५ आर्थिक प्रशासन शाखा ५३

२.८ काठमाडौं घोषणापत्र २०७४ को प्रगति समिक्षा ५५

३. आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण ५९

३.१ कुल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंश ६०

३.२ विगत आठ वर्षको राजस्व संकलनको अवस्था ६१

३.३ मूल्य अभिवृद्धि कर आन्तरिक र पैठारी संकलन अनुपात ६२

३.४ शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ) ६३

३.५ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था ६४

३.६ शीर्षकगत आयकर संकलनको संरचना ६५

३.७ आ.व. २०७४/०७५ को आयकर संकलनको संरचनागत अवस्था ६६

३.८ अन्तःशुल्कको संरचनात्मक अवस्था ६७

३.९ आ.व. २०७४/७५को अन्तःशुल्क तर्फको संकलन संरचना ६८

३.१० आ.व. २०७४/७५ को राजस्व संकलनको कार्यालयगत अवस्था ६९

३.११ उपत्यका भित्रका करदाता सेवा कार्यालय (हाल आन्तरिक राजस्व कार्यालय)को राजस्व संकलनको अवस्था ७२

३.१२ सामाजिक सुरक्षा कर ७३

३.१३ उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयहरुको राजस्वमा योगदान ७४

३,१४ उपत्यका भित्रका ठूला करदाता, आन्तरिक राजस्व कार्यालयहरु र साविकका करदाता सेवा कार्यालयको राजस्वमायोगदान ७५

३.१५ उपत्यकाभित्रका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र साविकका करदाता सेवा कार्यालयको र उपत्यका वाहिरका आन्तरिक राजस्व कार्यालयहरुको राजस्व संकलन संरचना ७५

३.१६ आकस्मिक लाभकर ७६

३.१७ विभिन्न क्षेत्रको आयकरमा योगदान ७६

३.१८ पूँजीगत लाभकर ७७

# तालिकाहरुको सूची


तालिका १ कूल गार्हस्थ्य उत्पादनमा राजस्व परिचालनको अनुपात २६

तालिका २ कूल गार्हस्थ्य उत्पादनमा मू.अ.कर, आयकर र अन्तःशुल्कको अनुपात २७

तालिका ३ राजस्वको संरचनात्मक योगदान २८

तालिका ४ शीर्षक गत राजस्व संकलनको बनोट २८

तालिका ५ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २९

तालिका ६ कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २९

तालिका ७ मूल्य अभिवृद्धि करको विवरणको संरचनात्मक अवस्था ३३

तालिका ८ आ.व. २०७३/७४ को राजस्व लक्ष्य र प्रगति ५९

तालिका ९ आ.व. २०७२/७३ को शीर्षकगत राजस्व संकलन ६०

तालिका १० विगत ८ वर्षको राजस्व संकलनको अवस्था ६१

तालिका ११ मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारीको अवस्था ६२

तालिका १२ मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारी संकलन अनुपात ६३

तालिका १३ मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन ६४

तालिका १४ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था ६५

तालिका १५ आयकरको शीर्षकगत संकलन ६५

तालिका १६ आ.व. २०७३/७४ को आयकरको शीर्षकगत संकलन ६६

तालिका १७ अन्तः शुल्कको शीर्षकगत संकलन ६७

तालिका १८ आ.व. २०७३/७४ को अन्तःशुल्कको संकलन संरचना ६८

तालिका १९ ठूला करदाता कार्यालयको राजस्व लक्ष्य र संकलन ६९

तालिका २० कार्यालयगत राजस्व लक्ष्य र संकलन ७०

तालिका २१उपत्यकाभित्रका करदाता सेवा कार्यालयको राजस्व लक्ष्य र संकलन ७२

तालिका २२ सामाजिक सुरक्षा कर संकलन ७३

तालिका २३ उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालयको राजस्व संकलनमा योगदान ७४

तालिका २४ उपत्यका भित्रका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको राजस्वमा योगदान ७५

तालिका २५ उपत्यकाभित्रका कार्यालय र उपत्यका वाहिरका कार्यालयको राजस्व संकलनमा योगदान ७५

तालिका २६ आकस्मिक लाभकर ७६

तालिका २७ विभिन्न क्षेत्रको आयकरमा योगदान ७७

तालिका २८ पूंजीगत लाभकर ७८

## चित्रहरूको सूची


| | |
|---|---|
| चित्र १कूल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात | २६ |
| चित्र २ कूल गार्हस्थ्य उत्पादनसँग मू.अ. कर आयकर र अन्तःशुल्क कर राजस्व परिचालनको अवस्था | २७ |
| चित्र ३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २९ |
| चित्र ४ कुल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | ३० |
| चित्र ५ आन्तरिक राजस्वको समष्टिगत विश्लेषण | ६० |
| चित्र ६आ.व. २०७४/७५ को शीर्षकगत राजस्व योगदान | ६१ |
| चित्र ७विगत आठ वर्षको राजस्व संकलन | ६१ |
| चित्र ८ शीर्षकगत मू.अ.कर संकलनको प्रगति विश्लेषण | ६४ |
| चित्र ९ मूल्यअभिवृद्धि करको संरचनात्मक अवस्था | ६५ |
| चित्र १० शीर्षकगत आयकर संकलन | ६६ |
| चित्र ११ आ.व. २०७३/७४ मा आयकरको क्षेत्रगत राजस्व संकलन | ६६ |
| चित्र १२ अन्तःशुल्कतर्फको राजस्व संकलन प्रवृत्ति | ६८ |
| चित्र १३ आ.व. २०७३/७४ मा अन्तःशुल्क संकलन संरचना | ६८ |
| चित्र १४ ठूला करदाता कार्यालयको लक्ष्य र संकलन | ६९ |
| चित्र १५ आ.व. २०७३/७४ को राजस्व संकलनको कार्यालयगत अवस्था | ७१ |
| चित्र १६ उपत्यका भित्रका करदाता सेवा कार्यालयको राजस्व संकलनको अवस्था | ७३ |
| चित्र १७ सामाजिक सुरक्षा कर | ७४ |
| चित्र १८ उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयहरुको राजस्वमा योगदान | ७४ |
| चित्र १९ उपत्यकाभित्रका र उपत्यका बाहिरका कार्यालयको राजस्व संकलनमा योगदान | ७५ |
| चित्र २० आकस्मिक लाभकर | ७६ |
| चित्र २१ विभिन्न क्षेत्रको आयकरमा योगदानको प्रवृत्ति | ७८ |
| चित्र २२ पूंजीगत लाभकर | ७९ |

## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची १ | आयकर, मूल्य अभिवृद्धि कर, व्यक्तिगत स्थायी लेखा नं. दर्ताको अवस्था | ७९ |
| अनुसूची २ | आ.व. २०७३/७४ सम्म मूल्य अभिवृद्धि कर दर्ताको अवस्था | ८१ |
| अनुसूची ३ | आ.व. २०७३/७४ मा आयकर दर्ता | ८३ |
| अनुसूची ४ | आ.व. २०७३/७४ को संकलन उपलब्धि | ८५ |
| अनुसूची ५ | आन्तरिक राजस्व विभाग मातहत कार्यालयहरुको संगठनात्मक तालिका | ८७ |
| अनुसूची ६ | विभाग अन्तर्गतका कार्यालयहरुको टेलिफोन फयाक्स | ८८ |

# संकेत सूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.रा.वि. | आन्तरिक राजस्व विभाग |
| आ.रा.का. | आन्तरिक राजस्व कार्यालय |
| उ.म.न.पा. | उपमहानगरपालिका |
| क.से.का. | करदाता सेवा कार्यालय |
| का.म.पा. | काठमाण्डौं महानगरपालिका |
| गा.पा | गाऊँपालिका |
| चा.ए. | चार्टर्ड एकाउण्टेण्ट |
| ठू.क.का. | ठूला करदाता कार्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| म.ले.नि.का. | महालेखा नियन्त्रक कार्यालय |
| मू.अ.कर | मूल्य अभिवृद्धि कर |
| रा.प.प्र. | राजपत्रांकित प्रथम श्रेणी |
| रा.प.द्वि. | राजपत्रांकित द्वितीय श्रेणी |
| रा.प.तृ. | राजपत्रांकित तृतीय श्रेणी |
| रा.प.अ. | राजपत्र अनंकित |
| रु. | रूपैयाँ |
| शा.अ. | शाखा अधिकृत |
| AA | Amended Assessment |
| ABBS | Any Branch Banking System |
| ASYCUDA | Automated System for Customs Data and Management |
| DTAA | Double Taxation Avoidance Agreement |
| EASy | Excise Automation System |
| ECR | Electronic Cash Register |
| EIMS | e-Internal Monitoring System |
| e-PAN | electronic- Permanent Account Number |
| e-TDS | electronic- Tax Deducted at Source |
| FY | Fiscal Year |
| GDP | Gross Domestic Product |
| GIZ | German Institute for International Co-operation |
| IT | Income Tax |
| MA | Management Assessment |
| NF | Non - Filer |
| OECD | Orgnization for Economic Cooperation and Development |
| PAN | Permant Account Number |
| PDCR | Posted Data Change Request |
| RAS | Revenue Accounting System |
| RD | Return Detail |
| SMS | Short Massage Service |
| TPS | Taxpayer Service |
| VAT | Value Added Tax |

# कार्यकारी सारांश

नेपालमा कर प्रणाली व्यवस्थित गर्ने प्रयासको थालनी भएको छ दशक भइसकेको छ भने स्वयंकर निर्धारणको सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीको प्रारम्भ भएको करिव दुई दशक भन्दा बढी भइसकेको छ । मुलुकमा समृद्धि र सुशासन कायम गर्ने उद्देश्यले कर प्रणालीमा समयानुकूल सुधार ल्याई कर प्रणालीमा विभिन्न नीतिगत, प्रकृयागत, संरचनागत र व्यवस्थापकीय एवं व्यवहारगत सुधारका प्रयासहरु गरिदै आइएको छ । सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना पुरा गर्न आन्तरिक स्रोतको अधिकतम परिचालन गर्न, विश्वव्यापीकरणको बढ्दो लहर तथा प्रभावले ल्याएका चुनौतीहरु सामना गर्न सक्ने गरी कर क्षमता विकास र विस्तार गर्नुपर्ने आवश्यकता छ ।

साविकको कर विभाग र मूल्य अभिबृद्धि कर विभागलाई एकीकृत गरी २०५८ साल बैशाख २ गते आन्तरिक राजस्व विभागको गठन भएको हो । कानुनी पूर्वाधारका रुपमा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८ र ती ऐन अन्तर्गत नियमावली कार्यान्वयनमा रहेका छन् । आन्तरिक राजस्व विभाग अन्तर्गत हाल ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ३८ र करदाता सेवा कार्यालय १९ गरी जम्मा ५९ वटा कार्यालयबाट आन्तरिक राजस्वको प्रशासन भइरहेको छ ।

निष्पक्ष, सुवोध्य र विश्वव्यापी तुलनायोग्य करनीति तर्जुमा, स्वयंघोषणामा आधारित करप्रणाली, कार्य विशिष्टीकरणमा आधारित संगठनात्मक व्यवस्था, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदातासेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण, सूचना, प्रमाण र अन्वेषणमा आधारित कर चुहावट तथा अनुसन्धान, जोखिम सूचकांकमा आधारित कर लेखापरीक्षण, कारोवारमा आधारित करदाताको वर्गीकरण, पेशागत दक्षतामा आधारित करप्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन प्रणालीको अवलम्वन गर्ने आन्तरिक राजस्व विभागका प्रमुख मान्यताहरु रहेका छन् । साथै विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हित अनुकूल बनाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको कराधार वृद्धि र संरक्षण गर्ने गरी कर प्रणालीमा सुधार सहित कर प्रशासन सञ्चालन गर्ने उद्देश्य लिइएको छ ।

आ.व २०७४/०७५ मा भएका मूख्य मूख्य प्रगतिलाई सक्षिप्तमा देहायनुसार उल्लेख गरिएको छः

- आर्थिक वर्ष २०७४/०७५ मा आन्तरिक राजस्व विभागको राजस्वको लक्ष्य २ खर्व ९९ अर्ब ९१ करोड ३७ लाख ४५ हजार रहेकोमा असुली २ खर्व ९८ अर्ब ६५ करोड २३ लाख २५ हजार भई लक्ष्यको तुलनामा ९९.५८ प्रतिशत प्रगति भएको छ । असुली वृद्धिदर आर्थिक वर्ष २०७३।७४ को तुलनामा १६ प्रतिशत रहेको छ ।

- **मूल्य अभिवृद्धि करः** रु २ खर्ब १५ अर्ब ९६ करोड लक्ष्य भएकोमा रु २ खर्ब ०६ अर्ब ७८ करोड संकलन भएको छ । सो मध्ये पैठारीतर्फ १ खर्ब ४२ अर्ब ११ करोड लक्ष्य रहेकोमा रु १ खर्ब ३६ अर्ब ४४ करोड संकलन भएकोमा मूल्य अभिवृद्धि कर फिर्ता रु ५ अर्ब ८८ करोड भइ बाँकी रु १ खर्ब ३० अर्ब ५६ करोड र आन्तरिक तर्फ ७३ अर्ब ८५ करोड लक्ष्य रहेकोमा रु ७६ अर्ब २१ करोड असुल भएको छ । आन्तरिक तर्फ लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको छ।

- **आयकरः** रु १ खर्ब ७६ अर्ब १९ करोड लक्ष्य रहेकोमा रु १ खर्ब ५९ अर्ब ८९ करोड संकलन भइ लक्ष्यको तुलनामा ९५.६३ प्रतिशत प्रगति भएको छ ।

- **अन्तःशुल्कः** रु १ खर्ब २ अर्ब ८८ करोड लक्ष्य रहेकोमा रु १ खर्ब २ अर्ब ५५ करोड संकलन भएको छ । अन्तःशुल्कको पैठारी तर्फ ४६ अर्ब २८ करोड लक्ष्य रहेकोमा ४२ अर्ब ७ करोड र आन्तरिक तर्फ रु ५६ अर्व ६० करोड लक्ष्य रहेकोमा रु. ६० अर्ब ४७ करोड असुली भएको छ। आन्तरिक तर्फ लक्ष्यको तुलनामा १०७ प्रतिशत प्रगति भएको देखिन्छ ।

- करदाताका कर तथा आय विवरण सम्बन्धी तथ्यांकहरू प्रशोधन गरी सूचना प्रणालीमा भण्डारण गर्ने, प्रशोधित हुन नसकेका विवरण र राजस्व जोखिम रहेका करदाता एवं विवरणको पहिचान गरी कर परीक्षण तथा अनुसन्धानको लागि करदाताको सूची तयार गर्ने कार्यसम्पादन गरिएका छन् । कर प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि करदाता र जनतासँग अन्तर्क्रिया गर्ने र करदाताका सूचनाको दिगो व्यवस्थापन गर्ने कार्य समेत सम्पन्न भएका छन् ।

- आ.व. २०७३/०७४ मा मू.अ.करमा ३० प्रतिशत Non filer छ र आयकर तर्फ ४४ प्रतिशत Non-filer रहेको छ ।

- आर्थिक वर्ष २०७४/०७५ मा आन्तरिक राजस्व विभागले आफू मातहतका कर्मचारीहरुलाई स्वदेश तथा विदेशको विभिन्न तालिमहरु प्रदान गरेको छ । जसबाट २०० भन्दा बढी कर्मचारीहरु लाभाम्वित भएका छन् ।

- OECD तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरुद्वारा करसग सम्बन्धित विभिन्न तालिम कार्यक्रमहरु अष्ट्रिया, टर्की, चीन, कोरिया, हंगेरी र भारत लगायतका देशहरुमा सञ्चालित विभाग तथा अन्तर्गतका अधिकृतहरुले तालिम प्राप्त गरेका छन् ।

- आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयको जम्मा ४० अर्ब ६० करोड ६५ लाख ३३ हजार राजस्व, विनियोजन र धरौटी तर्फको कूल बेरुजु रहेकोमा यस आर्थिक वर्षमा १५ अर्ब ५२ करोड ५८ लाख ९६ हजार बेरुजु फछ्यौंट भएको छ । उक्त बेरुजु फछ्यौंट कूल बेरुजुको ३८.२ प्रतिशत हुन आउँछ ।

- आ.व. २०७४/०७५ मा मू.अ.कर तर्फ रू. ८ अर्ब ६७ करोड ६० लाख र आयकर तर्फ ७ अर्ब २४ करोड २० लाख गरी कुल जम्मा १५ अर्ब ९१ करोड ८० लाख बक्यौता घट्न गएको छ ।

- आर्थिक वर्ष २०७४/७५ मा जम्मा १९६०७१ स्थायी लेखा नम्बर प्रदान गरिएकोमा व्यवसायिक स्थायी लेखा नम्वर (B-PAN) 116097 प्रदान गरी यस आर्थिक वर्षसम्म जम्मा १०३६२४६ करदाताले व्यवसायिक स्थायी लेखा नम्वर प्राप्त गरेका छन् भने आर्थिक वर्ष २०७४/७५ मा व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN) ७९९०३ प्रदान गरी यस आ.व सम्ममा जम्मा ७६६१९१ करदाताले व्यक्तिगत स्थायी लेखा नम्वर प्राप्त गरेका छन् ।

- आर्थिक वर्ष २०७४/७५ मा मू.अ.करतर्फ २०९३९ करदाता दर्ता गरी यस आर्थिक वर्षसम्म २०३९२८ करदाताहरु मू.अ.करमा दर्ता भएका छन् ।

- आर्थिक वर्ष २०७४/७५ मा अन्तःशुल्कतर्फ ५९१४७ करदातालाई अन्तःशुल्क इजाजतपत्र प्रदान तथा नवीकरण गरिएको छ ।

- आ.व. २०७४/७५ मा ८३३ करदाताको पूर्ण कर परीक्षण सम्पन्न भएको छ । यसबाट आयकरतर्फ रु. १८ अर्व ०९ करोड, मू.अ.करतर्फ १ अर्व ३८ करोड र अन्तःशुल्कतर्फ ४३ लाख कर निर्धारण हुनुका साथै रु १२ अर्व २२ करोड नोक्सानी घटेको देखिन्छ ।

# भाग– १

# सामान्य जानकारी

# १. सामान्य जानकारी

## १.१ परिचय

मूलुकको वित्त नीतिको प्रमुख उपकरण कर राजस्व अन्तर्गत आन्तरिक राजस्व परिचालनको महत्वपूर्ण स्थान रहन्छ । उक्त आन्तरिक राजस्व परिचालनमा सक्षमता र प्रभावकारीता ल्याउने उद्देश्यले २०५८ साल वैशाख २ गते साविकको राजस्व प्रशासनलाई पुनसंरचना गरी आन्तरिक राजस्व विभागको गठन भएको हो । यस विभागले मूलतः आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको प्रशासन गर्दै आएको छ । यस विभाग अन्तर्गत देशभर १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ३८ आन्तरिक राजस्व कार्यालय र १९ वटा करदाता सेवा कार्यालयहरु संचालित छन् । आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरु कार्यमूलक संगठन संरचनामा आधारित छन् ।

वर्तमान विश्व अर्थतन्त्रको संरचना आर्थिक अन्तर्निर्भरतामा आधारित छ । पूँजी, प्रविधि र श्रमको बढ्दो प्रवाहले विश्वव्यापीकरणका चुनौती बढिरहेका छन । यस परिप्रेक्ष्यमा मुलुकको कराधारको संरक्षण गर्न र राजस्वमा दीगो वृद्धि ल्याउन कर प्रणालीमा नीतिगत र संरचनागत सुधारका प्रयास शुरु भए ।

नेपालमा २०५८ सालमा आयकरको आधुनिक कानुनी संरचना र प्रणाली स्थापना भएको हो । आयकर प्रणालीलाई विश्वव्यापी रुपमा प्रतिस्पर्धी र तुलनायोग्य बनाउन, कराधारलाई फराकिलो र दीगो बनाउन विगतका असल अभ्यास र कानुनी प्रबन्धलाई व्यवस्थित गर्दै २०५८ साल चैत्र १८ गते आयकर ऐनको लागू गरिएको थियो । यस ऐनले आय आर्जन गर्ने जुनसुकै व्यक्ति वा निकायलाई पनि करको दायरमा ल्याउने, व्यवसाय, रोजगारी र लगानीका क्षेत्रमा करारोपण गर्ने तथा स्वयं कर निर्धारण प्रणालीमा आधारित कर लगाउने कानुनी व्यवस्था गरेको छ । आयकरतर्फ आधुनिक संरचना र प्रणाली स्थापित गरी हालसम्म ई-फाइलिंग, ई-टिडिएस, इ-पान र इ-पेमेन्ट सम्मका सुधार गर्दै डिजिटल प्रणालीमा आधारित बनाउने कार्य अगाडि बढेका छन् ।

वस्तु तथा सेवामा लाग्ने विभिन्न करहरु जस्तैः बिक्री कर, होटल कर, ठेक्का कर र मनोरञ्जन करलाई प्रतिस्थापन गर्दै लेखामा आधारित अत्याधुनिक, लचिलो र पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर लागू भएको दुई दशक पूरा भैसकेको छ । यो कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ जारी भई २०५४ साल मार्ग १ गतेदेखि कार्यान्वयनमा आएको हो । यसको कार्यान्वयन पश्चात नेपालमा आन्तरिक राजस्वको दायरा फराकिलो भएको छ । कर संरचनामा उल्लेखनीय वृद्धि भएको छ । बजारमा बिलबीजक जारी गर्ने प्रवृत्तिमा अझै सुधारको अपेक्षा गरिएतापनि कारोवारको पारदर्शिता र लेखांकनमा सुधार देखिन थालेको छ । कर र करारोपणको आधारशीला र राजस्वको प्रमुख स्रोतका रुपमा मूल्य अभिवृद्धि कर रहेको छ ।

त्यसैगरी, मदभट्टी र ठेक्कामा आधारित थोक करका रुपमा रहेको अन्तःशुल्क समेत आन्तरिक राजस्व विभागको नियमनमा भौतिक नियन्त्रण प्रणाली तथा स्वयम् निष्कासन प्रणालीमा आधारित भई प्रशासन हुँदै आएको छ । एकातर्फ स्वास्थ्य , वातावरण र सामाजिक रुपमा असर पार्ने निश्चित प्रकृतिका वस्तुमा उच्च अन्तःशुल्कको

दर लगाई नियन्त्रण गर्ने नीति रहेको छ भने अर्कोतर्फ नेपाल विश्व व्यापार संगठनको सदस्य भएपश्चात भन्सारको प्रतिस्थापनको रुपमा प्रमुख राजस्वको स्रोतका रुपमा यसको दायरा बढाउँदै लगिएको अवस्था छ। अन्तःशुल्क समेत आन्तरिक राजस्व परिचालनको महत्वपूर्ण हिस्सा बनेको छ । अन्तःशुल्कलाई आधुनिक र व्यवहारिक बनाउन पुरानो ऐनलाई परिमार्जन र प्रतिस्थापन गरी २०५८ सालमा अन्तःशुल्क ऐन जारी भयो। हाल कार्यमूलक व्यवस्था अनुसार यसको प्रशासन हुँदै आएको छ ।

आन्तरिक राजस्व प्रणाली सुधार गरिएका विभिन्न प्रयासका वावजुद अझै पनि आय आर्जन गर्ने थुप्रै व्यक्तिहरुलाई करको दायरामा ल्याउन थप प्रयास जरुरी छ । करदाताहरुलाई आफ्नो कर निर्धारण सही ढंगले गर्न सक्ने गरी सशक्तिकरण गर्ने र कर तिर्नु नागरिकको कर्तव्य हो भन्ने धारणा जगाई उत्प्रेरित गर्ने वातावरण र व्यवस्थापकीय दक्षताको विकास गर्नुपर्ने आवश्यकता देखिएको छ । कार्यालयको कार्य संरचना र कार्य प्रणालीलाई कार्यमैत्री र करदातामैत्री बनाउन थालिएको छ । यद्यपि थप सुधार र विकासका लागि अझ योजनावद्ध रुपमा कार्य गर्न आवश्यक छ । करदातालाई सुलभ, सहज र स्तरीय सेवा तत्काल प्रदान गर्न विकास र विस्तार गरिएको विद्युतीय प्रणालीको भरपर्दो, विश्वसनीय र सुरक्षित सेवाको सुनिश्चितताको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ । कर प्रशासन र करदाता बीचको प्रत्यक्ष सम्पर्क घटाउन र करसहभागिता लागत तथा समय न्यूनीकरण गर्न विद्युतीय प्रणालीको प्रयोगमा विभाग अग्रस्थानमा छ । तथापि यसको दिगोपना र विश्वसनीयता बढाउन नव प्रवर्तनसहितको थप सुधार गर्दै जानु पर्ने देखिन्छ । विद्युतीय कर प्रशासनको उपयोग र विस्तार सँगसँगै यसको संरक्षणमा थप ध्यान केन्द्रीत गर्नुपर्ने आवश्यकता पनि छ ।

कर तिर्नु नागरिकको कर्तव्य हो भने कर सम्बन्धी सूचना र जानकारी जनस्तरमा पुर्याउनु कर प्रशासनको दायित्व हो । कर तिरी सभ्य नागरिकको परिचय दिन र समृद्ध नेपाल बनाउन आम करदाता र नागरिकमा जागरण बढाउनुपर्दछ । कर नीतितर्जुमा गर्दा समानता, स्वच्छता, तटस्थता, सरलता, निश्चितता, कर भुक्तानीमा सहजता ल्याउन समय सापेक्ष सुधार सहितको कानुन, प्रक्रिया र विधिलाई आत्मसात गरिएको हुन्छ । सरकारले आदर्श कर प्रणालीलाई अवलम्बन गर्दै करदाता र आम नागरिकको स्वैच्छिक सहभागिता बढाउने, करारोपणमा न्यूनतम करको अन्तराल ल्याउने, कर संकलन लागतमा कमी गर्न, अर्थतन्त्रको दक्षता बढाउन सघाउने र यसरी संकलन गरिएको राजस्वको उपयोग जनताको हितमा खर्च गर्ने गरी कार्य गर्नुपर्दछ । त्यसैगरी, आफूले तिरेको करको सदुपयोग भयो भएन निगरानी गरौं भन्ने धारणा करदातामा जागृत गराउन सकेमा मुलुकको वित्त संरचनालाई अनुकूल बनाउदै समष्टिगत आर्थिक स्थायित्व कायम गराउने दिशामा नेपालको कर प्रणाली सफल भएको मान्न सकिन्छ । हामीले तिरेको कर समृद्ध नेपाल निर्माणको लागि हो । सरल, सहज र उत्कृष्ट सेवाबाट सन्तुष्ट र सुखी नागरिक हुन अन्ततः आन्तरिक स्रोतका रुपमा रहेको करकै भर पर्नुपर्ने यथार्थलाई सबै सर्वसाधारणमा पुर्याउन लागी पर्नुपर्दछ । संघीय नेपाललाई विकसित समृद्ध र न्यायपूर्ण बनाउनका लागि आन्तरिक स्रोतको आवश्यकता र करको महत्व जनजन र घरघरसम्म पुर्याउन सकेमा करको स्वैच्छिक सहभागिताद्धारा समृद्ध देश निर्माणमा सहयोग पुग्नेछ

## १.२ विभागको सोच, गन्तव्य, लक्ष्य, रणनीति, मूल्य मान्यता र प्रतिबद्धता

### क) सोच (Vision)

- फराकिलो, पारदर्शी र स्वच्छ कर प्रणालीको माध्यमबाट विकास प्रकृयामा टेवा पुग्ने गरी सक्षम संस्थाको रुपमा स्थापित हुने ।

### ख) गन्तव्य (Mission)

- उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर सहभागिता सुनिश्चित गर्ने ।

### ग) समग्र उद्देश्य (Overall Objective)

- समतामूलक, प्रगतिशिल, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने ।

### घ) कार्यादेश (Mandates)

- कर प्रशासन तथा सुधार
- कर नीति तर्जुमा र कार्यान्वयन
- करदाता सेवा र शिक्षा
- अनुसन्धान र विकास
- सूचना प्रविधि व्यवस्थापन

### ङ) मुल्य मान्यता (Values)

- सदाचार
- व्यवसायिकता
- स्वच्छता
- सम्मान
- सहकार्य
- नवप्रवर्तन

### विभागको कार्यप्रणाली सुधारको प्रतिबद्धता

समृद्ध नेपाल निर्माणका लागि करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर तर्जुमा गरिएको राजस्व नीतिका उद्देश्य पूरा गर्न स्वच्छता, समानता, तटस्थता र पारदर्शिता कायम

गरी कर प्रशासन र करदाताबीच आपसी विश्वासको वातावरणमा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर कानूनको परिपालनामा जोड दिने, सरल सहज र सुलभ करदाता सेवाद्धारा बढी भन्दा बढी कर संकलन गरी आन्तरिक राजस्व परिचालनमा महत्वपूर्ण योगदान दिने यस विभागको प्रतिवद्धता छ । समृद्ध नेपाल र सुखी नेपालीका लागि एकमात्र भरपर्दो साधन कर हो । यस अवधारणालाई आत्मसात गर्दै उत्कृष्ट सेवा प्रवाहद्धारा प्रविधिमैत्री, लगानीमैत्री र करदातामैत्री कर प्रणालीको कार्यान्वयन गर्दै सशक्त, व्यावसायिक र दक्ष कर प्रशासनको परिचय दिन विभाग कटिबद्ध छ ।

**जनतालाई सम्मान र सेवाः सुशासनलाई टेवा**

करदातासँग गरिने व्यवहार नम्र, शिष्ट र शालीन हुनेछ । कर प्रशासनमा करदाता मैत्री व्यवस्थापकीय पद्दतिलाई प्राथमिकता दिइनेछ ।

**कर सहभागितामा प्रवर्द्धनात्मकता**

हाम्रा दक्ष सेवा प्रदायकबाट करदातालाई यथार्थ र सही कर सहभागिता गर्नका लागि शिक्षा र सेवा दिईनेछ।

**विभागको कार्य प्रणाली सुधारको प्रतिबद्धता**

करदातालाई कर सम्बन्धी आधारभूत जानकारी दिने कर कानूनहरूको कार्यान्वयन गर्नका लागि करदाताले बुझ्न सक्ने गरी कर सम्बन्धी सरल कार्यविधि र निर्देशिका बनाई त्यसको जानकारी करदाता शिक्षाको माध्यमबाट उपलव्ध गराई करदातालाई कर सम्बन्धी पर्याप्त सूचना प्रवाह गरी सचेत बनाइने छ ।

**सुविधायुक्त कर संरचना**

करदाताको नजिक र शीघ्र सेवा प्रदान गर्ने अभिप्रायले विद्युतीय माध्यमबाट सेवा दिन कर सेवा प्रदायक सधै तत्पर रहनेछ । यसबाट करदाताको कर सहभागिता लागत र समय घट्नेछ । तसर्थ, तपसिलमा उल्लिखित सेवा यथासमयमै प्रदान गर्न आन्तरिक राजस्व विभाग सदैव प्रतिबद्ध छः

- करदाताको अधिकांश लिखित जिज्ञासाहरूको जानकारी १५ दिन भित्र दिइने,
- विभागको कल सेन्टरमा टोल फ्री नम्बरमा फोन गरेमा कर सम्बन्धी जिज्ञासाको जवाफ तत्कालै पाइने,
- कर सम्बन्धी कुनै जिज्ञासा भएमा विभागको Web Site: www.ird.gov.np बाट तत्कालै जानकारी लिन सकिने,
- विभागको Web Site बाटै विद्युतीय माध्यमबाट कर विवरण दाखिला गर्न सकिने,
- करदाता दर्ताको जानकारी विभागको Web Site बाट तुरुन्त सुसूचित गराइने,

- आवश्यक कागजात सहित स्थायी लेखा नम्बर लिनका लागि आवेदन गरेमा सोही दिन उपलब्ध गराइने,
- आवश्यक कागजात सहित कर फिर्ताका लागि आवेदन गरेमा नियमित निकासी कर्ताको हकमा ३० दिनभित्र र अन्य सामान्य कर फिर्ताको हकमा निवेदन प्राप्त भएको ६० दिन भित्रमा निर्णय दिइने ।

**करदाताबाट अपेक्षा**

- स्थायी लेखा नम्वर लिई कारोवार गर्ने,
- मूल्य अभिवृद्धि करयोग्य कारोवार गर्नेले मूल्य अभिवृद्धि करमा दर्ता गरी कारोवार गर्ने,
- सामान खरिद गर्दा तथा विक्री गर्दा कर विजक लिने र दिने बानीको विकास गर्ने,
- अग्रिम कर कट्टि सम्बन्धी कर विबरण विद्युतीय माध्यमबाट प्रेषित गर्ने,
- आयकर तथा मूल्य अभिबृद्धि करका विबरणहरू म्याद भित्रै विद्युतीय माध्यमबाट बुझाउने,
- कर दाखिला तोकिएको समय भित्रै गर्ने,
- कर कानूनको परिपालना गर्ने,
- कर छलीका सूचनाहरू जिम्मेबार नागरिकको हैसियतबाट समयमा नै कर प्रशासनलाई उपलब्ध गराउने ।

## १.३ आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन

लगानीमैत्री, सुवोध्य, समतामूलक र निष्पक्ष कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, सूचना र तथ्यमा आधारित कर कानूनको कार्यान्वयन, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गर्ने ध्येयका साथ आन्तरिक राजस्व विभाग र यस मातहतका कार्यालयहरुको संगठनात्मक संरचना तयार गरिएको छ । संगठन संरचना पूर्णतया कार्यमूलक प्रणाली (Functional System) मा आधारित छ । विभागको संगठनात्मक संरचनामा रहेका ४ महाशाखाहरू निम्नानुसार छन्ः

**(क) सञ्चालन महाशाखा**

यस महाशाखा अन्तर्गत करदाता सेवा शाखा, कर परीक्षण व्यवस्थापन शाखा, सूचना संकलन, अनुसन्धान तथा जोखिम बिश्लेषण शाखा, अनुगमन तथा मूल्यांकन शाखा,कर संकलन शाखा, बक्यौता तथा बेरुजु शाखा र कर फिर्ता शाखा रहेका छन् ।

### (ख) नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय कर शाखा, नीति विश्लेषण शाखा, कर प्रणाली सुधार शाखा, कर परीक्षण पुनरावलोकन शाखा, योजना तथा मानव संसाधन विकास शाखा, कानून शाखा, सामान्य प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहेका छन् ।

### (ग) अन्तःशुल्क महाशाखा

यस महाशाखा अन्तर्गत अन्तशुल्क व्यवस्थापन शाखा र अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा रहेका छन् ।

### (घ) सूचना प्रविधि व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत व्यवस्थापन सूचना प्रणाली शाखा र सूचना प्रविधि शाखा रहेका छन् । यस महाशाखाले समग्र कर प्रणालीलाई विद्युतीय प्रविधिको सञ्जालमा आवद्ध गर्न र तदनरूप कार्य सञ्चालन गर्न मातहत कार्यालय एवं करदाताहरूलाई सहजीकरण गर्ने गर्दछ ।

त्यस्तै महानिर्देशकको प्रत्यक्ष निगरानीमा रहने गरी प्रशासकीय पुनरावलोकन शाखा रहेको छ । सबै महाशाखाहरूमा राजपत्राङ्कित प्रथम श्रेणीका उप महानिर्देशकले नेतृत्व गर्ने व्यवस्था रहेको छ भने शाखाको नेतृत्व राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव स्तरको निर्देशकले गर्ने व्यवस्था गरिएको छ । विभागमा राजपत्राङ्कितर्फ ७० र राजपत्र अनंङ्कितर्फ १८ गरी जम्मा ८८ जनाको स्थायी दरबन्दी कायम गरिएको छ। सो बाहेक विभागमा बरिष्ट चार्टर्ड एकाउन्टेन्ट, बरिष्ठ अर्थशास्त्री, अन्तराष्ट्रिय कर विज्ञ, अन्तर्राष्ट्रिय कानून विज्ञ, सिष्टम एडमिनिष्ट्रेटर, प्रणाली विश्लेषक, प्रोग्रामर, डाटाबेश एडमिनिष्ट्रेटर, हार्डवेयर तथा नेटवर्क टेक्निसियनलगायत कर सम्बन्धी विशेषज्ञ सेवा करारमा लिन सकिने व्यवस्था छ ।

विभाग अन्तर्गत ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ३८ व र करदाता सेवा कार्यालय १९ वटा गरी जम्मा ५९ वटा कार्यालयहरु रहेका छन् । ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिवस्तरको प्रमुख कर प्रशासक, अन्य सबै आन्तरिक राजस्व कार्यालयहरूमा राजपत्राङ्कित द्वितीय श्रेणीको उप सचिवस्तरका प्रमुख कर अधिकृत कार्यालय प्रमुख रहने व्यवस्था छ भने करदाता सेवा कार्यालयहरूमा राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृतस्तरको कर अधिकृत कार्यालय प्रमुख रहने व्यवस्था छ। विभाग र कार्यालयहरु समेत जम्मा स्थायी जनशक्ति ९८२ रहेकोमा सो मध्ये राजपत्राङ्कितर्फ ५६२ र राजपत्र अनंङ्कितर्फ ४२० रहेका छन् ।

## १.४ विगतको कर प्रशासन सुधारको समीक्षा

वि.सं. २००८ सालमा अर्थ मन्त्रालयको स्थापना भएपछि नेपालमा आधुनिक राजस्व प्रशासनको प्रारम्भ भयो। त्यसपूर्व केबल मालपोत र देशबाहिर गरिने व्यापारमा मात्र कर लगाइन्थ्यो । शुरुमा बिक्रीकर,

सम्पतिकर लगायतका स-साना कर लगाउने व्यवस्था भएतापनि २०१५।१६ मा आइपुग्दा आयात निर्यात कर, बन्द व्यापारमा बिक्रीकर र पारिश्रमिकमा लगाउने कर राजस्वका प्रमुख स्रोत थिए । यसै सिलसिलामा वि.सं. २०१५ मा अन्तःशुल्क ऐन, वि.सं. २०१६ को मनोरञ्जन कर ऐन, २०१७ को ज्याला पारिश्रमिक कर ऐन, २०१९ सालका आयकर ऐन तथा भन्सार ऐन, २०३१ सालको आयकर ऐन तथा मदिरा ऐन र २०३३ सालको बिक्रीकर ऐन जारी भई कर प्रशासनमा सुधारका मार्ग अघि बढ्दै आए । कर प्रणालीको सुधार कार्यले अनवरत रूपमा गतिशीलता लिने क्रममा सन् १९९० को दशकमा आर्थिक उदारीकरणसँगै मूल्य अभिवृद्धि कर ऐन, २०५२ जारी भयो । यसले साविकका चारवटा ऐनहरुलाई प्रतिस्थापन गरेको हो । २०५८ साल चैत्र १८ मा जारी भएको आयकर ऐन, २०५८ ले आधुनिक कर प्रणालीको मार्ग खुला गरेको पाइन्छ । समग्रमा, नेपालको कर प्रणालीको सुधारको समीक्षा गर्दा यसले मूलतः निम्न चरणहरू पार गरेको छ ।

### प्रथम पुस्ताको सुधार (२०१९ देखि २०३१ सम्म)

यस चरणमा कर प्रशासनको अवधारणा निर्माण गर्ने, संगठन संरचनाको विकास गर्ने र कानूनी सुधारको थालनी भएको पाईन्छ । कानून बमोजिम मात्र कर लगाउन पाउने प्रथाको थालनी आयकर ऐन, २०१९ मार्फत गरिएकोले यसलाई प्रथम पुस्ताको सुधार अन्तर्गत राख्ने गरिन्छ ।

### दोस्रो पुस्ताको सुधार (२०३१ देखि २०४९ सम्म)

आयकर ऐन, २०३१ को तर्जुमा भएपछि नेपालको कर प्रणालीमा कानूनमा आधारित कर प्रणालीको विकासको थालनी भएको थियो । यस अवधिमा करारोपण गर्दा करदाताको अधिकारको पालना र कर प्रणालीलाई पनि विभिन्न कानूनी संसोधन मार्फत आधुनिकीकरण गर्ने र करदाता एवं कर प्रशासनलाई उत्तरदायी वनाउने प्रयास गरिएको थियो ।

### तेस्रो पुस्ताको सुधार (२०४९ देखि २०५८ सम्म)

यस चरणमा मूलत नेपालमा स्वयंकर निर्धारण प्रणालीको थालनी, कर अवधिको निश्चितता, करदाताको सहभागिता, चालु वर्षको आधारमा कर संकलन जस्ता आयकरसम्बन्धी सुधार आरम्भ भए । त्यसैगरी, पुराना कानूनहरुको प्रतिस्थापन गरी वस्तु तथा सेवामा आधारित, लेखांकनमा आधारित पारदर्शी प्रणाली सहितको मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा जारी भएको थियो । विश्वव्यापी र तुलनायोग्य करका सिद्धान्तलाई समाहित गर्दै आधुनिक आयकर प्रणाली अवलम्बन गर्न आयकर ऐन, २०५८ लागू गरियो । नियन्त्रणको गह्रौं प्रशासन र ठेकेदारी प्रथाको अन्तःशुल्क पद्धतिलाई नियमन र संहितावद्ध गर्न अन्तःशुल्क ऐन, २०५८ पनि सँगै लागू गरियो । यही समयमा नेपालको कर प्रणालीमा सूचना प्रविधिको प्रयोग गरी पूर्णतः आधुनिक तथा स्वःचालित कर प्रणालीका स्वरूपहरूको प्रारम्भ भएको हो ।

## चौथो पुस्ताको सुधार (२०५८ देखि हाल सम्म)

यस चरणमा नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्न करदाताको कर सहभागिता लागत र समय घटाउन विद्युतीय कर सुशासन, आन्तरिक सरल कार्य प्रक्रियाको निर्माण, जोखिममा आधारित कर परीक्षण, २१ औं शताव्दीलाई सुहाउँदो जनशक्ति विकास, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टीकरणको लागि संस्थागत सुधार गर्ने जस्ता निरन्तर सुधार प्रयासलाई अगाडि बढाउँदै लगिएको छ । विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हीत अनुकूल बनाउँदै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको कराधारको संरक्षण गर्ने गरी नीतिगत सुधारको कार्य पनि यसै चरणमा थालिएको छ ।

नेपालको कर प्रणालीको सुधारको नीतिगत एवं कानूनी व्यवस्थाले उपयुक्त मार्ग अनुशरण गरेको छ । यद्यपि यसको कार्यान्वयनका लागि थप सुधारको खाँचो भने देखिएको छ । आन्तरिक राजस्व विभागले करदाताको मन क्रमशः जित्दै गएको सन्दर्भमा सुधारको सही मार्गचित्र सहितको निरन्तर सुधार प्रयास नै विभागको बदलिदो सकारात्मक छविको द्योतक हो । यसर्थ, आगामी दिनमा आन्तरिक राजस्व विभागले बदलिँदो परिवेश अनुरुप अर्थव्यवस्थाले ल्याउने जटिलता र विश्वव्यापीकरणका प्रभावलाई समाहित गर्दै तादात्म्यता ल्याउने गरी निम्न क्षेत्रमा सुधारका कार्यहरू गर्नु पर्ने देखिन्छ ।

### १.कर प्रणाली सुधार

- विश्वको अर्थव्यवस्थाको बललिँदो चरित्र एवं अन्तर्राष्ट्रियस्तरमा आएको आर्थिक र सामाजिक परिवर्तन तथा देशको शासकीय संरचनामा विद्यमान परिवर्तित परिवेशलाई आत्मसात गर्दै कर कानूनमा समय सापेक्ष सुधारका लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले दिएका सुझावहरु क्रमशः कार्यान्वयन गर्दै लगिने ।
- निष्पक्ष, सुवोध्य र विश्वव्यापीरुपमा तुलनायोग्य कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरिने ।
- सूचना, प्रमाण र अन्वेषणमा आधारित कर चुहावट अनुसन्धान, जोखिम सूचकांकमा आधारित कर लेखापरीक्षण, कारोवारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यवोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली उपागम अवलम्वन गरी कर प्रशासन सञ्चालन गरिने।
- कर प्रणालीलाई थप प्रभावकारी बनाउन र अन्तर्राष्ट्रियस्तरको कर व्यवस्थापन गर्न स्थायी संस्थापन निर्देशिका, मूल्य हस्तान्तरण निर्देशिका, दीर्घकालिन करार निर्देशिका, दोहोरो कर मुक्ति संझौताको नेपालको ढाँचा, पूर्वादेश सम्बन्धी निर्देशिका तयार गरी लागू गरिने ।
- अन्तर्राष्ट्रिय कर नीति अन्तर्गत दोहोरो कर मुक्ति संझौता, मूल्य हस्तान्तरण, कर लेखा परीक्षण, कर सम्बन्धी सूचनाको आदान प्रदान आदिलाई व्यवहारिक रूपमा नै कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्ने तर्फ जोड दिइने ।

- कर प्रणाली सुधारका सन्दर्भमा अन्य मुलुकमा भएका विकास र नेपालको आवश्यकता सम्बन्धमा निरन्तर खोजविन र विश्लेषण गर्न संयन्त्रको व्यवस्था गरिने ।

## २. कार्यप्रणाली सुधार

- करदातालाई कर दाखिला गर्न सहज बनाउन हाल राजस्व संकलन गर्दै आएका बैंकहरुको जुनसुकै शाखाबाट राजस्व रकम दाखिला गर्न सकिने (ABBS) र विद्युतीय माध्यमबाट कर दाखिला गर्न सक्ने प्रणाली (e-Payment) कार्यान्वयनमा ल्याइएको र सबै आन्तरिक राजस्व कार्यालयमा बैक काउण्टर व्यवस्था गरी संचालन गरिने,

- कर प्रणालीको प्रक्रियागत सरलीकरणमा लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधार गरिने ।

- विद्यमान व्यावसायिक संकेत नम्बरलाई परिमार्जन गरी भन्सारमा प्रयोग भइरहेको हार्मोनाइज्ड पद्दतिमा आधारित वस्तु वर्गीकरण संकेतसँग तादात्म्य हुने गरी नयाँ व्यवसायिक संकेत नम्बर (SITC) विकास गरी कार्यान्वयनमा ल्याइने ।

- करदाता सेवा र शिक्षा सम्बन्धी कार्यहरूलाई core र non core कार्यमा विभाजन गरी non core कार्यहरू बाह्य सेवा प्रदायक संस्थाहरू मार्फत सञ्चालन गरिने ।

- करदाताहरूको व्यावसायिक लागत (Doing Business Cost) घटाउन, गुणात्मक सेवा प्रवाह गर्न र कानूनको परिपालना गराई कर सहभागिता वृद्धि गर्न तथा कर चुहावटलाई अनुसन्धान तथा नियन्त्रण गर्न करदाताहरूलाई लघु, साना, मध्यम र ठूला करदातामा वर्गीकरण गरिएको ।

- विभाग मातहतबाट हुने कार्यहरूको नियमित अनुगमन तथा निरीक्षणको माध्यमबाट निगरानी गरिने ।

- कार्यालयहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुनिश्चितता गरिने ।

- करदाताहरूको व्यावसायिक लागत (Doing Business Cost) घटाउन, गुणात्मक सेवा प्रवाह गर्न , कानूनको परिपालना गराई कर सहभागिता वृद्धि गर्न तथा कर चुहावटलाई अनुसन्धान तथा नियन्त्रण गर्न र करदाताहरूलाई विना झन्झट कर तिर्ने वातावरण तयार गर्न आम नागरिक, करदाता र सरोकार समूहको गुनासो सुनुवाई तथा सम्बोधनको उचित प्रबन्ध मिलाइने ।यसका लागि हटलाइन, कल सेन्टर तथा उजुरी पेटिकाहरू मार्फत् गुनासो प्राप्त गरी समाधान गरिने ।

- विभाग तथा मातहत कार्यालयहरूबाट कर शिक्षा, सूचना, सञ्चार, बजार सर्वेक्षण तथा अनुगमन, अन्तर्क्रिया लगायत अन्य जागरणका कार्यहरू गरिने । यसका लागि नेपाल उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ, उपभोक्ता हीत संरक्षण मञ्च लगायतसँग समन्वय र सहकार्य गरिने ।

- नेपाल चार्टर्ड एकाउन्टेन्ट सस्था, लेखापरीक्षक संघ लगायतका सम्बद्ध निकायहरूसँग करका विविध पक्षमा एवं कर कानून कार्यान्वयन सम्बन्धमा आवश्यक राय परामर्श लिने कार्यको थालनी गरिने ।

- करदाताहरूलाई लघु, साना, मध्यम र ठूला करदातामा वर्गीकरण गरिनेछ ।

- विभागमा तथ्यांकशास्त्री, Chatered Accountant, Cost Accountant, Data Anayser, Economist लगायतका विज्ञ समूह राखिनेछ । जटिल कानूनी र नीतिगत पक्ष तथा अनुसन्धान र छानविनमा विज्ञ सेवाको उपयोग गरी कर व्यवस्थापनमा गुणस्तर हाँसिल गरिने ।
- कर सम्बन्धी जिज्ञासा (Frequently Asked Question) लाई परिमार्जन गरिने ।

## ३. करको दायरा विस्तार

- स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्दै करको दायरा विस्तार र कर सहभागिता अभिवृद्धि गर्न आर्थिक गतिविधिमा संलग्न भएका तर स्थायी लेखा नम्बर नलिएका व्याक्तिलाई करको दायरामा ल्याइने ।
- करयोग्य आय भएका तर करमा दर्ता नभएका सबै कर्मचारी, पेशाविद, व्यवसायी, स्वरोजगार गर्ने व्याक्तिहरुलाई स्थायी लेखा नम्बर लिन अभियान संचालन गरिने ।
- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा आन्तरिक राजस्व विभागले तोकेको क्षेत्रभित्र मदिरा, चुरोट, स्यानिटरी, इलेक्ट्रोनिक्स एवं निर्माण सामाग्री लगायतका वस्तुहरुको कारोवार अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गराइने ।
- सम्भावित कारोवारहरु र अनौपचारिक क्षेत्रमा रहेका कारोवारहरुलाई पहिचान गरी, दर्तालाई अभियानका रुपमा अघि बढाई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने ।
- करदाता दर्ता गर्न आवश्यक कागजात, दर्ता सम्बन्धी अभिलेखमा परिवर्तनको सूचना दिने प्रकृया र दर्ता तथा दर्ता खारेजी सम्बन्धी स्पष्ट प्रक्रिया अवलम्बन गरिने ।
- करदाताको अभिलेखलाई Digital अभिलेखमा रूपान्तरण गरिनेछ । करदाताको अभिलेख तथा कम्प्युटर प्रणालीमा रहेका सूचना एवं अभिलेखहरूको सुरक्षाको विशेष व्यवस्था गरिने ।
- घरजग्गा कारोवारमा पूँजीगत कारोवारको दायरा विस्तार गरिने ।

## ४. कर परिपालनामा सुधार

- कर परिपालनाको जोखिम पत्ता लगाउन, व्यवस्थापन र अनुगमन गर्न कर परिपालना जोखिम व्यवस्थापन प्रकृया (Tax Compliance Management Process) को व्यवस्था गरिने ।
- करदाता शिक्षा कार्यक्रमलाई निजी क्षेत्रसँगको सहकार्यमा प्रभावकारी रुपमा संचालन गरिने ।
- कर फिर्ता सम्बन्धी परिमार्जित व्यवस्थाको कार्यान्वयन गरिने ।
- कर सहभागिता जनाउनेलाई छुट सुविधा (Scheme) को प्रभावकारी कार्यान्वयन गरिने ।
- विना दर्ता कारोवार गर्ने, दर्ता भएर पनि बिल विजक जारी नगर्ने, विल विजक जारी गरे पनि कारोवार मूल्यमा जारी नगर्ने, समयमा विवरण नबुझाउने (Non Filer) शून्य विवरण बुझाउने (Zero Return), क्रेडिट विवरण बुझाउने (Credit Return), विवरण पेश गर्ने तर कर नतिर्ने, कर वक्यौता राख्ने लगायत

कर कानूनको अवज्ञा गर्नेहरूलाई स्थलगत अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट अनुगमन गरी कारवाहीको दायरमा ल्याइने ।

- रु. ३५ करोडभन्दा बढीको कारोवार गर्ने सबै करदाताहरुलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा ल्याई सोको सूचना विश्लेषण र अनुगमनका आधारमा कर परिपालनाको स्तर बढाइने ।
- कर छली गर्ने करदाता एवं व्यवसायीहरूलाई कारवाही गर्नुको अतिरिक्त व्यावसायिक नैतिकता पालना सम्बन्धमा उद्योग वाणिज्य संघ र निजी क्षेत्रको ध्यानाकर्षण गराइनेछ ।
- एकीकृत बजार अनुगमन तथा राजमार्ग अनुगमनको माध्यमबाट विल विजक लिने दिने कार्यको परिपालना गराइने, साथै यस कार्यमा निजी क्षेत्रलाई समेत सहभागी गराइने ।
- कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा, महंगो सवारी साधन खरीद गर्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्वर अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था गरिने, व्यावसायिक प्रयोजनका लागि रू.बीस लाखभन्दा बढीको ऋृण लिंदा वा भुक्तानी गर्दा सो को जानकारी सम्बन्धित बैंक र करदाताले आफ्नो दर्ता रहेको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था मिलाइने ।

## ५.न्यून बिजकीकरण नियन्त्रण

- ठूला करदाताहरूले जारी गर्ने कर बिजकलाई अनिवार्यरूपमा कम्प्युटर सफ्टवेयर मार्फत जारी गर्नु पर्ने व्यवस्था लागू गरिने,
- व्यापार व्यवसाय, आयात निर्यात हुने भन्सार विन्दू वा घर जग्गा कारोवार हुने मालपोत वा बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून विजकीकरण र न्यून मूल्यांकन नियन्त्रण गर्न सम्वद्ध सबै निकायसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने,आयात तथा आन्तरिक बजारमा हुने न्यून बिजकीकरण न्यूनीकरण गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको एकीकृत अनुगमन संयन्त्रको विकास गरी राजमार्गमा आन्तरिक ओसारपसार र बजार अनुगमन तथा कारवाही गरिने ।

## ६. कर सूचना संजाल र अनुसन्धान

- अन्तर निकाय सूचना आदान प्रदान गर्न आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालय बीच विद्युतीय सूचना प्रणाली स्थापित गर्ने प्रक्रियालाई निरन्तरता दिइने ।
- अर्थपूर्ण सूचना संकलनको माध्यमबाट जोखिमको पहिचान गरी सूचना र ज्ञानमा आधारित अनुसन्धान गरिने ।
- घर जग्गा तथा सेयरको कारोवारमा पूँजीगत लाभकर असुलीलाई अनुगमन तथा छानविन गरिने ।
- उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग बाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका लगायतका केन्द्र, प्रदेश, स्थानीय तह र तिनका

संबद्ध निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमवाट दर्ता कै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोवार गर्न नपाइने गरी कर सूचना सञ्जालको स्थापना गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिने,

- उच्च र विलासी जीवनशैली अपनाउने व्यक्तिहरूको विभिन्न श्रोतबाट सूचना संकलन गरी निगरानी तथा करको दायरामा ल्याई कर असुल गरिने । विशिष्ट तथा प्रतिष्ठित व्यक्तिहरूको कर प्रशासन गर्न विभागमा एक सशक्त एकाई गठन गरी कार्य थालनी गरिने,
- आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना सञ्जाल मार्फत सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाइने । अनुसन्धान निकायहरु र आन्तरिक राजस्व विभागबीच प्राविधिक समितिहरू गठन गरी कार्यगत समन्वय कायम गरिने ।
- सुराकी, पुरस्कार तथा प्रोत्साहन सम्बन्धी कार्यविधि बनाई बढी भन्दा बढी सूचना र सुराक लिने व्यवस्था गरिने ।

## ७. कर परीक्षण व्यवस्थापन

- विद्यमान कर परीक्षण प्रणालीलाई सूचना प्रविधिमाा आधारित बनाइनेछ । कर परीक्षण निर्देशिकाको अध्यावधिक गर्दै लगिने ।
- कर परीक्षण पुनरावलोकन प्रणालीलाई बढी प्रभावकारी वनाउन विशेषज्ञहरूको सेवा लिने व्यवस्था मिलाइने ।
- करदाताको कर परीक्षण छनौट सम्बन्धमा जोखिम संयन्त्रमा आधारित मापदण्ड निर्धारण गरिनेछ । यस अन्तर्गत कर विवरण पेश भएको वा पेश गर्नु पर्ने मितिले ३ वर्षभित्र कर परीक्षण सम्पन्न गर्ने गरी कार्ययोजना बनाई लागू गरिनेछ । कर परीक्षण गर्दा पूर्ण तयारीका साथ डेस्क अडिटको प्रतिवेदन स्वीकृत भएपछि मात्र करदाताको परिसरमा गई स्थलगत करपरीक्षण गर्ने नीति लिइने ।
- विभिन्न क्षेत्र विशेषका आधारमा कर विवरणका अनुसूची विकास गरी कारोवारसम्बन्धी बढी भन्दा बढी सूचना र तथ्यहरु उजागर गर्ने पद्दति अवलम्बन गरिने ।

## ८. कर बक्यौता तथा बेरुजु फछ्यौंट

- कर वक्यौतालाई अंक, समय र गाम्भीर्यताका आधारमा वर्गीकरण गर्ने प्रणाली विकास गरिने ।
- वक्यौता असुली र तथ्यांक भिडानको कार्ययोजना बनाई असुली र फरफारक गरिने ।
- अनिवार्य रुपमा अन्तिम तहको कारवाही गरी कर वक्यौता राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने ।

## ९. अन्तःशुल्क व्यवस्थापन

- अन्तःशुल्कको विद्यमान हालको भौतिक नियन्त्रण प्रणालीलाई क्रमशः स्वयं निष्काशन प्रणालीमा रूपान्तरण गर्ने नीति लाई निरन्तरता दिइनेछ । नक्कली स्टिकरको प्रयोग र स्टिकर नै प्रयोग नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आकष्मिक निरीक्षण टोली गठन गरी परिचालन गरिने,
- अन्तःशुल्कमा हुने चुहावटलाई नियन्त्रण गर्न नियमित अनुगमन गरिनेछ । प्राप्त सूचना र अभिलेख समेतको विश्लेषण गरी अनुसन्धान र कारवाही गरिने,
- अन्तःशुल्क प्रशासनलाई आधुनिक कर प्रणालीको मूलप्रवाहमा आन्तरिकीकरण गर्दै लगिने,
- अवैध मदिरा उत्पादन गर्ने व्यक्तिहरूलाई मदिरा ऐन तथा अन्तःशुल्क ऐनको सजायको अतिरिक्त कसुरको मात्राको आधारमा खाद्य ऐन अनुसार पनि कारवाही गर्न सिफारिस गर्ने आवश्यक व्यवस्था मिलाइने,
- मदिरा र सुर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामाग्री एकै स्थानवाट बिक्री वितरण गर्न नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरी निरन्तर अनुगमन गरिने ।
- मदिरा एवं चुरोटको बिक्री वितरण, नियमन र व्यवस्थापनलाई थप प्रभावकारी बनाइने ।

## १०. सूचना प्रविधिको उपयोग

- करदाताहरूको सेवामा सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रूपमा विकसित गर्दै करसम्बन्धी सवै कार्य विद्युतीय सूचना प्रणालीको माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासनको बीचको दुरी न्यून गरिने,
- सूचना प्रविधिमा आधारित सुशासन कायम गर्दै सदाचार वृद्धि गर्न निरन्तर मानव नियन्त्रणमा आधारित प्रणालीलाई स्वचालित पद्धतितर्फ रूपान्तरण गर्ने स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने,
- विद्यमान SITC (Standard International Trade Classification Code) लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याइने, विद्युतीय भुक्तानी (e-payment) मार्फत समेत राजस्व दाखिला गर्न सक्ने व्यवस्था परीक्षणको रुपमा कार्यान्वयनमा आएको आधारमा विस्तार गर्दै लगिने छ ।
- सवै करदाताहरूलाई कर दाखिला रकम तथा वाँकी वक्यौता रकम विद्युतीय प्रणालीबाट हेर्न सक्ने Read Only सुविधा दिन आवश्यक व्यवस्था गरिने ।
- बैंक तथा वित्तीय संस्थाहरु र कर प्रशासनमा पेश हुने वित्तीय विवरणहरुको सूचना आदान प्रदान हुने स्वचालित प्रणालीको विकास गरिने ।

## ११. पुनरावलोकन तथा पुनरावेदन प्रणाली

- आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थालाई करदाताहरूमा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने,

- प्रशासकीय पुनरावलोकनमा परेका मुद्दाहरूको ऐनले प्रदान गरेको समयावधिभित्र क्रमशः निरुपण गर्दै लगिने,
- एकिकृत अपिल व्यवस्थापन प्रणालीलाई पूर्ण रुपले कार्यान्वयनमा ल्याइने ।

## १२. जनशक्ति विकास तथा तालिम

- कर प्रशासनको जनशक्तिलाई दक्ष तथा सीपयुक्त वनाउन विशेष तालिम नीति बनाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । आवधिक रुपमा कर अधिकृतले अनिवार्य निश्चित क्रेडिट आवर लिनुपर्ने व्यवस्था गरी अध्ययन र नवपर्वतनका लागि प्रोत्साहन गर्ने पद्दति अवलम्बन गरिने ।
- कर परीक्षणको गुणस्तर बृद्धि गर्न कर अधिकृतहरूको क्षमता र कार्य अनुभवको आधारमा मात्र कर परीक्षणको जिम्मा दिइनेछ । साथै, कर अधिकृतहरूलाई कर परीक्षण तथा अनुसन्धानमा अझ बढी जिम्मेवार बनाउन कर निर्धारणको गुणस्तर र प्रशासकीय पुनरावलोकन तथा आन्तरिक पुनरावलोकनमा देखिएका तथ्यहरूलाई अभिलेखीकरण गरी कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गरिने,
- निश्चित अवधी कर प्रशासनमा कार्यानुभव भएका कर अधिकृतहरूलाई मात्र ठूला कारोवार भएका कार्यालयहरूमा कर लेखा परीक्षण गर्ने जिम्मेवारी दिइने,
- सेवामा प्रवेश गर्ने नव प्रवेशी अधिकृतहरूलाई करसम्बन्धी सघन तालिम दिएर मात्र पदस्थापन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने,
- कर प्रशासनका कर्मचारीहरूमा सदाचार पद्धतिको विकास र पालनामा जोड दिइने ।

## १३. अन्तर्राष्ट्रिय सहयोगको परिचालन

- नेपालको कर प्रणाली सुधारका लागि अन्तर्राष्ट्रिय दातृ निकाय र विकास साझेदारहरूबाट हालसम्म प्राप्त सहायता र सहयोगको सर्हाना गर्दै भविष्यमा विभागको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना र त्रिबर्षीय सुधार योजना कार्यान्वयन गर्न सहयोग र सहायता परिचालन गरिने,
- विकास साझेदारबाट प्राप्त सहायता र सहयोगलाई विभागको संस्थागत क्षमता र कर्मचारीको क्षमता विकास तथा प्रणाली सुधारमा केन्द्रीत गर्दै नेपालको कर प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाइने,
- नेपालको कर प्रशासनले अवलम्वन गरेको स्वंय कर प्रणालीलाई अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका नयाँ आयामहरू अनुसार परिमार्जित गरी कार्यान्वयनमा ल्याइने ।

## १४. राजस्व प्रशासनको सुदृणीकरण

- नयाँ आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयहरु र मध्यमस्तरीय करदाता कार्यालयको स्थापना ।
- आन्तरिक राजस्व विभाग र भन्सार विभागलाई सूचना प्रविधि मार्फत अन्तर आवद्धता गरिने ।
- कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गरिने ।

- बिल बिजक लिने दिने प्रणालीमा सुधार गरी कारोवारमा पारदर्शीता ल्याउन र कर प्रशासनको पहुँच स्थापित गर्न निश्चित प्रकृतिका कारोवार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बिजक जारी गर्ने व्यवस्था गरिने ।

## १.५ आन्तरिक राजस्व विभागको प्रतिवद्धता पत्र, २०७५

"समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन उद्देश्य हासिल गर्न आवश्यक स्रोतको दिगो आधार नै राजस्व भएको सन्दर्भमा आदर्श कर प्रणालीवाट प्रेरित भई तर्जुमा गरिएका राजस्व नीति तथा कार्यक्रमका उद्देश्यहरु हासिल गर्न आन्तरिक राजस्व विभाग प्रतिवद्ध छ । सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने, आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रबर्धन गर्ने, करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशिल र समन्यायिक बनाउने र राजस्व प्रशासनमा सुधार गरी करदातालाई दक्ष, व्यावसायिक, स्वच्छ एवम् सुदृढ कर प्रशासनको सुनिश्चितता दिइनेछ । नेपाल सरकारले जारी गरेको श्वेत पत्र, सरकारको नीति तथा कार्यक्रम, बजेटमा व्यक्त राजस्वका उद्देश्य, नीति, कार्यक्रम र सम्बद्ध कर कानुन, कर कानुनका व्यवस्था, राजस्व नीति तथा कार्यक्रम कार्यान्वयन योजनाबाट निर्देशित हुँदै विगतमा गरिएका घोषणा र तिनको कार्यान्वयन अवस्थालाई मध्यनजर गरी २०७५ श्रावण २७ र २८ गते ललितपुरमा सम्पन्न व्यवस्थापन गोष्ठीवाट सदाचारिता, इमान्दारिता र विभागका नीति तथा कार्यक्रम प्रति पूर्ण प्रतिवद्ध रहँदै चालु आ.व. २०७५।७६ मा तपसील बमोजिमका कार्य सम्पादन गर्ने सामूहिक प्रतिवद्धता,२०७५ जारी गरेका छौं ।

- आर्थिक वर्ष २०७५।७६ का लागि निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु.८३१ अर्ब मध्ये आन्तरिक राजस्व विभागलाई तोकिएको रु.४०४ अर्ब राजस्व लक्ष्यलाई संकलन गरिनेछ ।
- स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न सेवा प्रवाहमा सुधार र कर सहभागिता लागतमा कमी ल्याउदै लक्षित राजस्व संकलन गर्न आर्थिक ऐनले प्रदान गरेका छुट तथा सुविधाहरु (Scheme) को प्रभावकारी रुपमा कार्यान्वयन गरी करको दायरा विस्तार तथा कर सहभागिता अभिवृद्धि गरिनेछ।
- अन्तिम तहसम्मको कानुनी कारवाही गरी बक्यौता संकलन तथा फछ्यौटको लक्ष्य हासिल गरिनेछ । साथै बेरुजुको अभिलेखलाई विद्युतीय प्रणालीमा अद्यावधिक गरी तोकिएको लक्ष्य प्राप्त गरिनेछ ।
- कर प्रणालीलाई लगानीमैत्री बनाउदै उत्पादनमूलक उद्योग र व्यवसायको प्रबर्धनका लागि यस वर्ष लिइएका नीतिगत र कानूनी सुधारको पर्याप्त प्रचार प्रसार र कार्यान्वयन गरिनेछ ।
- करदाता शिक्षा, बजार अनुगमन र अनुसन्धान एवं कर परीक्षण कार्यलाई जोखिममा आधारित बनाई सघन बनाइनेछ ।
- विद्युतीय भुक्तानी (e-payment) प्रणालीलाई कार्यान्वयनमा ल्याईनेछ ।

- आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको पुनःसंरचना अनुसार कार्यालयहरु व्यवस्थापन गरी संचालनमा ल्याइनेछ ।
- विद्यमान SITC (Standard International Trade Classification Code) लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याईनेछ ।
- एकिकृत कर प्रणालीमा आयकर तर्फको Audit Trial Report (ATR) तयार गरी कार्यान्वयनमा ल्याईनेछ।
- आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका राजस्व सम्बन्धी कानुनी व्यवस्थाहरुलाई सरल, सहज एवम् परिष्कृत गरी एउटै ऐनमा समाहित गर्न एकिकृत कर संहिताको मस्यौदा तयार गरिनेछ।
- पुनरावेदन सूचना व्यवस्थापन प्रणाली (Apeal Information Management System) को विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।
- कर परीक्षण तथा अनुसन्धान सम्बन्धी सम्पूर्ण प्रक्रियागत अभिलेखहरु एकीकृत सूचना प्रणालीबाटै सिर्जना हुने व्यवस्था मिलाईनेछ । कर प्रशासन सम्बन्धी कार्यमा देखिने नीतिगत तथा कार्यगत अस्पष्टताको निदान गर्न विषयगत Core Group लाई क्रियाशील तुल्याइनेछ ।
- रु ३५ करोड भन्दा बढी कारोवार गर्ने करदातालाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्नुपर्ने व्यवस्था गरिनेछ । विभागले तोकेका करदाताहरुलाई केन्द्रीय विजक अनुगमन प्रणालीमा आबद्ध गरिनेछ ।
- प्रशासकीय पुनरावलोकनको लागि चालु आ.व.मा दर्ता भएका ५० प्रतिशत र गत वर्षदेखि जिम्मेवारी सरेका निवेदनमध्ये कम्तिमा ५० प्रतिशत निवेदनउपर निर्णय गरिनेछ ।
- Excise Automation लाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ । मदिरा र वियर उद्योगहरुमा Camera जडान गरी प्रत्यक्ष निगरानीको व्यवस्था गरिनेछ ।वाइन उद्योगहरुले आगामी वर्ष २०७६ बैशाखदेखि स्टिल ट्यांक वा काठको भ्याट प्रयोग गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ । नेपालमा रहेका मदिरा उद्योगको आधारभुत पूर्वाधारको मापदण्ड बनाइनेछ ।
- एकिकृत कोष प्रणाली (TSA) र भुमिसुधार व्यवस्थापन विभागमा रहेको Land Record Management Information System (LRMIS) र Integrated Tax System बीच अन्तर आबद्धता कायम गरिनेछ ।
- प्रत्येक कार्यालयबाट कम्तिमा १०० जना बढी राजस्व दाखिला गर्ने करदाताको दर्ता सम्बन्धी सूचना, आय विवरण, कर बक्यौता, बेरुजु तथा योगदान गरेको कर समेत खुल्ने गरी Profile तयार गरिनेछ।
- कर प्रशासनमा आबद्ध कर्मचारीको लागि तयार भएको आचार संहिताको पालना गरिनेछ । सो उलंघन गर्ने उपर शुन्य शहनसिलताको नीति अवलम्बन गरिनेछ ।
- प्रदेश र स्थानीय तहमा राजस्व संकलनमा
- देखिएका द्विविधा समाधान, आपसी सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

# भाग – २

# आर्थिक वर्ष २०७४/०७५ को समष्टिगत उपलब्धी

# २. आर्थिक वर्ष २०७४।७५ को समष्टिगत उपलब्धी

विगत वर्षमा कर प्रणालीमा गरिएको श्रृंखलावद्ध सुधारले आर्थिक क्रियाकलापको विस्तार एवं अर्थतन्त्रको सुदृढीकरण भई करको आधार र दायरा फराकिलो हुँदै गएको छ । सरकार करका दरहरुमा वृद्धि नगरी निजी क्षेत्रलाई सक्रिय एवं स्वतः स्फूर्त रुपमा सहभागी गराई कर कानुनको पूर्ण कार्यान्वयन गर्दै राजस्व संकलन वृद्धि गर्न चाहन्छ । आर्थिक वर्ष २०७४/७५ मा यस भन्दा अघिल्ला वर्षहरुमा संचालन भएका कार्यहरुलाई निरन्तरता दिंदै कतिपय थप कार्यक्रमहरु कार्यान्वयन गरियो भने राजस्व परिचालनलाई पारदर्शी र करदातामैत्री बनाउने, करको दायरा बढाउने, कर सहुलियत तथा सुविधा वृद्धि गर्ने, चुहावट नियन्त्रण गर्ने रणनीतिका साथ थप कार्यक्रमहरु तय गरी कार्य योजना सहित कार्यान्वयन गरिएको थियो । करको दायरामा नआएकालाई दायरामा ल्याउने, करदाता सेवामा गुणस्तर वृद्धि गरी करदातामैत्री वातावरण श्रृजना गर्ने, कर परीक्षण तथा अनुसन्धान, कर्मचारीको क्षमता विकास तथा प्रभावकारी अनुगमनको माध्यमबाटसूचना, प्रमाण, तथ्य र अन्वेषणमा आधारित कर छली अनुसन्धान, जोखिमका सूचकांकमा आधारित कर लेखा परीक्षण, कारोवारका आधारमा करदाताको वर्गीकरण, कार्यबोझका आधारमा संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन न्यायिक सिद्धान्तमा आधारित भएर कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली अबलम्बन गर्दै आएको देखिन्छ । उल्लेखित प्रणालीगत सुधार र प्रशासनिक दक्षता अभिवृद्धिको फलस्वरुप आ.व. २०७४/७५ सम्म आइपुग्दा देहाय बमोजिमको उपलब्धी प्राप्त भएको छः

- **मूल्य अभिवृद्धि कर** : रु. २ खर्व १५ अर्ब ९६ करोड लक्ष्य निर्धारण भएकोमा रु. २ खर्व ०६अर्ब ७८ करोड असूल भएको छ । सो मध्ये पैठारीतर्फ १ खर्व ४२ अर्ब ११ करोड लक्ष्य रहेकोमा रु. १३० अर्ब ५६ करोड र आन्तरिक तर्फ ७३अर्ब ८५ करोड लक्ष्य रहेकोमा रु. ७६ अर्ब २१ करोड असुल भएको छ । आन्तरिक तर्फ लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको देखिन्छ ।

- **आयकर** :रु.१ खर्व ६७अर्ब १९ करोड लक्ष्य रहेकोमा रु. १ खर्व ५९ अर्ब ८९ करोड असुली हुन गई लक्ष्यको तुलनामा ९६ प्रतिशत प्रगति भएको छ ।

- **अन्तःशुल्क** : रु. १ खर्व ०२ अर्ब ८८ करोड लक्ष्य रहेकोमा रु. १ खर्व ०२ अर्ब ५५ करोड असुली भएको छ । अन्तःशुल्कको पैठारी तर्फ ४६ अर्ब २८ करोड लक्ष्य रहेकोमा ४२ अर्ब ०७ करोड र आन्तरिक तर्फ रु ५६अर्ब ६० करोड लक्ष्य रहेकोमा रु. ६० अर्ब ४७ करोड असुली भएको छ । आन्तरिकतर्फ लक्ष्यको तुलनामा १०७ प्रतिशत प्रगति भएको देखिन्छ ।

- **शिक्षा सेवा शुल्क** : रु. ९९ करोड लक्ष्य रहेकोमा रु ९१ करोड असुली भई ९२ प्रतिशत प्रगति भएको देखिन्छ।

- **स्वास्थ्य सेवा कर** : रु. १ अर्ब २७ करोड लक्ष्य भएकोमा रु १ अर्ब १४ करोड असुली भई ९० प्रतिशत प्रगति भएको देखिन्छ ।

आन्तरिक राजस्व विभागको कूल रु. २ खर्व ९९ अर्ब ९१ करोड लक्ष्यमा २ खर्व ९८ अर्ब ६५ करोड संकलन भई लक्ष्यको ९९.५८ प्रतिशत प्रगति भएको देखिन्छ। आ.व. २०७३/७४ को तुलनामा आ.व. २०७४/०७५ को राजस्व असुलीको वृद्धिदर १६ प्रतिशत रहन गएको देखिन्छ । यसैगरी आन्तरिक राजस्व विभाग अर्न्तगत गत वर्षको यसै अर्बधिको तुलनामा आय कर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको संकलन वृद्धि क्रमश ८ प्रतिशत, २५ प्रतिशत र २८ प्रतिशत रहन गएको छ। यस प्रगति समीक्षामा राजस्व परिचालनको समग्र अबस्था र संरचनागत विश्लेषण तथा गत वर्षको कर नीतिको कार्यान्वयनबाट प्राप्त महत्वपूर्ण उपलब्धिहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

## २.१ कूल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात

नेपालमा आधुनिक कर प्रणालीको थालनी भएको आधार वर्ष २०५८/०५९ लाई लिने हो भने शुरुका वर्षमा कूल गार्हस्थ्य उत्पादनमा उत्पादकको मूल्यमा कूल राजस्व असूलीको अनुपात ११ प्रतिशत रहेको थियो । यसै क्रममा नेपालमा भएको आर्थिक क्रियाकलापमा भएको वृद्धि र अर्थतन्त्रको विस्तार सँगसँगै आ.व. २०६५/०६६ मा आईपुग्दा यसको अनुपातमा सुधारभई १२ प्रतिशत पुगेको थियो। त्यस्तै आ.व. २०६६/६७ मा यो अनुपात १५.३ प्रतिशत रह्यो भने आ.व. २०६७/०६८ मा १४.६ प्रतिशत रहन गएको देखिन्छ । त्यस्तै आ.व. २०६८/०६९ मा यस प्रवृत्तिमा उल्लेखनीय सुधार भई यसको अनुपात १५.७ प्रतिशत रहन गएको देखिन्छ। आ.व. २०६९/०७० मा १७.५ प्रतिशत रहन गएको अनुपात आ.व. २०७०/०७१ मा १८.५ प्रतिशत रहन गएको देखिन्छ। आ.व.२०७१/०७२ मा कूल गार्हस्थ्य उत्पादनसँग राजस्वको अनुपात १९.९ प्रतिशत रहन गएको देखिन्छ। त्यस्तै आ.व. २०७२/०७३ मा राजस्वमा योगदान २१.४३ प्रतिशत रहेकोमा आ.व. २०७३/०७४ मा आइपुग्दा कुल गार्हस्थ्य उत्पादनसँग कुल राजस्वको अनुपात २३.४४ प्रतिशत रहेको छ। यसैगरी कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात आ.व. २०७२/७३ मा १८.८५ प्रतिशत रहेकोमा आ.व. २०७३/७४ २१.०६ प्रतिशत रहन गएको देखिन्छ। जुन अनुपात आ.व. २०७४/७५ मा २१.९१ प्रतिशत पुगेको छ । यी तथ्यांकको आधारमा नेपालमा करको आधार तथा कर संकलनको अबस्था क्रमशः सुधार हुँदै गएको देखिन्छ ।

**तालिका नं. १ : कूल गार्हस्थ्य उत्पादनमा राजस्व परिचालनको अनुपात**

| Year | 2065/66 | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Ratio of Tax Revenue to GDP | 12 | 13.3 | 12.6 | 13.2 | 15.3 | 16.1 | 16.75 | 18.85 | 21.06 | 21.91 |
| Ratio of Total Revenue to GDP | 14.7 | 15.3 | 14.6 | 15.7 | 17.5 | 18.5 | 19.1 | 21.43 | 23.44 | 24.34 |




*चित्र नं. १*

विगत १० वर्षको तथ्यांकलाई विश्लेषण गर्दा आ.व. २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको अनुपात १२ प्रतिशत कर राजस्वको अनुपात बढ्दै गएको र गैर करको अनुपातमा केही कमी आएको देखिन्छ ।

## २.२ कूल गार्हस्थ्य उत्पादनसँग मूल्य अभिबृद्धि कर, आयकर र अन्तःशुल्क परिचालनको अवस्था

आर्थिक वर्ष २०५८/०५९ लाई आधार वर्ष मानी विश्लेषण गर्दा वस्तु तथा सेवाको उपभोगमा आधारित कर अर्थात मूल्य अभिवृद्धि कर संकलनको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आ.व. २०५८/५९ मा । करिब १.१ प्रतिशत रहेको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा यो अनुपात ४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/०६७ सम्म आउँदा यसको अनुपातमा वृद्धि हुन गई ४.६ प्रतिशत पुग्न गयो । त्यस्तै आ.व. २०६८/०६९ मा ४.६ प्रतिशत रहन गएको थियो भने आ.व. २०७२/७३ मा ५.४३ प्रतिशत, आ.व. २०७३/७४ मा ६.१७ प्रतिशत र आ.व. २०७४/७५ मा ६.८८ रहेको छ ।

आयकर ऐन, २०५८ को कार्यान्वयन पछि आयकरको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा क्रमशः वृद्धि हुदै गएको छ । आ.व. २०६७/०६८ मा ३.१ प्रतिशत रहन गएकोमा क्रमशः वृद्धि हुदै आ.व. २०७३।७४ मा ५.७ प्रतिशत र आ.व. २०७४/७५ मा ५.३२ पुगेको छ ।

यसैगरी उपभोगमा आधारित अन्तःशुल्कको अनुपात पनि शुरुको आधार वर्षमा तत्कालको बिक्री करको हाराहारीमा रहेको भएतापनि नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरी भन्सार राजस्वको न्यूनता परिपूर्ति गर्न थप क्षेत्रमा यस करको करारोपण गर्न थालिएपछि अन्तःशुल्कको राजस्वमा योगदानको अनुपातमा पनि क्रमशः वृद्धि हुँदै आ.व. २०७०/०७१ सम्म आई पुग्दा अन्तःशुल्कको योगदान कूल गार्हस्थ्य उत्पादनसँगको २.४ प्रतिशत रहेकोमा आ.व २०७३/७४ मा ३.२६ प्रतिशत र आ.व. २०७४/७५ मा आइपुग्दा ३.४१ प्रतिशतपुगेको छ ।

**तालिका २ : कूल गार्हस्थ्य उत्पादनमा अन्तःशुल्क,आयकर मू.अ.करको अनुपात**

| Year | 2065/66 | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Ratio of Excise to | 1.6 | 2 | 1.9 | 2 | 2.2 | 2.4 | 2.52 | 3.09 | 3.26 | 3.41 |
| Ratio of IT to GDP | 2.8 | 2 | 3.1 | 3.4 | 4 | 4 | 4.16 | 5.2 | 5.7 | 5.32 |
| Ratio of VAT to GDP | 4 | 4.6 | 4.5 | 4.6 | 4.9 | 5.2 | 5.58 | 5.43 | 6.17 | 6.88 |




*चित्र नं. २*

विगत १० वर्षको तथ्यांकलाई विश्लेषण गर्दा कर राजस्वका प्रत्येक क्षेत्रको योगदान प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ । करदाताको कर परिपालनामा भएको वृद्धि, कर कानुनको प्रभावकारी कार्यान्वयन, नीतिगत क्षेत्रमा भएका सुधार जस्ता कुराहरुले कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको अनुपात बढेको छ ।

## २.३ राजस्वको संरचनागत योगदान

कर राजस्वको दायरा विस्तार भई कुल राजस्व संकलनमा कर राजस्वको अंश उल्लेखनीय रुपमा बृद्धि भएको छ। कर प्रशासनको प्रभावकारीता र यसको उत्तरदायित्व बढ्नु, करदाताको कर सहभागीता लागत र समयमा क्रमशः अपेक्षित सुधार हुँदै जानु साथै कर कानुनका नीतिगत मार्गदर्शनहरु समय सापेक्ष रुपमा उचित दिशातर्फ उन्मुख हुँदै जानु लगायतका कारणहरुले कर राजस्वको दायरा तथा योगदानलाई वृद्धि गर्दै लगेको छ।

आ.व. २०७४/७५ को कूल राजस्वको लक्ष्य रु. ७ खर्व ३० अर्ब ५ करोड भएकोमा रु. ७ खर्व ३२ अर्ब २३ करोड संकलन भई लक्ष्यको तुलनामा १००.३० प्रतिशत प्रगति हासिल भएको छ। जसमा भन्सार महशुल रु. १३७.७८ अर्ब, आयकर रु. १५९.९० अर्ब, मूल्य अभिवृद्धि कर रु. २०६.७९ अर्ब, अन्तःशुल्क रु. १०२.५८ अर्ब, शिक्षा सेवा शुल्क रु. ०.९१ अर्ब र स्वास्थ्य सेवा कर रु. १.१५ अर्ब असुली भएको देखिन्छ। त्यसैगरी कुल राजस्व संकलन रु. ७३२.२३ मा गैह्रकर राजस्व रु. ७२.७४ संकलन भई कूल राजस्व संकलनमा गैह्रकर राजस्वको अंश ९.९३ प्रतिशत रहन गएको छ भने कर राजस्व रु. ६५९.४९अर्ब अर्थात कुल राजस्व संकलनको ९०.०७ प्रतिशत संकलन भएको छ।

**तालिका ३ : राजस्वको संरचनात्मक योगदान**

| Heading | Rs billions |
|---|---|
| Tax Revenue | 659.49 |
| Non Tax Revenue | 72.74 |
| Total | 732.23 |

**तालिका ४ : शीर्षकगत राजस्व संकलनको बनौट**

| Heading | (Rs billions) |
|---|---|
| Costom Duty | 137.78 |
| Vat | 206.79 |
| Execise | 102.58 |
| Income Tax | 159.9 |
| Health Service Tax | 1.15 |
| Education Service Fee | 0.91 |
| Other Tax (Registration fee, Vehicle Tax and Other Tax) | 50.37 |
| Non tax Revenue | 72.74 |

माथिको तथ्यांकलाई विश्लेषण गर्दा कुल राजस्व संकलनमा कर राजस्वको हिस्सा क्रमशः बढ्दै गएको र गैह्रकर राजस्वको हिस्सा क्रमशः घट्दै गएको देखिन्छ। विगत वर्षहरुको तथ्यांकलाई विश्लेषण गर्दा आ.व. २०७३/७४ मा कुल राजस्व संकलनमा कर राजस्वको हिस्सा ८९.८७ रहेकोमा आ.व. २०७४/७५ मा सो हिस्सा ९०.०६ प्रतिशत पुगेको छ। त्यस्तै सो अर्बधिमा गैह्रकर राजस्वको हिस्सा १०.१३ बाट घटेर ९.९४ प्रतिशत पुगेको छ।

## २.४ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

कुल राजस्व संकलनमा आन्तरिक राजस्व विभागबाट संकलन हुने राजस्वको योगदान बढ्दै गएको छ। विगत वर्षहरुमा संकलन भएको राजस्वको तथ्यांकलाई विश्लेषण गर्दा कुल राजस्व संकलनमा आन्तरिक राजस्वको अंश प्रत्येक आर्थिक वर्षमा बढ्दै गएको देखिन्छ। कुल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदानलाई हेर्दा आ.व. २०६५/६६ मा कुल राजस्व संकलन रु. १४५.३२ अर्बमा आन्तरिक राजस्व विभागको योगदान रु. ५२.२६ अर्ब अर्थात ३५.९६

प्रतिशत आ.व. २०६६/०६७ को कूल राजस्व संकलन रु. १८२.३७ अर्ब रहेकोमा आन्तरिक राजस्व विभागको योगदान रु. ६७.९६ अर्ब अर्थात ३७.२६ प्रतिशत रहेको थियो । आ.व. २०६७/०६८ को कूल राजस्व संकलन रु. १९९.८१ अर्ब रहेकोमा रु. ८०.४९ अर्बको राजस्व योगदान आन्तरिक राजस्वको रहेको थियो जुन कूल राजस्व संकलनमा आन्तरिक राजस्वको योगदानको अशं ३५.२ प्रतिशत हो । त्यसैगरी आ.व. २०६८/०६९ को कूल राजस्व संकलन रु. २४३.९२ अर्ब रहेकोमा आ.व. २०७३/७४ मा कुल राजस्व संकलन रु. ६०९.१८अर्बमध्ये आन्तरिक राजस्व संकलन रु. २५८.१७अर्ब अर्थात ४२.३८ प्रतिशत रआ.व. २०७४/७५ मा कुल संकलन रु ७३२.२३ अर्बमध्ये आन्तरिक राजस्व संकलन रु. २९८.६५ अर्ब अर्थात ४०.७९ प्रतिशत रहेको छ ।

**तालिका ५ : कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान** (अर्बमा)

| Fiscal Year | 2065/66 | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Total Revenue (bn) | 145.32 | 182.37 | 199.81 | 243.92 | 296.02 | 356.62 | 405.86 | 481.96 | 609.18 | 732.23 |
| IRD's Collection(bn) | 52.26 | 67.96 | 80.49 | 97.9 | 117.89 | 140.59 | 160.09 | 204.43 | 258.17 | 298.65 |
| Share % | 35.96% | 37.26% | 40.28% | 40.14% | 39.83% | 39.42% | 39.44% | 42.42% | 42.38% | 40.79% |




*चित्र नं. ३*

## २.५ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदानलाई हेर्दा देहाय अनुसार देखिएको छ ।

**तालिका ६ : कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान** (अर्बमा)

| Heading | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|
| Total Tax Revenue (bn) | 259.21 | 312.44 | 355.96 | 421.09 | 547.48 | 659.49 |
| IRD's Collection(bn) | 117.89 | 140.59 | 160.09 | 204.43 | 258.17 | 298.65 |
| IRD's Share on Tax Revenue | 45.48% | 45.00% | 44.97% | 48.55% | 47.16% | 45.28% |




*चित्र नं. ४*

## २.६ पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाको समीक्षा

कर प्रणालीलाई समयानुकूल सूचना प्रविधिमैत्री बनाई विद्यमान संरचनाको पुनरावलोकन, मातहत कार्यालयहरुको कार्यक्षेत्रको पुनर्सिमांकन तथा कर प्रशासनमा आवद्ध जनशक्तिको क्षमता तथा उत्पादकत्व वृद्धि गर्ने तर्फ सुस्पष्ट कार्य योजना सहित कार्यप्रारम्भ गर्नको लागि हाल विभागले अर्बलम्बन गरेका त्रिवर्षीय सुधार योजनाले परिलक्षित गरेका र सुधार योजना शुरु भएदेखि हालसम्म सम्पन्न भएका कार्यहरुको गहन विश्लेषण तथा ठोस समस्या पहिचान गरी राजस्व परिचालनलाई फराकिलो र उच्च बनाई सुदृढ सार्वजनिक प्रणालीको विकास गर्ने राजस्व नीतिले लिएका उद्देश्यका साथ यो योजना ल्याइएको हो। त्रिवर्षीय सुधार योजनाको समीक्षा गर्दा योजनाले परिलक्षित गरेका सूचकहरुको कार्यान्वयनको अबस्थालाई हेर्दा १ वटा सूचक पूर्ण कार्यान्वन भएको, १३ वटा सूचक आंशिक कार्यान्वयन भएको, ४ वटा सूचक भर्खरै कार्यान्वयनमा आएको र १ वटा सूचक हालसम्म कार्यान्वयनको प्रकृयामा नरहेको अबस्था छ।

## २.७ शाखागत विश्लेषण

### २.७.१ करदाता सेवा शाखा

करदाता सेवा शाखाले मूलतः करको दायरा फराकिलो बनाउने, कर सहभागिताको स्तरमा सुधार गर्ने, करदातालाई करका औपचारिकता पूरा गर्न सक्षम बनाउन करदाता शिक्षाको कार्यक्रम सञ्चालन गर्ने, करदेयी क्षमताको पहिचान गरी कर प्रशासनको प्रभावकारिताको लागि सूचना संकलन गर्ने, आन्तरिक रूपमा प्राप्त भएका करदाताका सूचनाको भण्डारण गर्ने, यसको उपयोग गर्नका लागि आन्तरिक रूपमा सूचना प्रवाह गर्ने, करदातालाई विद्युती माध्यमबाट सेवा लिन सक्ने र कार्यालयले सेवा दिनसक्ने गरी नवीन प्रविधिको विकासमा जोड दिने कार्य गर्दछ। यसका साथै प्राप्त भएका करदाताका कर तथा आय विवरणहरू सम्बन्धी तथ्यांकहरू प्रशोधन गरी सूचना प्रणालीमा भण्डारण गर्ने, प्रशोधित हुन नसकेका विवरण र राजस्व जोखिम रहेका करदाता एवं विवरणको पहिचान गरी कर परीक्षण तथा अनुसन्धानको लागि करदाताको सूचना वैक तयार गर्ने काममा पनि क्रियाशील छ। कर प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि करदाता र जनतासँग अन्तर्क्रिया गर्ने र करदाताका सूचनाको दिगो व्यवस्थापन गर्ने कार्य पनि यस शाखावाट सम्पादन हुँदै आएको छ।

(क) करको दायरा विस्तार:

- आर्थिक वर्ष २०७४।७५ मा जम्मा १,९६,०७१ स्थायी लेखा नम्बर प्रदान गरिएकोमा व्यवसायिक स्थायी लेखा नम्वर (B-PAN) ११६०९७ प्रदान गरी यस आर्थिक वर्षसम्म जम्मा १०,३६,२४६ करदाताले व्यवसायिक स्थायी लेखा नम्वर प्राप्त गरेका छन् भने आर्थिक वर्ष २०७४।७५ मा व्यक्तिगत स्थायी लेखा नम्वर (P-PAN) ७९,९७३ प्रदान गरी यस आ.व सम्ममा जम्मा ७,६६,१९१ करदाताले व्यक्तिगत स्थायी लेखा नम्वर प्राप्त गरेका छन् ।
- आर्थिक वर्ष २०७४।७५ मा मू.अ.करतर्फ २०,९३९ करदाता दर्ता गरी यस आर्थिक वर्षसम्म २,०३,९२८ करदाताहरू मू.अ.करमा दर्ता भएका छन ।
- आर्थिक वर्ष २०७४।७५ मा अन्त:शुल्कतर्फ ५९,१४७ करदातालाई अन्त:शुल्क इजाजतपत्र प्रदान तथा नवीकरण गरिएको छ ।

**करको दायरा विस्तारको अबस्था**

| करको दायरा विस्तार | २०७३।७४ | २०७४।७५ |
|---|---|---|
| व्यवसायिक स्था.ले.नं. | ८४२४६ | ११६०९७ |
| व्यक्तिगत स्था.ले.नं. | ८६७७० | ७९९७३ |
| मू.अ.कर दर्ता | १६८२६ | २०९३९ |
| अन्त:शुल्क इजाजत | ६७६६७ | ५९१४७ |
| बहाल कर सर्भेक्षण संख्या | ३३८४७ | ५१४९ |

(ख) करदाता शिक्षा कार्यक्रम :

- करदाताहरूसंग ८०४ वटा अन्तर्क्रिया तथा तालिम कार्यकम सम्पन्न गरिएको ।
- करदाता शिक्षा कार्यकमलाई प्रभावकारी बनाइएको ।

(ग) कर सहभागितामा बृद्धि:

- आर्थिक वर्ष २०७२/०७३ मा ४५५६९१ आय विवरण प्राप्त भएकोमा यस आ.व. २०७३/०७४ मा ६१५६६६ आय विवरण प्राप्त भएको छ ।
- आर्थिक वर्ष २०७३/०७४ मा अग्रिम कर कट्टीको विवरण १२९५०७ प्राप्त भएकोमा आ.व. २०७४/०७५ मा १२३०८० प्राप्त भएको छ ।
- आर्थिक वर्ष २०७३।७४ मा मू.अ.कर विवरण पेश नगर्ने करदाताहरू २३ प्रतिशत रहेकोमा आ.व २०७४।७५ को अन्त्यमा विवरण पेश नगर्ने करदाताहरू २३.६८ प्रतिशत रहेको देखिन्छ ।
- आर्थिक वर्ष २०७३।७४ मा १०३०० आयविवरणको Rapid verification गरी रू.८,१३,५०,०००।०० कर निर्धारण गरिएकोमा आ.व २०७४।०७५ मा १००७४ आय विवरणको Rapid verification गरी रू २,२४,७५,७६,०००।०० कर निर्धारण गरिएको छ ।

| कर सहभागितामा बृद्धि | २०७३।७४ | २०७४।७५ |
|---|---|---|
| आयविवरणको प्राप्ति | ४५५६९१ | ६१५६६६ |
| आयविवरण ननफाइलर | ४४ | ४६ |
| मू.अ.कर ननफाइलर | २३ | २३.६८ |

| | | |
|---|---|---|
| टि.डि.एस विवरण प्राप्ति | १२९५०७ | १२३०८० |
| **भेरिफिकेशन** | | |
| Rapid verification No | १०३०० | १००७४ |
| Rapid verification Amount( 000) | ८१३५० | २२४७५७६ |

## करदाता सेवा शाखाबाट सम्पादित अन्य कार्यहरू

### १. करदाताहरुको Log Off/Log On

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।०४।१८ को निर्णयानुसार विभाग अन्तर्गतका कार्यालयहरुको स्वीकृत संगठन संरचना अनुसार कार्यालयहरुको कार्यक्षेत्र निर्धारण तथा अधिकार समेत प्रत्यायोजन भइ साविकको आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १, २ र ३ खारेज भएको र ठूला करदाता कार्यालय (LTO) को कार्यक्षेत्र अन्तर्गतका करदाताहरुको कारोबार सीमा बार्षिक रु. ८० करोड भन्दा बढी, मध्यम स्तरीय करदाता कार्यालय अन्तर्गतका करदाताहरुको कारोबार सीमा बार्षिक ४० करोड देखि रु. ८० करोड सम्म साथै बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, मेडिकल कलेज, ट्राभल्स तथा ट्रेकिङ व्यवसाय, ठेक्कापट्टा व्यवसाय गर्ने करदाताको हकमा वार्षिक कारोवार सीमा रु.२५ करोड देखि रु.८० करोडसम्म र आन्तरिक राजस्व कार्यालयका कार्यक्षेत्र भित्र रहने करदाताहरुको कारोबारको सीमा बार्षिक रु. ४० कराड सम्मको कारोबार सीमा निर्धारण भएको हुंदा सोही बमोजिम करदाताहरुलाई साविक कार्यालयबाट Log Off गरी नयाँ स्थापना भएका कार्यालयमा Log On गरिएको छ ।

### २. छैठौ राष्ट्रिय कर दिवस, २०७४

- छैठौ राष्ट्रिय कर दिवस, २०७४ मूल समारोह आयोजक समिति र विभिन्न कार्यगत उपसमितिहरु गठन गरी २०७४ मार्ग १ गते राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा भव्यताका साथ सम्पन्न गरिएको र सोही अबसरमा राजस्वमा उल्लेखनीय योगदान गर्ने करदाताहरु र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्ने लगायत सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु सम्पन्न भएको थियो ।
- छैठौ राष्ट्रिय कर दिवसको अवसरमा करदाताको बिक्री कारोवारलाई बिजक जारी गर्दाकै समयमा आन्तरिक राजस्व विभागमा प्रतिवेदन हुने गरी तयार भएको Central Billing monitoring System (CBMS)को समुदघाटन सम्पन्न गरियो ।
- करदाताहरुको जिज्ञासाहरुलाई सम्बोधन हुने गरी करदाताले सोधिरहने विषयहरुलाई समाबेश गरी Frequently Asked Question अपडेट गरिएको छ ।
- सेवाग्राहीका कर प्रशासनसँग सम्बन्धित जिज्ञासा एवं प्रश्नहरुको Call Centre मार्फत उत्तर दिने कार्य गरिएको छ ।

### ३. सूचना, प्रकाशन र प्रशारण :

करदाताहरुलाई कर कानुनमा भएका प्रावधानहरु र करसहभागिता अभिवृद्धि गर्न जानकारीमूलक विभिन्न सूचनाहरु तयार गरी प्रसार प्रचार गरिएको साथै कर सम्बन्धी विद्यमान व्यवस्थाहरु तथा आर्थिक विधेयक, २०७४ द्वारा कर कानुनहरुमा गरिएका परिवर्तनहरु सम्बन्धी सूचना प्रकाशन र प्रशारण गरिएको थियो ।

### ४.कर दायराको विस्तार

करदाताको कारोवारको सीमाको आधारमा मूल्य अभिबृद्धि करमा दर्ता हुने शुरुको व्यवस्था र मूल्य अभिवृद्धि कर कानूनले केही व्यवसायलाई करको दायरा बाहिर राखेकोले करदाताको पहिचानको अबस्था फरक देखिन्छ । आ.व २०७४/०७५ मा

व्यवसायिक स्थायी लेखा नम्बर १ लाख १६ हजार ०९७ लाई प्रदान गरिएको छ भने मूल्य अभिबृद्धि कर तर्फ २० हजार ९ सय ३९ करदाताहरू थप भएका छन् । यसै गरी आ.व. २०७४/०७५ सम्ममा अन्तःशुल्कको नयाँ इजाजत लिने र इजाजतको नविकरण गराउने करदाताको संख्या ५९ हजार १ सय ४७ रहेको छ । करदाता दर्ता हुने विगतदेखिको प्रवृत्तिगत अबस्था हेर्दा आ.व. २०५७/०५८ मा ५० हजार ५६१ करदाताले व्यवसायिक स्थायी लेखा नम्बर लिएकोमा आ.व. २०७४/०७५ सम्म आउंदा १० लाख ३६ हजार २ सय ४६ करदाता दर्ता भएको देखिन्छ । मू.अ.कर तर्फ २०५४/५५ मा ५२०९ करदाता दर्ता रहेकोमा आ.व. २०७४।७५ सम्म आइपुग्दा मू.अ.करमा दर्ता हुने करदाता २ लाख ३ हजार ९ सय २८ पुगेका छन् ।

## ५.मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अबस्था

आ.व २०७३/०७४ मा कूल मूल्य अभिवृद्धि विवरणको संरचनात्मक अबस्थालाई हेर्दा VAT Filer / Non Filer क्रमशः ७७ र २३ प्रतिशत रहेकोमा आ.व. २०७४/०७५ मा ७६ र २४ प्रतिशत रहेको छ । Debit VAT Returns आ.व. २०७०/०७१ मा २७.१४ प्रतिशत, आ.व. २०७१/०७२ मा १८.९८ प्रतिशत, आ.व. २०७२/०७३ मा १३.३० प्रतिशत र आ.व. २०७३/७४ १३.२५ प्रतिशत रहेकोमा आ.व. २०७४/०७५ मा १४.०६ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी Credit VAT Returns आ.व. २०७०/०७१ मा ४५.४९ प्रतिशत, आ.व. २०७१/०७२ मा ४४.०३ प्रतिशत, आ.व. २०७२/०७३ मा ५१.११ प्रतिशत, आ.व. २०७३/७४ मा ५१.१४ प्रतिशत रहेकोमा आ.व. २०७४/७५ मा क्रेडिट रिटर्न ५१.९७ प्रतिशत रहेको देखिन्छ ।

**तालिका ७: मूल्य अभिबृद्धि कर विवरणको संरचनात्मक अबस्था**

| | 2070/071 | 2071/7072 | 2072/073 | 2073/074 | 2074/075 |
|---|---|---|---|---|---|
| Debit Returns (%) | 27.14 | 18.98 | 13.30 | 13.25 | 14.06 |
| Credit Returns (%) | 45.49 | 44.03 | 51.11 | 51.14 | 51.97 |
| Zero Returns (%) | 27.37 | 25 | 35.58 | 35.61 | 33.97 |
| Debit Amounts shown in M3 (billions) | 4.76 | 3.40 | 6.33 | 8.71 | 9.96 |
| Credit Amounts shown in M3(billions) | 39.05 | 17.77 | 26.50 | 27.52 | 35.71 |
| Ratio of credit Amount to debit amount (Times) | 8.20 times | 5.22 times | 4.19 Times | 3.16 Times | 3.59 Times |

Zero VAT Returns आ.व. २०७०/०७१ मा २७.३७ प्रतिशत, २०७१/०७२ मा २५ प्रतिशत, आ.व. २०७२/०७३ मा ३५.५८ प्रतिशत, आ.व. २०७३।७४ मा ३५.६१ प्रतिशत रहेकोमा आ.व. २०७४/०७५ मा ३३.९७ रहेको देखिन्छ । Debit Amount को तुलनामा Credit Amount को अनुपातलाई हेर्दा आ.व. २०७०/०७१ मा ८.२० Times, आ.व. २०७१/०७२ मा ५.२२ गुणा, आ.व. २०७२/७३ मा ४.१९ गुणा र आ.व. २०७३/७४ मा ३.१६ गुणा रहेकोमा आ.व. २०७४/७५ मा ३.५९ गुणा रहेको देखिन्छ ।

आ.व. २०७४/७५ मा मू.अ.कर विवरण नवुझाउने करदाता २३.६८%, कर विवरण बुझाउने करदाता ७५.९४ प्रतिशत रहेका छन् । मू.अ.कर विवरण बुझाउने करदातामध्ये १४.०६% ले डेविट विवरण, ५१.९७%, ले क्रेडिट विवरण र ३३.९७% ले शून्य विवरण बुझाएको देखिन्छ । मूल्य अभिवृद्धि कर तर्फ डेविड विवरण बुझाउनेको संख्या घट्दै गएको, क्रेडिट विवरण र शून्य विवरण बुझाउने करदाताको संख्या बढ्दै गएकोले कानूनको कार्यान्वयनमा कडाइ गर्दै बजार अनुगमनलाई प्रभावकारी एवं सशक्त बनाउनुपर्ने देखिन्छ ।

### २.७.२ कर परीक्षण व्यवस्थापन शाखा

यस विभागअन्तर्गत ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरू तथा साविकका करदाता सेवा कार्यालयहरू (उपत्यका स्थित) को लागि आ.व. २०७४।०७५ मा तपसिल बमोजिमका फरक फरक कर परीक्षण अन्तर्गतका परिसूचकहरू निर्धारण गरी सोही बमोजिम लक्ष्य निर्धारण गरिएको थियो । सो बमोजिम उक्त कार्यालयहरूवाट भएको समग्र प्रगति, देखिएका कमजोरीहरू तथा समस्याहरू तथा आगामी बर्षका लागि सुधारको लागि सुझावहरू उल्लेख गरिएको छ ।

सवै कार्यालयहरूको एकीकृत रूपमा हेर्दा प्रस्तुत आ.व. मा पूर्ण कर परीक्षणतर्फ ४३८० करदाताको विवरण परीक्षण गर्ने लक्ष्य रहेकोमा ५१०५ करदाताको कर परीक्षण गरी निर्धारित लक्ष्यको ११७ प्रतिशत प्रगति भएको छ भने रू ९३५ करोड करोड नोक्सानी घटाउने लक्ष्य रहेकोमा १८७३ करोड नोक्सानी घटाई निर्धारित लक्ष्यको २०० प्रतिशत प्रगति हासिल भएको छ । कर निर्धारणतर्फ रू ६९० करोड आयकर निर्धारण गर्ने लक्ष्य रहेकोमा रू १९८० करोड आयकर निर्धारण भई निर्धारित लक्ष्यको २८७ प्रतिशत प्रगति हासिल भएको छ । त्यस्तै रू १५६ करोड मू.अ.कर निर्धारण गर्ने लक्ष्य रहेकोमा रू २३४करोड मू.अ.कर निर्धारण भई निर्धारित लक्ष्यको १५० प्रतिशत हासिल प्रगति भएको छ । अन्त:शुल्कतर्फ रू ६ करोड अन्त:शुल्क निर्धारण गर्ने लक्ष्य भएकोमा रू ६२ करोड अन्त:शुल्क निर्धारण भई निर्धारित लक्ष्यको ९७० प्रतिशत प्रगति हासिल भएको छ । प्रति करदाता औषतमा नोक्सानी रू ३६६९ हजार घटेको, प्रति करदाता औसतमा रू ३८७८ हजार आयकर निर्धारण भएको, प्रति करदाता औसतमा रू ४५९ हजार मू.अ.कर निर्धारण भएको र औसतमा रू १२१ हजार अन्त:शुल्क निर्धारण भएको छ ।

त्यसै गरी चालु वर्षको कर निर्धारणतर्फ १२६९ करदाताको कर परीक्षण गर्ने लक्ष्य रहेकोमा ८४३ करदाताको कर परीक्षण सम्पन्न भई निर्धारित लक्ष्यको तुलनामा ६६ प्रतिशतले मात्र प्रगति हासिल भएको छ भने रू १६.८५ करोड मू.अ.कर निर्धारण गर्ने लक्ष्य रहेकोमा रू ४३.६४ करोड मू.अ.कर निर्धारण भई लक्ष्यको तुलनामा २५३ प्रतिशत प्रगति हासिल भएको छ । प्रति करदाता रू ५०५ हजार कर निर्धारण भएको छ । अग्रिम कर कट्टी परीक्षण तर्फ १२८० करदाताको कर परीक्षण गर्ने लक्ष्य रहेकोमा १२०० करदाताको कर परीक्षण गरी लक्ष्यको तुलनाका ९४ प्रतिशत प्रगति हासिल भएको छ भने कुल जम्मा रू ११०.६९ करोड कर माग भई निर्धारित लक्ष्य रू २४.३५ करोडको ४५५ प्रतिशत प्रगति हासिल भएको देखिन्छ । प्रति करदाता औसत रू ९१७२ हजार माग श्रृजना भएको देखिन्छ । बजार सर्बेक्षण लक्ष्य ८२२०रहेकोमा ८५९८ हुन गई लक्ष्यको तुलनामा १०५ प्रतिशत प्रगति हासिल भएको छ भने दर्ता खारेजी कर परीक्षणको लक्ष्य २३४७ रहेकोमा ३६०२ हुन गई लक्ष्यको तुलनामा १५३ प्रतिशत प्रगति हासिल भएको छ । त्यसै गरी अबैध मदिरा बिरूद्धको कानूनी करवाहीको लक्ष्य २३४ रहेकोमा कानुनी कारवाही २७९ संख्यामा भई लक्ष्यको तुलनामा ११९ प्रतिशत प्रगति हासिल भएको छ । साथै शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा शुल्कको अनुगमनतर्फ ८४५ संख्यामा लक्ष्य रहेकोमा ७१८ संख्यामा अनुगमन भई लक्ष्यको तुलनामा ८५ प्रतिशत प्रगति हासिल भएको छ भने माग तर्फको लक्ष्य रू १.८५ करोड रहेकोमा प्रगति रू ३६३.९८ करोड भई लक्ष्यको १९६७५ प्रतिशत प्रगति भएको देखिन्छ । Mismatch Resolution तर्फ ४३२ लक्ष्य निर्धारण भएकोमा कार्यालयहरूवाट यस आ.व.मा ६०६ Missmatch कारोवारको Mismatch Resolution सम्पन्न भई निर्धारित लक्ष्यको तुलनामा १४० प्रतिशतले प्रगति हासिल भएको छ । पुन: कर निर्धारण सबै कार्य सम्पन्न गर्नु पर्ने हुदा लक्ष्यको संख्या तोकिएको थिएन । यसरी हेर्दा आ.व. २०७४।०७५ कर परीक्षण व्यवस्थापन शाखाको लागि सफल तथा प्रभावकारी वर्षको रूपमा रहेको देखिन्छ ।

कर परीक्षणतर्फको आ.व. २०७४।०७५ का लागि कायम गरिएको कूल विभागिय लक्ष्यहरू र सो बमोजिम हासिल भएको प्रगति विवरण देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

माथि उल्लेखित तथ्याङ्कहरूको आधारमा कर परीक्षण व्यवस्थापन शाखाको आ.व. २०७४।०७५ को लागि कायम

| IRD Audit Section : | | | | |
|---|---|---|---|---|
| Indicator | Indicators | Target | Performance | Performance Percentage |
| | **Full Audit(No.)** | | | |
| 66 | Total (Vat, ITx & Excise) | 4380 | 5105 | 117 |
| | **Target for Assessment** | | | |
| 107 | Loss Recovery(in '000) | 9359500 | 18731472 | 200 |
| 36 | AA in ITx (in '000) | 6902500 | 19799446 | 287 |
| 37 | MA in VAT (in '000) | 1560500 | 2341747 | 150 |
| 38 | Excise (in '000) | 64120 | 622010 | 970 |
| | **Detail Investigation** | | | |
| 110 | Pre Investigation (No. of Cases) | 815 | 821 | 100 |
| 112 | Comprehensive Investigation (No) | 501 | 638 | 127 |
| 191 | EDP Based Investigation (No) | 134 | 90 | 67 |
| 153 | Amendment / Assessment of IT ('000) | 202500 | 481666 | 237 |
| 154 | Management Assessment of VAT (000) | 142500 | 441417 | 309 |
| | **Current Year Audit** | | | |
| 149 | Current Year Audit of VAT (No) | 1269 | 843 | 66 |
| 150 | MA in VAT (in '000) | 168500 | 426495 | 253 |
| 151 | TDS Audit ( No) | 1280 | 1200 | 94 |
| 152 | TDS Demand (Rs in 000) | 243500 | 1106971 | 454 |
| | **AA against non_filer in ltx** | | | |
| 48 | No. of Cases | 711 | 633 | 89 |
| | **De-registration** | | | |
| 65 | As taxpayer request (# of cases) | 2347 | 3602 | 153 |
| | **Market Monitoring** | | | |
| 171 | Market Monitoring | 8220 | 8598 | 105 |
| 183 | Monitoring of Health Tax, Education Service Fee (No) | 845 | 718 | 85 |
| 184 | Health Tax, Education Service Fee (Amount in 000) | 18500 | 3639896 | 19675 |
| 54 | Legal Action Against Illegal Liquor | 234 | 279 | 119 |

गरिएको कूल विभागीय लक्ष्यहरू र सो बमोजिम हासिल भएको प्रगति विवरण समेतको आधारमा बिश्लेषण गर्दा आ.व. २०७४।०७५ को समग्र प्रगति उच्चस्तरको देखिन्छ । आन्तरिक राजस्व बिभागको राजस्व संकलन तथा कर निर्धारण /संशोधित कर निर्धारणको महत्वपूर्ण हिस्सा ओगट्ने ठूला करदाता कार्यालयका लागि कायम गरिएको लक्ष्यहरू र सो बमोजिम हासिल भएको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| Full Audit | | | |
|---|---|---|---|
| Indicator Name | Target | Performance | Percentage(P) |
| Total (Vat, ITx & Excise) | 450 | 833 | 185 |
| **Target for Assessment** | | | |
| Loss Recovery(in '000) | 7000000 | 12223106 | 175 |
| AA in ITx (in '000) | 6000000 | 18094406 | 302 |
| MA in VAT (in '000) | 1000000 | 1381579 | 138 |
| Excise (in '000) | 45000 | 4322 | 10 |
| **Current Year Audit** | | | |
| Current Year Audit of VAT (No) | 12 | 13 | 108 |
| MA in VAT (in '000) | 10000 | 10511 | 105 |
| TDS Audit ( No) | 40 | 46 | 115 |
| TDS Demand (Rs in 000) | 80000 | 565344 | 707 |
| **AA against non_filer in ltx** | | | |
| No. of Cases | 5 | 3 | 60 |
| De- registration | | | |
| As taxpayer request (# of cases) | 5 | 7 | 140 |

उपरोक्त तालिकावाट ठूला करदाता कार्यालयको कर परीक्षण र सोसंग सम्बन्धित कर निर्धारण सन्तोषजनक रहेको छ । पूर्ण कर परीक्षणतर्फ मू.अ.कर र अन्त:शुल्कको माग लक्ष्य भन्दा निकै बढी रहेको साथै चालु आ.व. कर परीक्षणको मू.अ.कर माग लक्ष्य भन्दा ५ प्रतिशतले बढी रहेको छ ।

कर परीक्षण सन्दर्भमा देखिएका कमजोरीहरू तथा समस्याहरू :

- कर परीक्षण तथा कर निर्धारणमा अपेक्षित गुणात्मकता वृद्धि हुन सकेको छैन ।
- दक्ष जनशक्तिको विकासको लागि पर्याप्त तालिम दिन सकिएको छैन ।
- कर परीक्षणका लागि सजिलो फाइलहरूमा मात्र ध्यान दिदा छनौट भएका केही करदाताहरूको कर निर्धारणको लागि म्याद जाने अवस्था आउने गरेको ।
- केही कार्यालयहरूमा पर्याप्त जनशक्ति नहुदां लक्ष्य हासिल गर्न कठिनाई भएको ।
- चालु आ.व. कर परीक्षणले कम महत्व पाएको ।
- कर परीक्षणमा करदाता छनौट गर्ने Risk Engine लाई पुनरावलोकन गर्नुपर्ने भएको ।
- बहुराष्ट्रिय कम्पनीहरूको कर परीक्षण तथा अनुसन्धानको लागि बिज्ञ समूह तयार गर्न सकिएको छैन ।
- कर परीक्षण तथा अनुसन्धानको माध्यमवाट प्रदर्शनीय प्रभाव (Demonstrative Effect) सृजना गरी कर सहभागिता अभिबृद्धि गर्ने कर परीक्षण तथा अनुसन्धानको सिद्धान्तलाई कम महत्व दिएको पाइयो ।

**गर्नु पर्ने सुधारहरू**

- कार्यालयलाई आवश्यक पर्ने जनशक्ति समयमा नै पदपूर्ति गर्ने ।

- कर परीक्षणको गुणस्तर बृद्धिका लागि नियमित रूपमा कर अधिकृत तथा प्रमुख कर अधिकृतलाई तालिम व्यवस्था गर्ने
- छनौट भएका करदाताको कर निर्धारणको म्याद नजाने गरी कार्ययोजना बनाउन लगाउने र म्याद गुजारेको अर्बस्थामा सम्बन्धित कर अधिकृत/प्रमुख कर अधिकृतलाई जिम्मेवारी बनाउने ।
- चालु वर्षको परीक्षणलाई प्रभावकारी बनाउन करदाता छनौट प्रकृयालाई अझ वैज्ञानिक बनाउदै लैजाने ।
- बहुराष्ट्रिय कम्पनी लगायत ठूला करदाताहरूवाट हुन सक्ने कर चुहावट एवं कर मुक्ति योजना रोक्नको लागि सम्बन्धित कर अधिकृत तथा प्रमुख कर अधिकृतलाई राष्ट्रिय अन्तराष्ट्रिय तालिमको व्यवस्था गर्ने ।
- कर परीक्षण तथा अनुसन्धान कार्यलाई गुणस्तरीय,अनुशासित तथा व्यवस्थित बनाउनको लागि दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।
- करदाताको कारोवारसम्बन्धी सूचनामा पर्याप्त पहुच पुऱ्याउनको लागि अन्य निकायहरूसँग सूचना सञ्जालको विकास गर्ने ।

### २.७.३ अनुसन्धान तथा विकास शाखा

अनुसन्धान तथा विकास शाखाबाट आ.व. २०७४/०७५ मा करदाताहरुले कार्यालयमा पेश गरेका विभिन्न विवरणहरुको विश्लेषणका साथै आन्तरिक तथा वाह्रय श्रोतहरुवाट प्राप्त भएको सूचना तथा उजुरीहरुलाई आधार लिएर अनुसन्धानको कार्य अघि वढाउने रणनीति लिई सोही अनुसार अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको वार्षिक लक्ष्य निर्धारण गरी कार्यालयहरुमा पठाइएको ।

अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको वार्षिक तथा मासिक लक्ष्य हासिल गर्नका लागि आन्तरिक राजस्व विभाग अर्न्तगत काठमाण्डौ उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, २ र ३ तथा ठूला करदाता कार्यालयमा अनुसन्धान शाखाका रुपमा छुट्टै शाखा संचालनमा रहेको छ भने अन्य आन्तरिक कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा कर परीक्षण शाखावाट नै अनुसन्धान समेतको कार्य सम्पादन हुने गरेको छ ।

विद्युतीय व्यवस्थापन सूचना प्रणाली (EIMS) मा प्रविष्टि गरिएको प्रगति प्रतिवेदनको तथ्यांकको आधारमा आर्थिक वर्ष २०७४/०७५ मा अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको समग्रमा लक्ष्य अनुरुप प्रगति भएको छ ।

अनुसन्धान तथा विकास शाखाको विगत ५ आर्थिक वर्षको कार्यगत परिसूचकहरुको प्रगति तथा Yield Per Case लाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

१) आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालय

**Audit Section : IRO & TSO**

**Detail Investigation**

| Indicators | Performance 2070/71 | Performance 2071/72 | Performance 2072/73 | Performance 2073/74 | Performance 2074/75 |
|---|---|---|---|---|---|
| Comprehensive Investigation (No. of cases) | 769 | 1266 | 942 | 856 | 655 |
| Amendment / Assesment of IT ('000) | 160908 | 213626 | 254373 | 438336 | 484568 |
| **Yield Per case ('000)** | **209** | **169** | **270** | 512 | 740 |

| | | | | | |
|---|---|---|---|---|---|
| Management Assesment of VAT (000) | 225230 | 224933 | 244742 | 351389 | 442106 |
| **Yield Per case ('000)** | **293** | **178** | **260** | 410 | 675 |
| Total | 386347.2 | 438727.7 | 499385 | 789725 | 926674 |
| **Yield Per case ('000)** | **502** | **347** | **530** | 923 | 1415 |

२) ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १,२ र ३

**Investigation Section :LTO, IRO 1, 2, 3**

| Indicators | Performance 2070/71 | Performance 2071/72 | Performance 2072/73 | Performance 2073/74 | Performance 2074/75 |
|---|---|---|---|---|---|
| Comprehensive Investigation (No) | 533 | 337 | 147 | 138 | 159 |
| EDP Based Investigation (No) | 40 | 24 | 48 | 27 | 24 |
| AA of IT (Rs 000) | 1771571 | 1148762 | 647972 | 1085269 | 500305 |
| **Yield Per case ('000)** | **3324** | **3409** | **4408** | 7864 | 3147 |
| MA of VAT (Rs. 000) | 995898 | 454906 | 148906 | 203357 | 187811 |
| **Yield Per case ('000)** | **1868** | **1350** | **1013** | 1474 | 1181 |
| Total | 2770793 | 1607077 | 801286 | 1288626 | 688116 |
| **Yield Per case ('000)** | **5198** | **4769** | **5451** | 9338 | 4328 |

**तथ्यांकीय विश्लेषण** ( Data Analysis) **तर्फ**:

करदाताबाट कार्यालयमा पेश भएका आयकर तथा मू.अ.कर विवरण र करफिर्ता को तथ्यांक बिश्लेषणको लक्ष्य र प्रगतिलाई समीक्षा गर्दा समग्रमा शत प्रतिशत भन्दा वढी प्रगति हासिल भएको देखिन्छ। विगत ४ वर्षको लक्ष्य प्रगति विवरण निम्नानुसार रहेको छ :

| Indicators | 2071/72 | | 2072/73 | | 2073/74 | | 2074/75 | |
|---|---|---|---|---|---|---|---|---|
| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
| Data Analysis Income Tax Returns (No) | 100 | 115 | 100 | 113 | 100 | 119 | 100 | 101 |
| Data Analysis of VAT Returns (No) | 100 | 118 | 100 | 114 | 100 | 117 | 100 | 115 |
| Data Analysis of Refund Claims (No) | 50 | 58 | 50 | 58 | 50 | 54 | 50 | 42 |

**अनुसन्धान संख्या तर्फ**

अनुसन्धानको समग्र संख्यात्मक लक्ष्यलाई हेर्दा प्रारम्भिक अनुसन्धान तथा विस्तृत अनुसन्धानको लक्ष्य हासिल भएकै देखिन्छ। कम्प्यूटर सूचनामा आधारित अनुसन्धान (EDP) संख्याको लक्ष्य पनि विगतको आर्थिक वर्षहरुमा भन्दा बढि प्रगति भएको पाइन्छ। विगत ४ वर्षको विभागको समग्र लक्ष्य प्रगतिको विवरण निम्नानुसार रहेको छः

| Indicators | 2071.72 | 2072.73 | 2073.74 | 2074.75 |
|---|---|---|---|---|

| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
|---|---|---|---|---|---|---|---|---|
| Pre Investigation (No. of Cases) | 1028 | 1266 | 1230 | 1332 | 900 | 1200 | 975 | 1009 |
| Comprehensive Investigation (No. of cases) | 1194 | 1626 | 432 | 1088 | 589 | 994 | 601 | 814 |
| EDP Based Investigation (No) | 20 | 24 | 48 | 48 | 24 | 43 | 174 | 114 |

**कर निर्धारण तर्फः**

अनुसन्धानवाट कर निर्धारण तर्फको लक्ष्य समग्रमा हासिल भएको देखिन्छ। विगत ४ वर्षको लक्ष्य प्रगतिको विवरण निम्नानुसार रहेको छः

| Indicators | 2071.72 | | 2072.73 | | 2073.74 | | 2074.75 | |
|---|---|---|---|---|---|---|---|---|
| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
| Amendment / Assesment of IT('000) | 1040567 | 1363054 | 551200 | 902299 | 876600 | 1523605 | 877500 | 984873 |
| Management Assesment of VAT(000) | 582800 | 680450 | 339200 | 393648 | 273400 | 554746 | 275000 | 629917 |

अनुसन्धानको संख्यामा निरन्तर रुपमा कमी आएको तर प्रतिफलमा भने सुधार भएको देखिन्छ। अनुसन्धानको गुणस्तरमा सुधार गर्न अर्थपुर्ण सूचनाको संकलन, जोखिमको विश्लेषण गर्दै सूचना र ज्ञानमा आधारित अनुसन्धानमा जोड दिनुपर्ने देखिन्छ।

### २.७.४ सूचना प्रविधि व्यवस्थापन महाशाखा

सूचना प्रविधि व्यवस्थापन महाशाखाबाट आ.व. २०७४/७५ मा सम्पादन भएका कार्यहरुको प्रगति देहाय बमोजिम उल्लेख गरिएको छ ।

- करचुक्ताको निवेदन अनलाइनबाट दिने र प्रणालीबाटै चुक्ता प्रमाणपत्र तयार गरी जारी गर्ने व्यवस्थामा परिमार्जन गरिएको।
- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System) को प्रारुप तयार गरी नमूनाको रुपमा लागु गर्दै थप विस्तारको क्रममा रहेको।
- आयकरको Audit Trail Report (ATR) तयार गरी प्रणालीमा आवद्ध गरिएको।
- आयकरको संशोधित कर निर्धारण (AA) परिमार्जन गरिएको।
- विभागको सूचना प्रविधि प्रणालीको System Audit बाट औंल्याइएका प्रमुख कमी कमजोरीलाई व्यवस्थापन गरिएको।
- विद्युतीय प्रणालीबाट राजस्व भुक्तानीको लागि विभागको एकीकृत कर प्रणालीबाटै भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको।

- नयाँ स्थापना भएका कार्यालयमा आवश्यक न्यूनतम विद्युतीय उपकरणको Specification तयार गरी उपलब्ध गराइएको।
- विभागको डाटा सेन्टरमा थप गरिएका सर्भर, Storage लगायतका विद्युतीय उपकरणहरुलाई Configure गरी प्रयोगमा ल्याइएको।
- अन्तःशुल्कको स्टीकर व्यवस्थापन प्रणाली परिमार्जन गरी लागु गरिएको।
- कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७४ अनुसार प्रमाणिकरणका लागि पेश भएका सफ्टवेयरहरुको प्राविधिक परीक्षण गरी राय उपलब्ध गराएको।
- भन्सार विभागसँग Interconnectivity स्थापना गरी वेव सर्भिस मार्फत आयात निर्यात सम्बन्धी तथ्याङ्क प्राप्त गर्ने व्यवस्थाको लागि समन्वय गरिएको।
- एकिकृत कर प्रणाली (Integrated Tax System) को Taxpayer Portal बाटै विद्युतीय भुक्तानी गर्न सक्ने गरी प्रणाली विकास गरिएको।
- Appeal Information Management System (AIMS) को विकास गरी परीक्षण कार्य सम्पन्न भएको।
- अन्तःशुल्क तर्फ भौतिक निरीक्षण प्रणाली लागु भएका उद्योगहरुको लागि Activity Recording System को विकास गरिएको।
- आर्थिक ऐन, २०७५ ले दिएका कर छुटको विवरण व्यवस्थापनको लागि Scheme Waiver नामक छुट्टै Module तयार गरी प्रणालीमा समावेश गरिएको।
- एकीकृत कर प्रणालीमा समावेश गरिएका नयाँ प्रावधानहरु सम्बन्धमा कार्यालयहरुमा स्थलगत तालिम प्रदान गरिएको।
- विद्युतीय हस्ताक्षर प्रयोग प्रारम्भ गर्नको लागि अध्ययन गरी ITS मा यसको प्रयोग गर्ने तयारी गरिएको।
- बक्यौता व्यवस्थापनको लागि प्रयोगमा रहेको Arrear Management System मा परिमार्जन गरी करदातागत बक्यौता तथा सो को ATR प्रणालीबाट Generate गर्ने व्यवस्था मिलाइएको।
- व्यवसाय नगरेका प्राकृतिक व्यक्ति स्वयंले Taxpayer Portal बाट आफ्नो Withholdee User बनाई करकट्टी भएको विवरण हेर्न सक्ने व्यवस्था थप गरिएको।

### २.७.५ योजना तथा मानव संशाधन विकास शाखा

योजना तथा मानव संशाधन शाखाबाट आ.व. २०७४/७५ मा जनशक्तिको ज्ञान, क्षमता विकास गर्न विभिन्न स्वदेशी तथा विदेशी तालिम संचालनमा समेत सहभागिताका लागि मनोनयन लगायत देहाय बमोजिमका कार्यहरु सञ्चालन गरेको छ ।

- विभागको प्रथम रणनीतिक योजना (२०१२/१३-२०१६/१७) को समिक्षा गरी आगामी ५ वर्षे प्रथम रणनीतिक योजना मूल्यांकन गर्री दोस्रो रणनीतिक योजना तयारीको क्रममा रहेको ।
- विभागको वार्षिक कार्ययोजना तयार गरी कार्यालयहरुलाई सो अनुरुप वार्षिक कार्ययोजना तयार गर्न लगाइएको ।
- व्यवस्थापन गोष्ठीको आयोजना र सो बमोजिम कार्ययोजना तयार गरिएको ।
- विभाग र अन्तरगत कार्यरत कर्मचारीहरुलाई आधारभुत लेखा प्रणाली सम्बन्धी तालिम (Basic Accounting Training), Nepal Financial Reporting System(NFRS) र ITS सम्बन्धी तालिम सञ्चालन गरिएको ।

- वैदेशिक तालिम, सेमिनार, अध्ययन भ्रमणमा विभाग र अन्तर्गत कार्यरत ४५ जनालाई सहभागी गराइएको ।
- विभाग र अन्तरगत सम्पन्न कार्यहरु एवं करदातालाई विभिन्न सूचना एवं जानकारी प्रवाह गर्नको लागि मासिकरुपमा कर बुलेटिन प्रकाशन गरिएको ।
- GIZ, IMF लगायत अन्य साझेदारहरुसंग सहकार्य र समन्वयलाई निरन्तरता दिइएको ।

### २.७.६ अनुगमन तथा मूल्यांकन शाखा

आर्थिक वर्ष २०७४/०७५ मा यस शाखाले विभागको आवश्यकतानुसार विभागमा राजस्व समीक्षा बैठक सञ्चालन गरेको र प्रत्येक महिना विभागले गरेको कार्य प्रगति, राजस्व असुली लगायत समीक्षात्मक प्रस्तुतीको विवरण अर्थ मन्त्रालयमा पेश गरेको छ । यस विभाग मातहतका ४९ वटै कार्यालयहरूको कार्यसम्पादनको अनुगमन, निरीक्षण तथा मूल्यांकन गरेको, कार्यसम्पादन सूचकांक कार्यान्वयन निर्देशिका अद्यावधिक गर्ने, विभागका महानिर्देशक र उपमहानिर्देशक/निर्देशकहरू तथा महानिर्देशक र मातहतका कार्यालय प्रमुखहरूबीच कार्य सम्पादन सम्झौता सम्बन्धमा भूमीका निर्वाह गरेको र e-ims लाई अद्यावधिक गर्ने कार्य गरेको छ ।

आ.व. २०७४/०७५ मा आन्तरिक राजस्व कार्यालयहरूलाई तोकिएको कार्यगत लक्ष्य र प्रगतिको आधारमा देहायमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरले ९८.०९ प्रतिशत प्राप्त गरी प्रथम, आन्तरिक राजस्व कार्यालय, धनगढीले ९८.१२ प्रतिशत प्राप्त गरी द्वितीय र आन्तरिक राजस्व कार्यालय, पोखराले ९७.०८ प्रतिशत प्राप्त गरी तृतीय स्थान हासिल गरेका छन् । समग्र कार्यसम्पादनस्तर हेर्दा ७ ओटा कार्यालयहरूले A++, १९ ओटा कार्यालयहरूले A+, ९ ओटा कार्यालयहरूले A र १ ओटा कार्यालयले B ग्रेडिङ प्राप्त गरेका छन् । सबै कार्यालयहरूको शाखागत र कूल कार्यसम्पादनको अंक देहाय बमोजिम रहेको छ ।

**कार्यालयहरूको कार्यसम्पादन तथा ग्रेडिङ**

| S.No. | Office Name | Audit | | Appeal | | Collection | | Investigation | | TP Services | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade |
| 1 | Mahendranagar - 21 | 104.00 | A++ | | | 101.76 | A++ | | | 89.60 | A+ | 98.90 | A++ |
| 2 | Dhangadhi - 20 | 102.88 | A++ | | | 101.92 | A++ | | | 88.12 | A+ | 98.12 | A++ |
| 3 | Pokhara - 22 | 102.72 | A++ | | | 102.76 | A++ | | | 83.88 | A | 97.08 | A++ |
| 4 | Dang - 51 | 108.56 | A++ | | | 95.44 | A++ | | | 84.96 | A | 96.89 | A++ |
| 5 | Bharatpur - 19 | 102.12 | A++ | | | 101.44 | A++ | | | 84.60 | A | 96.63 | A++ |
| 6 | Lalitpur - 23 | 108.56 | A++ | | | 97.92 | A++ | | | 78.96 | A | 95.96 | A++ |
| 7 | Bhairahawa - 24 | 104.84 | A++ | | | 95.08 | A++ | | | 84.24 | A | 95.24 | A++ |
| 8 | KTM 2 - 28 | 92.61 | A+ | 83 | A | 89.89 | A+ | 85.84 | A+ | 107.60 | A++ | 92.35 | A+ |
| 9 | Nepalgung - 26 | 91.80 | A+ | | | 97.80 | A++ | | | 86.60 | A+ | 92.34 | A+ |
| 10 | Biratnagar - 12 | 101.72 | A++ | | | 92.60 | A+ | | | 80.76 | A | 92.24 | A+ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | Bhaktapur - 29 | 99.84 | A++ | | | 89.80 | A+ | | | 81.72 | A | 90.89 | A+ |
| 12 | Butwal - 33 | 88.08 | A+ | | | 92.44 | A+ | | | 90.40 | A+ | 90.30 | A+ |
| 13 | TSO, Kalanki | 96.08 | A++ | | | 92.80 | A+ | | | 80.28 | A | 90.19 | A+ |
| 14 | KTM 1 - 27 | 86.30 | A+ | 100 | A++ | 85.82 | A+ | 94.87 | A+ | 98.00 | A++ | 90.05 | A+ |
| 15 | KTM 3 - 25 | 84.39 | A | 58 | C | 85.97 | A+ | 101.94 | A++ | 89.25 | A+ | 89.98 | A+ |
| 16 | Hetauda - 18 | 88.40 | A+ | | | 100.04 | A++ | | | 79.88 | A | 89.92 | A+ |
| 17 | TSO, Thamel | 87.16 | A+ | | | 101.68 | A++ | | | 78.52 | A | 89.65 | A+ |
| 18 | TSO, Koteshwor | 90.60 | A+ | | | 95.60 | A++ | | | 76.92 | A | 88.25 | A+ |
| 19 | TSO, Putalisadak | 97.72 | A++ | | | 87.40 | A+ | | | 77.60 | A | 88.07 | A+ |
| 20 | Krisnanagar - 30 | 86.84 | A+ | | | 93.08 | A+ | | | 83.52 | A | 88.03 | A+ |
| 21 | TSO, Maharajgunj | 94.36 | A+ | | | 88.32 | A+ | | | 79.56 | A | 87.81 | A+ |
| 22 | Janakpur - 14 | 86.88 | A+ | | | 92.92 | A+ | | | 81.96 | A | 87.52 | A+ |
| 23 | LTO - 52 | 91.64 | A+ | 92 | A+ | 85.36 | A+ | 81.58 | A | 92.50 | A+ | 87.37 | A+ |
| 24 | Bhadrapur - 11 | 90.48 | A+ | | | 90.08 | A+ | | | 78.68 | A | 86.80 | A+ |
| 25 | Dharan - 13 | 89.00 | A+ | | | 88.08 | A+ | | | 82.04 | A | 86.59 | A+ |
| 26 | Birgunj - 17 | 85.64 | A+ | | | 90.04 | A+ | | | 78.76 | A | 85.12 | A+ |
| 27 | TSO, Battisputali | 81.16 | A | | | 95.84 | A++ | | | 74.32 | B | 84.25 | A |
| 28 | TSO, Kalimati | 81.28 | A | | | 90.08 | A+ | | | 80.28 | A | 84.06 | A |
| 29 | TSO, Chabahil | 85.76 | A+ | | | 84.68 | A | | | 78.52 | A | 83.21 | A |
| 30 | TSO, Tripureshwor | 84.16 | A | | | 87.84 | A+ | | | 72.16 | B | 81.85 | A |
| 31 | Simara - 16 | 63.28 | C | | | 94.40 | A+ | | | 81.08 | A | 79.51 | A |
| 32 | Lahan - 15 | 79.52 | A | | | 71.88 | B | | | 80.80 | A | 77.23 | A |
| 33 | TSO, New Road | 72.88 | B | | | 72.00 | B | | | 86.84 | A+ | 76.76 | A |
| 34 | TSO, Tangal | 62.36 | C | | | 88.44 | A+ | | | 76.92 | A | 75.86 | A |
| 35 | TSO, New Baneshwor | 81.36 | A | | | 75.40 | A | | | 69.00 | B | 75.57 | A |
| 36 | TSO, Balaju | 50.44 | C | | | 85.92 | A+ | | | 76.52 | A | 70.68 | B |

| IRD performance:87.81(A+) |
|---|

| Grade | Percentage |
|---|---|
| **A++** | 95 & Above |
| **A+** | 85 - 95 |
| **A** | 75 - 85 |
| **B** | 65 - 75 |
| **C** | 50 - 65 |
| **D** | 0 - 50 |

### २.७.७ वेरुजु शाखा

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको आर्थिक वर्ष २०७४/७५ मा कुल बेरुजु रकम ४० अर्ब ४८ करोड ४९ लाख ७३ हजार रहेकोमा १५ अर्ब ४८ करोड ७६ हजार बेरुजु फछ्र्यौट भई कुल बेरूजुमध्ये ३८.२ प्रतिशत बेरुजु फछ्र्यौट भएको छ । आन्तरिक राजस्व कार्यालयहरु दाङ र महेन्द्रनगरको बेरुजु शुन्य रहेको छ। आन्तरिक राजस्व कार्यालयहरु भद्रपुर,धरान, विराटनगर, सिमरा, हेटौडा, भरतपुर, काठमाडौं क्षेत्र नं. १, २, ३, ललितपुर, भक्तपुर, पोखरा, बुटबल, भैरहवा, कृष्णनगर, नेपालगंज, धनगढी, क.से.का. कोटेश्वर, बत्तीसपुतली, पुतलीसडक, ठमेल, महाराजगंज, वालाजु, कालिमाटी, कलंकी टंगालले ५० प्रतिशतभन्दा बेरूजुफछ्र्यौटगरेका छन् । समग्रमा आन्तरिक राजस्व विभागको बेरुजु फछ्र्यौट प्रगति ३८.२ प्रतिशत रहेको छ ।

**कार्यालयगत वेरुजुको फर्छ्यौट भएको बेरुजुको अबस्था**

| | | | रु. हजारमा | |
|---|---|---|---|---|
| **सि.नं.** | **कार्यालयको नाम** | **जम्मा बेरुजु** | **फछ्र्यौटभएको बेरुजु** | **प्रगतिप्रतिशत** |
| १ | आ.रा.का.भद्रपुर | १९०२९ | १५६७५ | ८२.४% |
| २ | आ.रा.का.धरान | १०३४२७ | ५३३२३ | ५१.६% |
| ३ | आ.रा.का.विराटनगर | २००३१३ | १०१३६० | ५०.६% |
| ४ | आ.रा.का.लाहान | ५८४४१ | १५३२७ | २६.२% |
| ५ | आ.रा.का जनकपुर | २१५६२ | २९०० | १३.४% |
| ६ | आ.रा.का.सिमरा | ६२०३६ | ५१८६९ | ८३.६% |
| ७ | आ.रा.का.विरगञ्ज | १२८४३९ | ५०९३० | ३९.७% |
| ८ | आ.राका.हेटौंडा | ६९४२४ | ५२१३७ | ७५.१% |
| ९ | आ.रा.का.भरतपुर | २४५३५७ | १९७१२४ | ८०.३% |
| १० | आ.रा.का.क्षेत्रनं. १ | ४७२६५१ | ३३४६०९ | ७०.८% |

| | | | | |
|---|---|---|---|---|
| ११ | आ.रा.का.,क्षेत्रनं. २ | ३०६०४८ | १९४७६९ | ६३.६% |
| १२ | आ.रा.का.,क्षेत्रनं. ३ | ३३९८७२ | २२३९६१ | ६५.९% |
| १३ | आ.रा.का.ललितपुर | २८६९८९ | १८४८८७ | ६४.४% |
| १४ | आ.रा.का.भक्तपुर | २००५९२ | ११३८७४ | ५६.८% |
| १५ | आ.रा.का.,पोखरा | ८७४९६ | ६३४४१ | ७२.५% |
| १६ | आ.रा.का.बुटबल | ७००६० | ५३२६८ | ७६.०% |
| १७ | आ.रा.का.भैरहवा | १६५५०५ | १०२५२४ | ६१.९% |
| १८ | आ.रा.का.कृष्णनगर | २५५० | २३५७ | ९२.४% |
| १९ | आ.रा.का.,दाङ | ० | ० | |
| २० | आ.रा.का.नेपालगन्ज | ६९७३३ | ४७२५० | ६७.८% |
| २१ | आ.रा.का.धनगढि | १६३२१ | १३९३३ | ८५.४% |
| २२ | आ.रा.का,महेन्दनगर | १२२३ | १२२३ | १००.०% |
| २३ | ठुला करदाता कार्यालय | ३४४८०१८७ | १२७२१५०३ | ३६.९% |
| २४ | क.से.का.कोटेश्वर | ३७७४४ | २८१४४ | ७४.६% |
| २५ | क.से.का.चावहिल | १२७६५२ | ५२७४८ | ४१.३% |
| २६ | क.से.का.बत्तिसपुतली | ८८४७ | ८६१३ | ९७.४% |
| २७ | क.से.का.नयाँबानेश्वर | १००७७२१ | २८२३७ | २.८% |
| २८ | क.से.का.पुतलीसडक | ३८९८८९ | १९८६०१ | ५०.९% |
| २९ | क.से.का.त्रिपुरेश्वर | ५००३२८ | २५२२३ | ५.०% |
| ३० | क.से.का.नयाँसडक | २१२७७१ | ८८५७५ | ४१.६% |
| ३१ | क.से.का ठमेल | १२४४१ | ९४१९ | ७५.७% |
| ३२ | क.से.का.महाराजगञ्ज | २५५८२ | १५१३५ | ५९.२% |
| ३३ | क.से.का.बालाजु | १४२९३६ | ७३१३२ | ५१.२% |
| ३४ | क.से.का कालीमाटी | १८९५५० | १३५२१२ | ७१.३% |
| ३५ | क.से.का.कलंकी | २५१९९४ | १३५१५८ | ५३.६% |

| | | | | |
|---|---|---|---|---|
| ३६ | क.से.का.टंगाल | १६६८९० | ८३६०३ | ५०.१% |
| ३७ | क.से.का.दमक | ० | ० | |
| ३८ | क.से.का.ईलाम | ० | ० | |
| ३९ | क.से.का.धनकुटा | ० | ० | |
| ४० | क.से.का.ईटहरी | ० | ० | |
| ४१ | क.से.का. गाईघाट | ३२ | ३२ | १००.०% |
| ४२ | क.से.का. बर्दिबास | ० | ० | |
| ४३ | क.से.का. गौर | ० | ० | |
| ४४ | क.से.का. धुलिखेल | ० | ० | |
| ४५ | क.से.का.दमौली | ० | ० | |
| ४६ | क.से.का.बागलुङ | ० | ० | |
| ४७ | क.से.का.पाल्पा | ० | ० | |
| ४८ | क.से.का.सुर्खेत | ९५८ | ० | ०.०% |
| ४९ | क.से.का.जुम्ला | २३८३ | ० | ०.०% |
| | जम्मा | **४०४८४९७३** | **१५४८००७६** | ३८.२% |

### २.७.८ अन्तःशुल्क शाखा

अन्तःशुल्क शाखाबाट आ.व. २०७४/७५ मा निम्न बमोजिमका कार्यहरु सम्पादन गरिएको छ।

**आर्थिक वर्ष २०७४/७५ मा सम्पादन गरिएका मुख्य कार्यहरु**

- अन्तःशुल्क टिकट तथा डोरलकको छपाई तथा आपूर्ति प्रक्रियाका लागि टेण्डर प्रक्रिया सुरु गरिएको।
- अन्तःशुल्क निर्देशिका, २०६८(परिमार्जित संस्करण, २०७३) लाई परिमार्जन गरी अन्तःशुल्क निर्देशिका, २०६८(परिमार्जित संस्करण, २०७५) कार्यान्वयनमा ल्याइएको।
- बियरको बोतलमा अन्तःशुल्क टिकट लगाउने व्यवस्थाको कार्यान्वयन गरिएको।
- अन्तःशुल्क टिकट व्यवस्थापनको लागि सफ्टवेयर निर्माण गरी प्रयोग गरिएको।
- अल्कोहल शक्ति मापन गर्ने Portable Alochol Meter खरिद गरी प्रयोगमा ल्याइएको।

- अन्तःशुल्क टिकट नै टांस नभएका, नक्कली अन्तःशुल्क टिकटको प्रयोग गरेका, तोकिएभन्दा फरक शक्तिको अन्तःशुल्क टिकट प्रयोग गरेका ११ वटा मदिरा उत्पादक प्रतिष्ठानहरुलाई कारबाही गरिएको ।

- आर्थिक वर्ष २०७४/७५ तथा २०७५/७६ का लागि आपूर्ति भएका अन्तःशुल्क टिकटको प्राविधिक परीक्षण गरी कार्यान्वयनमा ल्याइएको ।

- भौतिक नियन्त्रण प्रणाली अन्तर्गत ९ वटा मदिरा उत्पादक प्रतिष्ठानहरुको अनुगमन गरिएको ।

### २.७.९ अन्तराष्ट्रिय कर शाखा

अन्तर्राष्ट्रिय कर सँग सम्बन्धित विषयहरुमा विभागको Focal Point को रुपमा यो शाखाले कार्य गर्ने गर्दछ । आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा १ अनुसार नेपाल सरकारको तर्फवाट विभिन्न देशहरुसँग द्विपक्षीय हित तथा आवश्यकताका आधारमा दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गर्ने, आवश्यक परेको खण्डमा सम्झौतामा भएका व्यवस्थाहरु संशोधन सम्बन्धी कार्य गर्ने र सम्झौताहरुमा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्ने कार्य यस शाखाको प्रमुख कार्यको रुपमा रहेको छ । सम्झौताका प्रावधानहरुको विषयमा द्विविधा भई करदाताहरुवाट अनुरोध भइ आएमा विभागवाट आवश्यक निर्णय गरी द्विविधा हटाउने कार्य समेत यो शाखावाट हुने गर्दछ । साथै यस शाखाका अन्य कार्यहरुमा विदेशी लगानीकर्ताहरुलाई नेपालको कर कानून तथा कर सम्बन्धी व्यवस्थाहरुको बारेमा जानकारी उपलब्ध गराउने, अन्तर्राष्ट्रिय करका विविध विषयहरुमा अध्ययन गर्ने गराउने, नेपालमा कार्य गर्ने विदेशी नागरिकहरुको कर सहभागिता अनुगमन सम्बन्धी कार्यहरु रहेका छन् ।

आर्थिक वर्ष २०७४/०७५ सम्ममा नेपालले १० वटा मित्रराष्ट्रहरुसंग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता सम्पन्न गरिसकेको छ भने केही देशहरुसँग सम्झौताको प्रक्रिया अगाडी बढेको अवस्था छ ।

**नेपालले हाल सम्म दोहोरो कर मुक्ति सम्झौता गरेका देशहरु**

| सि.नं. | देश | सम्झौता मिति | कैफियत |
|---|---|---|---|
| १. | गणतन्त्र भारत (Republic of India) | २७ नोभेम्वर २०११ | सन् १९८७ मा भएको पुरानो सम्झौतालाई पुनर्स्थापित गरेको |
| २. | नर्वे अधिराज्य (Kingdom of Norway) | १३ मे १९९६ | |
| ३. | थाइल्याण्ड अधिराज्य (Kingdom Thailand) | २ फेब्रुअरी १९९८ | |
| ४. | प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलंका (Democratic Socialist Republic of Sri Lanka) | ६ जुलाइ १९९९ | |
| ५. | गणतन्त्र मौरिसस (Republic of Mauritius) | ३ अगष्ट १९९९ | |
| ६. | गणतन्त्र अष्ट्रिया (Republic of Austria) | १५डिसेम्वर २००० | |

| | | | |
|---|---|---|---|
| ७. | इस्लामिक गणतन्त्र पाकिस्तान(Islamic Republic of Pakistan) | २५ जनवरी २००१ | |
| ८. | जनवादी गणतन्त्र चीन (People's Republic of China) | १४ मे २००१ | |
| ९. | गणतन्त्र कोरिया (Republic of Korea) | ५ अक्टोवर २००१ | |
| १०. | कतार (State of Qatar) | १५ अक्टोवर २००७ | |

**गत आर्थिक वर्षमा भएका उल्लेखनीय कार्यहरु :**

१. अन्तरदेशीय कर छलि नियन्त्रण गर्न आर्थिक सहयोग तथा विकास संगठन (Organization for Economic Cooperation and Development, OECD) ले सन् २०१३ देखि परियोजनाको रुपमा अगाडि बढाएको नवीन अर्वधारणा Base Erosion and Profit Shifting (BEPS) अनुसार नेपालको कर प्रणालीमा परेको प्रभाव सम्वन्धमा अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको ।

२. दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि विगतमा कार्य प्रारम्भ भई छलफलको क्रममा रहेका मुलुकहरु सिंगापूर, संयुक्त अरब इमिरेट्स, अष्ट्रेलिया, क्यानडा, बेलायत, जापान, मलेशिया, टर्की, रसिया, ओमान, ब्राजिल र बहराइन संग DTAA सम्झौता प्रस्तावित भएको उक्त सम्झौताहरुवाट नेपालको कर, प्रत्यक्ष वैदेशिक लगानी तथा अन्य आर्थिक पक्षहरुमा पर्न सक्ने प्रभावका सम्बन्धमा अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको ।

३. बंगलादेश सरकार संग विभिन्न चरणमा वार्ता सम्पन्न भई सम्झौतामा हस्ताक्षर गर्ने चरणमा पुगेको छ । आ. व. २०७४/७५ मा नेपाल सरकार मन्त्रिपरिषद्वाट निर्णय भई माननीय अर्थ मन्त्रीलाई नेपाल सरकारको तर्फवाट सम्झौतामा हस्ताक्षर गर्ने अख्तियारी प्राप्त भएको छ । निकट भविश्यमा दुई देश बीच हस्ताक्षर भई सम्झौता प्रक्रियाले पूर्णता पाउने अबस्था रहेको छ ।

४. मित्रराष्ट्र वेलायतसंग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि प्रथम चरणको वार्ता गर्ने विषयमा विभागवाट निर्णय भई वार्ताको लागि आवश्यक पर्ने कागजात सहित वार्ता टोली गठन गर्ने प्रक्रिया अगाडी बढाउन अर्थ मन्त्रालयमा अनुरोध गरिएकोमा मन्त्रालयवाट प्रक्रिया अघि बढेको हुंदा निकट भविश्यमा दुई देश बीच प्रथम चरणको वार्ता सम्पन्न हुने अबस्था रहेको छ ।

५. गृह मन्त्रालयवाट कार्य सहमति प्राप्त गरी नेपालमा विभिन्न संघ, संस्था तथा निकायहरुमा रोजगारी गर्न आएका विदेशी नागरिकहरुको सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु मार्फत कर सहभागिता अनुगमन गर्ने कार्य शुरुवात गरिएको छ ।

## २.७.१० कर फिर्ता शाखा

आ.व. २०७४/७५ मा कर फिर्ताको अबस्थालाई हेर्दा जम्मा ६१९ वटा कर फिर्ता दावी गरिएकोमा Refunded Count (कर फिर्ता संख्या) ३८३ अर्थात ६१.८७ प्रतिशत र Rejected Count (कर फिर्ता अमान्य संख्या) २३६ अर्थात ३८.१३ प्रतिशत रहेको देखिन्छ ।

## करफिर्ता विवरण

| सि.नं. | आ.व. | Claimed Amount (in arab) | Accepted Amount (in arab) |
|---|---|---|---|
| १ | २०७४/०७५ | ५.६० | ४.५९ |
| २ | २०७३/०७४ | ५.७८ | ४.७६ |
| ३ | २०७२/०७३ | ७.२२ | ४.२३ |
| ४ | २०७१/०७२ | ९.९१ | ५.०५ |
| ५ | २०७०/०७१ | ८.२३ | ६.०३ |
| ६ | २०६९/०७० | ९.६२ | ५.११ |
| ७ | २०६८/०६९ | १३.५४ | ३.४२ |
| ८ | २०६७/०६८ | १०.६१ | ३.३९ |
| ९ | २०६६/०६७ | ७.६१ | २.२७ |
| १० | २०६५/०६६ | ३.९३ | २.२५ |
| ११ | २०६४/०६५ | ४.४९ | ३.२० |
| १२ | २०६३/०६४ | ४.८० | ३.५२ |
| १३ | २०६२/०६३ | ५.१८ | ४.०९ |
| १४ | २०६१/०६२ | ३.९० | २.८५ |
| १५ | २०६०/०६१ | ३.४३ | २.०८ |
| १६ | २०५९/०६० | ३.५६ | १.६८ |



कुटनीतिक कर फिर्ता तर्फको विवरण

| सि.नं. | आ.व. | Claimed Amount (in crore) | Accepted Amount(in crore) |
|---|---|---|---|
| १ | २०७४/०७५ | ५९.७६ | ४२.८७ |
| २ | २०७३/०७४ | ९६.०३ | ७५.७३ |
| ३ | २०७२/०७३ | ८०.८७ | ७०.३८ |
| ४ | २०७१/०७२ | ५१.४६ | ३७.८३ |
| ५ | २०७०/०७१ | ७९.४६ | ४०.०१ |

कुटनीतिक VAT Refund तर्फको अबस्थालाई हेर्दा आ.व. २०७०/०७१ मा Claimed Amount ७९.४६ करोडमा ४०.०१ करोड रकम मात्र Accepted गरिएको थियो । त्यसैगरी आ.व. २०७४/०७५ मा आईपुग्दा Claimed Amount ५९.७६ करोडमा ४२.८७ करोड रकम मात्र Accepted गरेको देखिन्छ ।

## २.७.११ प्रशासकीय पुनरावलोकन शाखा

प्रशासकीय पुनरावलोकन शाखाबाट आर्थिक वर्ष २०७४/७५ मा गरेका कार्यहरुको प्रगति विवरण तपशिल बमोजिम रहेको छ ।

| **क.सं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १ | आ.व.२०७३।०७४ बाट जिम्मेवारी सरी आएका निवेदन संख्या | १०४७ |
| २ | आ.व. २०७४।०७५ मा दर्ता हुन आएका निवेदन संख्या | ४०६ |
| ३ | **जम्मा निवेदन संख्या (१+२)** | **१४५३** |
| ४ | **आ.व. २०७४।०७५ मा फर्छ्यौंटभएका निवेदन संख्या** | **१७४** |
| ५ | आ.व. २०७५।०७६ को लागि जिम्मेवारी सरी गएका निवेदन संख्या (३+४) | **१२७९** |

- आ.व. २०७३।०७४ बाट आ.व. २०७४।०७५ को लागि जम्मा १०४७ निवेदन जिम्मेवारी सरी आएको र आ.व. २०७४।०७५ मा जम्मा ४०६ वटा निवेदन प्रशासकीय पुनरावलोकनको लागि दर्ता गरिएका थिए ।

- आ.व. २०७३।०७४ बाट जिम्मेवारी सरि आएका र आ.व. २०७४।०७५ मा दर्ता भएका समेत जम्मा १४५३ निवेदन मध्ये आ.व. २०७४।०७५ मा जम्मा १७४ वटा निवेदनहरू नियमित प्रक्रिया अन्तर्गत फर्छ्यौंट गरिएका छन् ।
- उपर्युक्त अनुसार जिम्मेवारी सरी आएका र नयां दर्ता भएका समेत जम्मा १४५३ निवेदन मध्ये फर्छ्यौंट भएका जम्मा १७४ घटाई वांकी रहेका १२७९ निवेदन आ.व.२०७५।०७५ को लागि जिम्मेवारी सारिएको छ ।

## २.७.१२ बक्यौता शाखा

आ.व. २०७४/०७५ सम्मको अपिलमा गएको समेत जम्मा वक्यौता रकम रु.१४६ अर्ब २१ करोड ३२ लाख २६ हजार रहको छ भने आ.व.२०७४/०७५ को मात्र अपिलमा गएको समेत बक्यौता रकम रु. २५अर्ब ९४ करोड ६३ लाख २८ हजार रहेको छ । वक्यौताको समग्र अवस्थाको सम्बन्धमा तलको निम्न चित्र प्रस्तुत गरिएको छ :-

**आ.व. २०७४।०७५ सम्मको वक्यौताको विवरण**

| | वास्तविक वक्यौता | | अपिलमा गएको | | कुल जम्मा वक्यौता | |
|---|---|---|---|---|---|---|
| वक्यौता | संख्या | रकम | संख्या | रकम | संख्या | रकम रू मा |
| मुल्य अभिबृदि कर | ७६,६३६ | ११,१२९,४४०,५११ | ३०४२ | १२६५०४४२६४८ | ७९,६७८ | २३,७७९,८८३,१५९ |
| आयकर | ३४,७१८ | ८७,७४९,२५२,११४ | २५७४ | ३४६८४०९०९०४ | ३७,२९२ | १२२,४३३,३४३,०१८ |
| TOTAL | **१११,३५४** | **९८,८७८,६९२,६२५** | **५,६१६** | **४७,३३४,५३३,५५२** | **११६,९७०** | **१४६,२१३,२२६,१७७** |

**आ.व. २०७४/७५को मात्र बक्यौताको विवरण**

| | वास्तविक वक्यौता | | अपिलमा गएको | | कुल जम्मा वक्यौता | |
|---|---|---|---|---|---|---|
| वक्यौता | संख्या | रकम | संख्या | रकम | संख्या | रकम रू मा |
| मुल्य अभिबृदि कर | ४२,५३१ | ५,७००,७२०,८११ | ७० | ४५४,३८९,१०१ | ४२,६०१ | ६,१५५,१०९,९१२ |
| आयकर | ५,०४५ | १६,२९४,०६८,५८४ | १४२ | ३,४९७,१४९,५६४ | ५,१८७ | १९,७९१,२१८,१४७ |
| | **४७,५७६** | **२१,९९४,७८९,३९५** | **२१२** | **३,९५१,५३८,६६५** | **४७,७८८** | **२५,९४६,३२८,०५९** |

**करमा स्थाई लेखा नं. नलिएको वक्यौता विवरण २०७४।०७५ सम्म**

| संख्या | रकम |
|---|---|
| १४,९२६ | ७३,९५९,५५४,८०६ |
| | |

**मु.अ. कर नन फाइलर वक्यौता २०७४।०७५ सम्म**

| संख्या | रकम |
|---|---|
| १९,७३० | ४,२१७,७९१,५५४ |
| | |

**आयतन अनुसार आयकर वक्यौता आ.व. २०७४।०७५ सम्म**

| | संख्या | रकम |
|---|---|---|
| २०००० सम्मको | १५,४०६ | ७७,९४९,०४४ |
| २०००१ देखि ५०००० सम्मको | ७०३३ | २२७९९१०६३।८ |
| ५०००१ देखि १००००० सम्मको | ३,९०९ | २७७,४७१,४७४ |
| १००००१ देखि ५००००० सम्मको | ५,२७४ | १,१९९,४०४,९३२ |
| ५००००१ देखि १०००००० सम्मको | १,२६१ | ८९५,२२५,७२६ |
| १००००००१ भन्दा वढि | १,८३३ | ८५,०७१,०८९,८७३ |

**आयतन अनुसार मु.अ.कर वक्यौता आ.व. २०७४।०७५ सम्म**

| | संख्या | रकम |
|---|---|---|
| २०००० सम्मको | ५४,३५५ | २२१,२४३,६३४ |
| २०००१ देखि ५०००० सम्मको | ८,२४६ | २६४,१८५,३७७ |
| ५०००१ देखि १००००० सम्मको | ४,६६० | ३३०,६४०,५३१ |
| १००००१ देखि ५००००० सम्मको | ६,५८२ | १,४६६,७५४,९११ |
| ५००००१ देखि १०००००० सम्मको | १,३८२ | ९६०,७६६,५४४ |
| १००००००१ भन्दा वढी | १,४११ | ७,८८५,८४९,५१४ |

### २.७.१३ कर परीक्षण पुनरावलोकन शाखा

कर परीक्षण पुनरावलोकन शाखाले यस विभाग अन्तर्गतका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयहरुले पूर्ण कर परीक्षणर अनुसन्धानात्मक कर परीक्षण सम्पन्न गरेका करदाताका फाइलहरु छनौट गरी कार्यालयबाट माग गरी आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन, नियम, निर्देशिका, परिपत्र अनुसार गुणस्तरीय रुपमा कर परीक्षण सम्पन्न भए नभएको सन्दर्भमा अध्ययन, विश्लेषण, छानविन गरी थप सुधार गर्नुपर्ने विषय पहिचान गरी आवश्यक कारवाहीका लागि मातहत कार्यालयमा पठाउने, प्रतिवेदन लिने, अनुगमन गर्ने आदि कार्य गर्दछ ।

| सि.नं. | कार्यालयको नाम | गतवर्षको बांकी | यो वर्ष प्राप्त | यस वर्ष पुनरावलोकन भै फिर्ता | बांकी |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | आन्तरिक राजस्व कार्यालय भद्रपुर | ० | २ | १ | १ |
| २ | आन्तरिक राजस्व कार्यालय बिराटनगर | १ | २ | १ | २ |
| ३ | आन्तरिक राजस्व कार्यालय धरान | २ | २ | २ | २ |
| ४ | आन्तरिक राजस्व कार्यालय लाहान | ३ | १ | ३ | १ |
| ५ | आन्तरिक राजस्व कार्यालय जनकपुर | ० | ० | ० | ० |
| ६ | आन्तरिक राजस्व कार्यालय वीरगंज | ० | २ | २ | ० |
| ७ | आन्तरिक राजस्व कार्यालय सिमरा | १ | ० | १ | ० |
| ८ | आन्तरिक राजस्व कार्यालय हेटौंडा | १ | २ | २ | १ |
| ९ | आन्तरिक राजस्व कार्यालय भरतपुर | १ | २ | ० | ३ |
| १० | आन्तरिक राजस्व कार्यालय पोखरा | १ | २ | ३ | ० |
| ११ | आन्तरिक राजस्व कार्यालय बुटवल | २ | १ | १ | २ |
| १२ | आन्तरिक राजस्व कार्यालय भैरहवा | ० | ० | ० | ० |
| १३ | आन्तरिक राजस्व कार्यालय कृष्णनगर | १ | १ | २ | ० |
| १४ | आन्तरिक राजस्व कार्यालय दाङ | ० | ० | ० | ० |
| १५ | आन्तरिक राजस्व कार्यालय नेपालगंज | २ | २ | १ | ३ |
| १६ | आन्तरिक राजस्व कार्यालय धनगढी | ३ | २ | ३ | २ |
| १७ | आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर | १ | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.१ | ७ | ५ | ६ | ६ |
| १९ | आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.२ | ० | ५ | ० | ५ |
| २० | आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.३ | ० | ५ | ० | ५ |
| २१ | आन्तरिक राजस्व कार्यालय भक्तपुर | ३ | २ | ३ | २ |
| २२ | आन्तरिक राजस्व कार्यालय ललितपुर | ३ | २ | ३ | २ |
| २३ | ठूला करदाता कार्यालय | ८ | १० | ५ | १३ |
| २४ | क.से.का.कलकी | ० | २ | १ | १ |
| २५ | क.से.का. कालीमाटी | ० | २ | १ | १ |
| २६ | क.से.का.त्रिपुरेश्वर | ० | १ | ० | १ |
| २७ | क.से.का. नयासडक | २ | ० | २ | ० |
| २८ | क.से.का.पुतलीसडक | १ | १ | १ | १ |
| २९ | क.से.का.ठमेल | १ | १ | ० | २ |
| ३० | क.से.का.टंगाल | ० | २ | ० | २ |
| ३१ | क.से.का.महाराजगंज | १ | १ | १ | १ |
| ३२ | क.से.का.चाबहिल | ० | २ | १ | १ |
| ३३ | क.से.का.कोटेश्वर | ० | १ | ० | १ |
| ३४ | क.से.का.नयाबानेश्वर | ० | २ | १ | १ |
| ३५ | क.से.का.बालाजु | १ | ० | १ | ० |
| ३६ | क.से.का.बत्तिसपुतली | २ | १ | २ | १ |
| **जम्मा** | **४८** | **६७** | **५१** | **६४** | |

### २.७.१४ नीति विश्लेषण शाखा

१.ऐन, नियमावलीको संगालो प्रकाशन:

आयकर ऐन, २०५८ र नियमावली, २०५९ तथा मूल्य अभिबृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ मा आर्थिक ऐन, २०७४ ले गरेका संशोधन समेत समावेश गरी दुई छुट्टा छुट्टै संगालो प्रकाशन गरिएको छ । साथै आ.व.२०६८।०६९ देखि २०७३।०७४ सम्मको परिपत्र सग्रंह समेत तयार गरी प्रकाशन गरिएको ।

२. एकीकृत कर सहिंता सम्बन्धी विधेयकको मस्यौदा तयार गर्ने सम्बन्धमा छलफललाई निरन्तरता दिइएको ।

३. यस शाखाबाट भएका महत्वपूर्ण निर्णयहरूको Scanned Copy विभागको Server मा अभिलेखाङ्कनगरी सुरक्षित गरिएको ।

४. आ.व. २०७४।०७५ को व्यवसायिक कार्य योजना तयार गरी कार्यान्वयन गरिएको ।

५. आ.व २०७५।०७६ का लागि राजस्व नीति पत्र (Policy Paper) तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको ।

६. यस विभागले प्रशासन गर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र अन्य कर सम्बन्धी कानूनमा आर्थिक ऐन मार्फत गर्नु पर्ने संशोधनको तीन महले विवरण तयार पारी अर्थ मन्त्रालयमा पेश गरिएको ।

७. उल्लिखित ऐन सम्वद्ध नियमावलीमा गर्नु पर्ने संशोधनको तीन महले विवरण तयार पारी मन्त्रालयमा पेश गरिएको ।

### २.७.१५ आर्थिक प्रशासन शाखा

आन्तरिक राजस्व विभाग र विभाग अन्तर्गतका कार्यालयको खर्चको बिश्लेषणलाई देहाय अनुसार देखाइएको छ ।

**(क) आन्तरिक राजस्व विभाग**

**चालु खर्चतर्फ**

यस विभागको लागि आर्थिक वर्ष २०७४।०७५ मा चालु खर्चतर्फ जम्मा ८२ करोड ६० लाख बिनियोजन भएकोमा आर्थिक वर्षको अन्तसम्म ५९ करोड ९७ लाख अर्थात ७३% प्रगति भएको छ । यस आ.व.मा विभागका नियमित कार्यक्रमहरू कर दिवस, कर सप्ताह, संकलन, अनुसन्धान तथा अनुगमन सम्बन्धी कार्यहरू, सरसफाई र सुरक्षा लगायतका कार्यहरू सन्तोषजनक ढंगले सम्पन्न भएका छन । अन्त:शुल्क स्टिकर आपूर्तिको लागि दोश्रो, तेश्रो र चौथो खरिद आदेश भई सोही बमोजिम नेपाल राष्ट्र बैंकमा एल.सि. खाता खोली सम्झौता बमोजिम स्टिकर आपूर्ति र रकम भुक्तानी भई रहेको छ ।

**पूंजीगत खर्चतर्फ**

यस विभागको लागि आ.व.२०७४।०७५ मा पूंजीगत खर्चतर्फ ४ करोड ३२ लाख रकम बिनियोजन भएकोमा आर्थिक बर्षको अन्तसम्म ३ करोड ८६ लाख अर्थात ८९ प्रतिशत प्रगति भएको छ । यस आर्थिक वर्षमा विभागको लागि सवारी साधन खरिद, स्विकृत वार्षिक कार्यक्रम अनुसारका मेशिनरी औजारहरू तथा फर्निचरहरू खरिद गर्ने काम सम्पन्न भएका छन् । त्यसैगरी विभाग परिसरमा पालेघर र भण्डार कोठा निर्माण सम्पन्न भएका छन । विभागको भवन मर्मत भएको छ । आन्तरिक राजस्व कार्यालय भैरहवामा डि. आर. सि कोठाको मर्मत भएको छ । समग्रमा पूंजीगत खर्च सन्तोषजनक भएको देखिन्छ ।

### ख) आन्तरिक राजस्व कार्यालयहरू

**चालु खर्चतर्फ**

यस विभाग मातहत रहेका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरू, करदाता सेवा कार्यालयहरू र केही को.ले.नि.का. हरूको लागि समेत जम्मा १ अर्ब ११ करोड ९८ लाख रकम बिनियोजन भएकोमा आर्थिक वर्षको अन्त्य सम्म जम्मा ८३ करोड ३ लाख खर्च भएको छ । यो खर्च कुल विनियोजनको ७४ प्रतिशत हो । स्विकृत वार्षिक कार्यक्रम अनुसार नियमित रूपमा सञ्चालन गर्नुपर्ने कार्यालयका कार्यहरू सम्पादन भएका छन् जस मध्ये कर दिवस, कर सप्ताह, कर जागरण सम्बन्धी बिभिन्न सूचना मूलक कार्यहरू महत्वपूर्ण रहेका छन् ।

**पूंजीगत खर्चतर्फ**

यस विभाग अर्न्तगतका कार्यालयहरूको लागि आ.व. २०७४।०७५ मा जम्मा रू.२७ करोड ९३ लाख रकम बिनियोजन भई आर्थिक वर्षको अन्तसम्म रू.१५ करोड ५६ लाख अर्थात ५६ प्रतिशत खर्च भएको छ । यस अर्बधिमा आन्तरिक राजस्व कार्यालय नेपालगन्ज र विरगन्जमा निर्माणाधीन रहेका कार्यालय भवनहरू निर्माण सम्पन्न भई हस्तान्तरणको अबस्थामा रहेका छन् । आन्तरिक राजस्व कार्यालय पोखरा र धनगढीमा आवास गृह निर्माण भइरहेका छन् । करदाता सेवा कार्यालय रौतहटमा निर्माण सुरू भएको कार्यालय भवनको ड्रइङ्ग डिजाइनमा देखिएको समस्या समाधान भई निर्माणको प्रकृयामा रहेको छ । कार्यालयहरूले स्विकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालनको लागि आवश्यक पर्ने फर्निचर, मेशिनरी औजार र सवारी साधनहरू खरिद कार्य नियमित रूपमा सम्पन्न भएका छन । आन्तरिक राजस्व विभागको प्राथमिकताक्रम (P1) का आयोजनाहरूको समष्टिगत वार्षिक प्रगतिलाई देहायअनुसार उल्लेख गरिएको छ:

### (क) चालु खर्चतर्फ

चालु खर्च ब.उ.शि.नं. ३०५०२०३ तर्फ देहायअनुसार प्रगति भएको छ:

- अन्तशुल्क स्टिकरको खरिद र आपूर्ति नियमित रूपमा भइरहेको ।
- कार्यालयको सरसफाई र सुरक्षा गार्डको व्यवस्था भई कार्यालय सुचारू सञ्चालन भएको ।
- स्टेशनरी र छपाईको आपूर्ति बोलपत्रको माध्यमबाट भएको ।
- व्यवस्थापन गोष्ठी, कर दिवस मनाउने कार्य सफलता साथ सम्पन्न भएको ।
- मातहतका कार्यालयहरूको अनुगमन नियमित रूपमा भएको ।
- अन्तराष्ट्रिय कर शाखाबाट अन्तराष्ट्रिय कर सम्बन्धी शोध र अनुसन्धान भएको ।
- मदिराको गुणस्तर परीक्षणको लागि आवश्यक औजारको व्यवस्था भएको ।
- विभागको नियमित रूपमा बुलेटिन, स्मारिका, वार्षिक प्रतिवेदन लगायतका प्रकाशनहरू भएका ।
- बिभिन्न रेडीयो टेलिभिजन र पत्र पत्रिकाहरूबाट कर जागरण सम्बन्धी विज्ञापनहरू नियमित रूपमा प्रकाशन हुने गरेका ।

चालु खर्च ब.उ.शि.नं. ३०५०२१३ तर्फ देहायअनुसार प्रगति भएको छ:

- कर सप्ताह, कर संकलन, अनुसन्धान तथा अनुगमन सम्बन्धी कार्य भएको ।
- कार्यालयहरूबाट कर जागरण सम्बन्धी बिभिन्न क्रियाकलापहरू सञ्चालन भएको ।

(ख) **पूंजीगत तर्फ:**

**पूंजीगत खर्च ब.उ.शि.नं. ३०५०२०४ तर्फ देहायअनुसारको प्रगति भएको छ :**

- स्विकृत वार्षिक कार्यक्रम अनुसार सवारी साधन, मेशिनरी औजारहरू, फर्निचरहरू खरिद भएको ।
- बिभाग परिसरमा गार्ड क्वाटर, भण्डार कोठा, गाडी पार्किङ्ग सेड, निर्माण भएका ।
- विभागको सूचना प्रविधि शाखाको सिष्टम सञ्चालनको लागि आवश्यक पर्ने मेशिनरी औजार लगायतका सामानहरू खरिद भएको ।
- आ.रा.का भैरहवामा रहेको डि आर सि कोठा मर्मत भएको ।
- विभागको भवन मर्मत भएको ।

**पूंजीगत खर्च ब.उ.शि.नं. ३०५०२१४ तर्फ देहायअनुसारको प्रगति भएको छ :**

- स्विकृत वार्षिक कार्यक्रम अनुसार सवारी साधन र मेशिनरी औजार, फर्निचरहरू खरिद भएको ।
- कार्यालयमा आवश्यकता अनुसार फायल व्यवस्थापन भएको ।
- आ.रा.का नेपालगन्ज र विरगन्जको निर्माणाधीन भवन निर्माण सम्पन्न भई हस्तास्तरणको अवस्थामा रहेका ।
- आ.रा.का पोखरा र धनगढीमा आवासगृह निर्माण भएका ।
- आ.रा.का भरतपुरमा स्टिकर व्यवस्थापनको लागि भाडाको भवन व्यवस्था गरिएको ।
- आ.रा.का हेटौडामा स्टिकर भण्डारको लागि गोदाम घर निर्माण भएको ।

## २.८ काठमाडौं घोषणापत्र २०७४ को प्रगति समिक्षा

वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगो रुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, विद्युतीय सूचना प्रणालीएव छरितो कार्यविधि अवलम्वन गरी कर सहभागिता लागत एवं संकलन लागत न्यून गर्ने उद्देश्यले यस आर्थिक बर्षको राजस्व नीति तथा कार्यक्रम र विभागद्वारा विभिन्न समयमा घोषणा गरिएका प्रतिबद्धता एवं नीतिहरुलाई आत्मसात् गर्दै २०७४ साल भाद्र २० र २१ गते काठमाडौंमा सम्पन्न व्यवस्थापन गोष्ठीबाट आर्थिक वर्ष २०७४/०७५ को लागि २१ बुँदा बमोजिमका कार्य सम्पादन गर्ने सामुहिक प्रतिबद्धता सहित काठमाडौं घोषणापत्र, २०७४ जारी गरिएको थियो । घोषणा पत्रमा उल्लेख भएको २१ बुदा मध्ये ५ वटा बुदा पूर्ण कार्यान्वन भएको, ३ वटा बुंदा आंशिक कार्यान्वयन भएको, ५ वटा बुंदा भर्खरै कार्यान्वयनको चरणमा गएको र ८ वटा बुंदा हालसम्म कार्यान्वयनको प्रकृयामा नरहेको अबस्था छ ।

# भागः ३

# आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण

# ३. आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण

आर्थिक वर्ष २०७४/०७५ मा आन्तरिक राजस्व असुलीको संरचनात्मक अबस्थाको विश्लेषण गर्दा राजस्वको लक्ष्य २ खर्व ९९ अर्ब ९१ करोड ३७ लाख ४५ हजार रहेकोमा असुली २ खर्व ९८ अर्ब ६५ करोड २३ लाख २५ हजार भएको छ। जुन लक्ष्यको तुलनामा ९९.५८ प्रतिशत असुली भएको देखिन्छ। असुली वृद्धिदर अघिल्लो वर्षको तुलनामा १६ प्रतिशत भएको देखिन्छ। शीर्षकगत रुपमा आयकर तर्फ १ खर्व ६७ अर्ब १९ करोड ७५ लाख ६६ हजार लक्ष्य रहेकोमा १ खर्व ५९ अर्ब ८९ करोड ५४ लाख ६७ हजार संकलन भई लक्ष्यको तुलनामा ९६ प्रतिशत संकलन भएको छ। त्यसैगरी मूल्य अभिवृद्धि कर तर्फ आन्तरिक राजस्व विभागलाई७३ अर्ब ८५ करोड ३९ लाख ६५ हजार लक्ष्य दिइएकोमा ७६ अर्ब २१ करोड ९५ लाख ६७ हजार असुली भई लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको छ। आन्तरिक र पैठारी सहितकोमूल्य अभिवृद्धि करको जम्मा लक्ष्य २ खर्व १५ अर्ब ९६ करोड ८७ लाख ९४ हजार रहेकोमा असुली २ खर्व ०६ अर्ब ७७ करोड ९८ लाख ७० हजार भएको छ जुन लक्ष्यको तुलनामा ९६ प्रतिशत प्रगति भएको देखिन्छ (प्रगतिमा मूल्य अभिवृद्धि कर फिर्ताको रकम रु. ५ अर्ब ८८ करोड ३२ लाख २५ हजार समायोजन गरिएको)। जसमा मूल्य अभिवृद्धि करको आन्तरिक तर्फको संकलन रु. ७६ अर्ब २१ करोड ९५ लाख ६७ हजार र पैठारीतर्फको संकलन रु.१३० अर्ब ५६ करोड ३ लाख ३ हजार भई मू.अ.करको आन्तरिक र पैठारीको अनुपात ३७:६३ रहेको छ।

त्यसैगरी अन्त:शुल्क आन्तरिक र पैठारी सहितको जम्मा लक्ष्य रु १ खर्ब ०२ अर्ब ८८ करोड १३ लाख रहेकोमा कूल १ खर्ब ०२ अर्ब ५५ करोड ५० लाख २४ हजार असुली भएको छ जुन लक्ष्यको तुलनामा १०० प्रतिशत प्रगति भएको देखिन्छ। जस अन्तर्गत आन्तरिक तर्फ रु ६० अर्ब ४७ करोड ५६ लाख ९९ हजार पैठारीतर्फ रु ४२ अर्ब ४० करोड ५६ लाख १ हजार संकलन भई आन्तरिक पैठारीको अनुपात ५९:४१ रहेको छ।

**तालिका नं. ८ : आ.व. २०७४/७५ को राजस्व लक्ष्य र प्रगति**

| शीर्षक | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | राजस्वको हिस्सा प्रतिशतमा | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| आयकर | १४९७१६९९५ | १४०३८३५२६ | ९३।७७ | ४७।०१ | ३।५४ |
| वहालकर | ४९१९८७४ | ४५४२९६० | ९२।३४ | १।५२ | ११।९३ |
| व्याजकर | १२५६०६९७ | १४९६८९८१ | ११९।१७ | ५।०१ | ७४।२० |
| आयकर जम्मा | १६७१९७५६६ | १५९८९५४६७ | ९५।६३ | ५३।५४ | ७।८७ |
| मू.अ.कर | ७३८५३९६५ | ७६२१९५६७ | १०३।२० | २५।५२ | २४।७० |
| अन्त:शुल्क | ५६६००२७६ | ६०४७५६९९ | १०६।८५ | २०।२५ | २८।०८ |
| शिक्षा सेवा शुल्क | ९९१५३५ | ९१३०३३ | ९२।०८ | ०।३१ | २३।४३ |
| स्वास्थ्य सेवा शुल्क | १२७०४०३ | ११४८५५९ | ९०।४१ | ०।३८ | ३३।०३ |
| जम्मा | २९९९१३७४५ | २९८६५२३२५ | ९९।५८ | १००।०० | १५।६८ |




*चित्र नं. ५*

आन्तरिक राजस्व संकलनको संरचनागत असुली प्रतिशतको विश्लेषण गर्दा आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, व्याज कर , वहाल कर, स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको हिस्सा क्रमशः ४७.०१, २५.५२, २०.२५, १.५२, ५.०१, ०.३८ र ०.३१ प्रतिशत रहेको छ। संस्थागत आयकर तर्फ क्रमशः घटाउँदै लगी व्यक्तिगत आयकरमा वृद्धि गर्ने विश्वव्यापी प्रवृत्ति रहेको सन्र्दभमा पारिश्रमिक आयको अंश निकै न्यून देखिन्छ। आर्थिक क्रियाकलापमा वृद्धि भएपनि कर तिर्ने वानीको विकास र करदाता शिक्षालाई प्रभावकारी बनाउन नसक्दा व्यक्तिगत आयकरको अंशमा अपेक्षा गरिए अनुरूप वृद्धि गर्न सकिएको छैन। तसर्थ संस्थागत आयकरको तुलनामा व्यक्तिगत आयकर कमै देखिन्छ। मूल्य अभिवृद्धि कर तर्फ विगत बर्षको तुलनामा राजस्व संकलन बढ्दै गएतापनि विगत वर्षको तुलनामा प्रतिशत वृद्धिमा कमी आएको छ। करको संभाव्यता अनुरूप अझै पूर्ण रूपमा कर संकलन हुन नसकेको देखिन्छ। मूल्य अभिवृद्धि करको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने राज्यसँग जनताको अन्तरसंवाद, कर प्रशासनको प्रभावकारितामा कमी, न्यून विजकीकरण र विल लिने दिने वानीमा परिवर्तन ल्याउन नसकिएको कारण राजस्वमा सोचे अनुसारको योगदान वृद्धि गर्न नसकिएको हो। अन्तःशुल्क प्रशासनका कार्यप्रणाली र कार्यविधि अझै पनि पूर्ण रुपमा स्वचालित बनाउन नसकिएको अवस्था छ। यसलाई आधुनिकीकरण गर्दै स्वचालित रुपमा प्रयोगमा लैजानु पर्ने प्रकृयाको थालनी भएपनि पूरा गर्न केही समय पर्खनु पर्ने अवस्था छ। अन्तःशुल्कको प्रणालीगत सुधार गरी कार्यान्वयनमा ल्याउन सकिएमा चुहावट नियन्त्रण हुन गई राजस्व असुलीमा यसको योगदान बढ्ने निश्चित छ।

## ३.१ कुल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंश

**तालिका ९: आ.व.२०७४।७५ को शीर्षकगत राजस्व संकलन**

| राजस्वशीर्षक | राजस्वको हिस्सा प्रतिशतमा |
|---|---|
| आयकर | ४७।०१ |
| वहालकर | १।५२ |
| व्याजकर | ५।०१ |
| आयकर जम्मा | ५३।५४ |
| मू.अ.कर | २५।५२ |
| अन्तःशुल्क | २०।२५ |
| शिक्षा सेवा शुल्क | ०।३१ |
| स्वास्थ्य सेवा शुल्क | ०।३८ |
| जम्मा | १००।०० |




*चित्र नं. ६*

आ.व. २०७४/७५ मा आन्तरिक राजस्वको शीर्षकगत असुलीको प्रतिशतलाई माथि प्रस्तुत गरिएको छ। सवैभन्दा बढी योगदान आयकरको ४७.०१ प्रतिशत रहेको छ भने त्यसपछि दोस्रो स्थानमा मूल्य अभिवृद्धि करको योगदान २५.५२ प्रतिशत रहेको छ। अन्त:शुल्कको आन्तरिक राजस्व असुलीमा योगदान २०.२५ प्रतिशत रहन गएको छ। व्याजकरको योगदान ५.०१ प्रतिशत छ भने वहालकरको योगदान १.५२ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको अंश क्रमश: ०.३८ र ०.३१ प्रतिशत रहेको छ।

## ३.२ विगत आठ वर्षको राजस्व संकलनको अवस्था

तलको तालिकामा आर्थिक वर्ष २०६७/०६८ देखि आर्थिक वर्ष २०७४/७५ सम्म प्रत्येक आर्थिक वर्षमा मूल्य अभिवृद्धि कर, आयकर तथा अन्त:शुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर र व्याज कर संकलनको प्रगति प्रस्तुत गरिएको छ। आ.व. २०६७/६८ देखि २०७४/०७५ सम्म आन्तरिक राजस्वमा क्रमिक रुपमा वृद्धि भएको पाइन्छ। आ.व. २०७०/०७१ बाट स्वास्थ्य सेवा करको असुली गर्ने गरी लक्ष्य राखिंदै आएको छ। आ.व. २०६७/०६८ मा आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्कको असुली क्रमश: ४७.९२, २२.३९ र १५.८९अर्ब रहेको थियो जुन आ.व. २०७४/०७५ सम्म आइपुग्दा क्रमश: रु १५९.९०, रु ७६.२२ र रु ६०.४८अर्ब रहेको छ। त्यस्तै शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको संकलन क्रमश: ९१ करोड र १ अर्ब १५ करोड रहेको छ।

तालिकानं. १० विगत ८ वर्षको राजस्व संकलन रु. अर्वमा

| Revenue Heading | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|---|---|
| House Rent Tax | 1.15 | 1.52 | 1.96 | 2.38 | 2.66 | 3.33 | 4.06 | 4.54 |
| Interest Tax | 4.17 | 5.38 | 5.55 | 6.16 | 6.13 | 6.85 | 8.59 | 14.97 |
| Income Tax | 42.6 | 52.33 | 67.02 | 69.38 | 79.67 | 106.96 | 135.58 | 140.38 |
| **Total Income Tax** | **47.92** | **59.23** | **74.53** | **77.92** | **88.46** | **117.14** | **148.24** | **159.90** |
| Excise( Internal) | 15.89 | 19.92 | 22.06 | 27.4 | 31.05 | 36.19 | 47.22 | 60.48 |
| VAT(Internal) | 22.39 | 25.64 | 28.49 | 34.39 | 39.56 | 49.82 | 61.12 | 76.22 |
| Health Service Tax | 0 | 0 | 0 | 0.44 | 0.56 | 0.72 | 0.86 | 1.15 |
| Education Service Fee | 0.18 | 0.22 | 0.32 | 0.43 | 0.46 | 0.57 | 0.74 | 0.91 |
| **Total Tax Rev.** | **86.2** | **104.79** | **125.08** | **140.58** | **160.09** | **204.43** | **258.17** | **298.65** |




*चित्र नं. ७*

## ३.३ मूल्य अभिवृद्धि कर आन्तरिक र पैठारी संकलन अनुपात

आर्थिक वर्ष २०६४/६५ मा जम्मा मूल्य अभिवृद्धि कर संकलन रु. ३० अर्ब १२ करोड रहेकोमा आन्तरिक तर्फ ११ अर्ब ११ करोड र पैठारी तर्फ रु १९ अर्ब १ करोड संकलन भई आन्तरिक र पैठारी तर्फको अनुपात ३७:६३ रहेको देखिन्छ। आर्थिक वर्ष २०६९/७० मा जम्मा मूल्य अभिवृद्धि कर संकलन ८३ अर्ब ५० करोड रहेकोमा आन्तरिक तर्फ २८ अर्ब ४९ करोड र पैठारी तर्फ ५५ अर्ब १ करोड संकलन भई यसको अनुपात ३४:६६ को रहेको देखिन्छ। आ. व २०७४/०७५मा आइपुग्दा मू.अ.कर संकलन रु.२०६अर्ब ७७ करोड ९८ लाख ७० हजार भएकोमा आन्तरिक तर्फ ७६ अर्ब २१ करोड ९५ लाख ६७ हजार र पैठारीतर्फ १३०अर्ब ५६ करोड ३ लाख ३ हजार संकलन भई आन्तरिक पैठारी अनुपात ३७:६३ रहेको छ (मूल्य अभिवृद्धि कर फिर्ता रु ५ करोड ८८ लाख ३२ हजार २५ लाख लाई पैठारीतर्फ संकलन भएको मूल्य अभिवृद्धि करबाट घटाइएको)।

आ.व. २०६४/६५ मा मू.अ.कर संकलनको वृद्धि १७ प्रतिशत रहेको थियो भने यो वृद्धिदर २०६६/६७ मा सबैभन्दा बढी ३५.११ प्रतिशत भएकोमा २०६७/६८ मा १५.०२ प्रतिशत भएको देखिन्छ भने आ.व. २०७०/७१ मा मूल्य अभिवृद्धि कर संकलनको वृद्धि २०.९२ प्रतिशत रहँदा आर्थिक वर्ष २०७१/७२ मा १५ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यसैगरी आ.व. २०७२/०७३ मा मूल्य अभिवृद्धि कर संकलनको वृद्धिदर १२ प्रतिशत रहृयो। त्यस्तै आ.व. २०७३/०७४ मा आईपुग्दा २५ प्रतिशत रहेको मूल्य अभिवृद्धि कर संकलनको वृद्धिदर आ.व. २०७४/०७५ मा आइपुग्दा २९ प्रतिशत रहेको छ।

**तालिका नं. ११ आन्तरिक र पैठारीको मूल्य अभिवृद्धि करको अबस्था**

| **मू.अ.कर** | **आयात** | **आन्तरिक** |
|---|---|---|
| मू.अ.कर रकम (रु अर्बमा) | १३०.५६ | ७६.२२ |
| प्रतिशतमा | ६३ | ३७ |

**तालिका नं. १२ : मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारी संकलन अनुपात**

| Tax Heading | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|---|---|---|
| VAT( INTERNAL) (Rs.bn) | 19.1 | 22.39 | 25.64 | 28.49 | 34.4 | 39.55 | 49.82 | 61.12 | 76.22 |
| VAT( IMPORT ) (Rs.bn) | 34.54 | 39.31 | 46.54 | 55.01 | 66.57 | 78.94 | 77.94 | 105.34 | 130.64 |
| VAT Collection(Rs.bn) | 53.64 | 61.7 | 72.18 | 83.5 | 100.97 | 118.49 | 127.75 | 166.46 | 206.86 |
| Ratio(Internal:Import) | 36:64 | 36:64 | 36:64 | 34:66 | 34:66 | 33:67 | 39:61 | 37:63 | 37:63 |
| VAT Collection on Total Revenue(%) | 35.11 | 15.02 | 16.99 | 15.68 | 20.92 | 29.2 | 26.52 | 27.33 | 28.25 |

माथिको तथ्यांकलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६६/६७ मा मूल्य अभिवृद्धि कर संकलनको आन्तरिक र पैठारी तर्फको अनुपात ३६:६४ रहेको देखिन्छ। यो अनुपातमा त्यसपछिका केही वर्षहरुमा आन्तरिक मू.अ.करको हिस्सा घटदै र पैठारी मू.अ.करको हिस्सा बढ्दै गएको देखिन्छ। जुन आ.व. २०७१/०७२ मा आईपुग्दा आन्तरिक मू.अ.करको अंश ३३ र पैठारी मू.अ.करको हिस्सा ६७ प्रतिशत भएको देखिन्छ। आ.व. २०७१/०७२ भन्दा पछिका वर्षमा भने आन्तरिक मू.अ.करको हिस्सा बढेको छ जुन अनुपात आ.व २०७२/७३ ३९:६१, आ. व २०७३/०७४ र आ.व. मा ३७:६३ रहेको छ। आ.व. २०७४/७५ मा पनि आन्तरिक मू.अ.कर र पैठारी मू.अ.करको अनुपात गत आ.व.कै यथावत ३७:६३ को अनुपात रहेको छ।

## ३.४ शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ)

शीर्षकगत मूल्य अभिवृद्धि कर संकलनलाई हेर्दा ठेक्का परामर्श तर्फ आ.व. २०६५/६६ मा रु १.६ अर्ब, आ.व. २०६६/६७ मा २.१९ अर्ब, २०६७/६८ मा ३.१२ अर्ब, २०६८/६९ मा ४.७७अर्ब, २०६९/७० मा ५.४९ अर्ब, २०७०/७१ मा ५.८५ अर्ब, २०७१/७२ मा ६.५४ अर्ब, आ.व. २०७२/७३ मा रु ८.२४ अर्ब, आ.व. २०७३/७४ मा रु. १०.२० अर्ब संकलन भएकोमा आ.व. २०७४/७५ मा रु १३.९४ अर्ब संकलन भई ३७ प्रतिशतको वृद्धिदर रहेको देखिन्छ। पर्यटन उद्योग तर्फ आ.व. २०६५/६६ मा ०.८४ अर्ब रहेकोमा २०६७/६८ मा १.१२ अर्ब पुगेकोमा २०६८/६९ केही घट्न गई १.०६ अर्ब, आ.व. २०६९/७० देखि वृद्धि हुँदै २०७१/७२ मा १.७६ अर्ब पुगेकोमा आ.व. २०७२/७३ मा केही घट्न गई १.४० अर्ब, २०७३/७४ मा १.८७अ र्ब र २०७४/७५ मा रु २.१६ संकलन भएको छ। यसैगरी उत्पादन र बिक्री वितरण तर्फ मूल्यअभिवृद्धि कर आ.व. २०६५/६६ देखि आ.व. २०७४/७५ सम्म वृद्धि हुँदै गएको देखिन्छ। उत्पादन तर्फ आ.व. २०७३/७४ मा रु २१.२० अर्ब संकलन भएकोमा आ.व. २०७४/७५ मा रु २६.०८ अर्ब संकलन भई २३ प्रतिशतको वृद्धिदर रहेको छ। बिक्री वितरण तर्फआ.व. २०७३/७४ मा रु १५.०१ अर्ब संकलन भएकोमा आ.व. २०७४/७५ मा रु १८.७४ अर्ब संकलन भई २५ प्रतिशत वृद्धिदर रहेको छ। अन्य सेवातर्फ २०७३/७४ मा १०.२५ अर्ब मू.अ.कर संकलन भएकोमा आ.व. २०७४/७५ मा रु ११.२६ अर्ब संकलन भएको छ। रिभर्स चार्ज तर्फ आ.व. २०६५/६६ देखि आ.व. २०६७/६८ सम्म वृद्धि भएकोमा आ.व. २०६८/६९ मा केही घट्न गएको देखिन्छ। आ.व. २०६९/७० देखि पुनः वृद्धि हुँदै आ.व. २०७१/७२ मा रु २.०५ अर्ब संकलन भएकोमा आ.व. २०७२/७३ मा घट्न गई २ अर्बमा सीमित भएकोमा आ.व. २०७३/७४ मा रु. २.५७अर्ब संकलन भएको छ जुन आ.व. २०७४/७५ मा ४ अर्ब संकलन भई ५५ प्रतिशतको वृद्धिदर रहेको छ। पर्यटन उद्योग, अन्य सेवा र रिभर्स चार्ज तर्फ उतार चढाव देखिएता पनि उत्पादन, विक्री वितरण र ठेक्का परामर्शमा मूल्यअभिवृद्धि कर वृद्धि हुँदै गएको देखिन्छ। आ.व. २०७३/७४ मा कूल आन्तरिक मूल्य अभिवृद्धि कर संकलन ६१.२२अर्ब ८२ करोड भएकोमा आ.व. २०७३/७४ मा रु. ७६.१८ अर्ब संकलन भएको छ जुन गत आ.व.को संकलनको तुलनामा १२५ प्रतिशतले बढी हो।

तालिका १३:मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन रू. अर्बमा

| Tax Heading | 2065/66 | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Tourism Industries | 0.84 | 0.94 | 1.12 | 1.06 | 1.2 | 1.43 | 1.76 | 1.4 | 1.87 | 2.16 |
| Reverse Charge | 0.84 | 0.94 | 1.12 | 0.72 | 1.32 | 1.64 | 2.05 | 2 | 2.57 | 3.99 |
| Contract & Consultancy | 1.6 | 2.19 | 3.12 | 4.77 | 5.49 | 5.85 | 6.54 | 8.24 | 10.2 | 13.94 |
| Other Services | 5.05 | 6.65 | 7.13 | 5.1 | 4.35 | 6.22 | 7.14 | 8.64 | 10.26 | 11.26 |
| Sales and Distribution | 2.37 | 3.3 | 4.25 | 5.55 | 6.39 | 7.89 | 9.22 | 13.34 | 15.02 | 18.74 |
| Production | 4.06 | 6.02 | 6.77 | 8.4 | 9.77 | 11.32 | 12.86 | 16.2 | 21.2 | 26.08 |
| Total VAT | 14.76 | 20.04 | 23.51 | 25.61 | 28.52 | 34.36 | 39.56 | 49.82 | 61.12 | 76.18 |




*चित्र नं. ८*

माथिको शीर्षकगत मूल्य अभिवृद्धि करको संकलनको Trend विश्लेषण गर्दा उत्पादन, विक्रि वितरण र ठेक्का तथा परामर्श शीर्षकबाट संकलन हुने मू.अ.करको वृद्धिदर सन्तोषजनक नै रहेको छ। विगत १० वर्षको तथ्यांकलाई विश्लेषण गर्दा आ.व. २०६५/०६६ को आधारमा आ.व. २०७४/७५ मा आइपुग्दा उत्पादन, बिक्रि वितरण र ठेक्का तथा परामर्शको मू.अ.करमा क्रमश: ६४२, ७९१ र ८७१ प्रतिशत संकलन भएको छ। त्यस्तै रिभर्स चार्जबाट संकलन हुने मू.अ.करमा आ.व. २०६५/६६ को तुलनामा ४७५ प्रतिशत संकलन भएको छ। अन्य सेवा र पर्यटन शीर्षकबाट प्राप्त हुने मू.अ.करमा भने आशातित सुधार हुन सकेको छैन जसको आ.व. २०६५/०६६ को तुलनामा वृद्धिदर क्रमश: २२३ र २५७ प्रतिशत मात्र संकलन भएको छ।

## ३.५ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था

आ.व २०७४/०७५ मा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर संकलन रु. ७६.२२ अर्ब रहेको पाइन्छ। जसमा प्रत्येक क्षेत्रको योगदानलाई निम्नानुसार उल्लेख गरिएको छ।

तालिका नं. १४ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था

| Tax Heading | VAT Collection (In Billion) | Contribution on Total Internal VAT Collection |
|---|---|---|
| Tourism Industries | 2.16 | 2.83% |
| Reverse Charge | 3.99 | 5.23% |
| Contract & Consultancy | 13.94 | 18.29% |
| Other Services | 11.26 | 14.77% |
| Sales and Distribution | 18.74 | 24.59% |
| Production | 26.08 | 34.22% |
| Total VAT | 76.22 | 100.00% |




*चित्र नं. ९*

## ३.६ शीर्षकगत आयकर संकलनको संरचना

